"अभियोजनमा सुधार र व्यवसायिकता विकास"

# करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी

# अध्ययन प्रतिवेदन, २०८१

प्रकाशक

**महान्यायाधिवक्ताको कार्यालय**

रामशाहपथ, काठमाडौं

# अध्ययन कार्यदल

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | अनुगमनकर्ता |
| सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल | संयोजक |
| सहन्यायाधिवक्ता श्री अच्यूतमणि नेउपाने | सदस्य |
| उपन्यायाधिवक्ता श्री प्रकाश गौतम | सदस्य |
| उपन्यायाधिवक्ता श्री विवेककुमार बराल | सदस्य |
| उपन्यायाधिवक्ता श्री बाबुराम भट्टराई | सदस्य |
| उप-सचिव श्री विमला पौडेल | सदस्य |
| प्रहरी उपरिक्षक श्री बाल नरसिंह राणा | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्री | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री अनुकूल वारकोटी | सदस्य-सचिव |


प्रकाशनः **महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

प्रकाशन मितिः २०८१ असार

प्रकाशन संख्याः १००० (एक हजार) प्रति

# सम्पादकीय

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनबाट संस्थागत सुधार र व्यवसायीकता विकासमा केही उपलब्धी हासिल भएको छ । यसैगरी सरकारी वकीलको कार्य सम्पादन सुधारका लागि वर्षेनी अनुसन्धानमूलक अध्ययन हुँदै आएका छन् । सोही कार्यको निरन्तरता स्वरुप प्रस्तुत अनुसन्धानमूलक अध्ययन भएको हो । प्रस्तुत अध्ययनमा नेपालमा यौनजन्य अपराधमा अनुसन्धान भई अदालत समक्ष दायर भएका कसूरको प्रवृति, यसको संख्यामा भएको वृद्धि र यसको कारण, यौनजन्य कसूरको अनुसन्धान र अभियोजन गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरु, कानून र व्यवहार, हाम्रो अनुसन्धान र अभियोजनमा उठ्ने गरेको प्रश्न तथा जबरजस्ती करणीको सम्बन्धमा नेपालको सर्वोच्च अदालतको दृष्टिकोण लगायतका विषयहरुलाई समेटिएको छ । यसैगरी हाल कार्यान्वयनमा रहेको कानूनमा रहेका अनुसन्धान तथा अभियोजन सम्बन्धी प्रावधानहरुको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या तथा सुधारका क्षेत्रहरु, कानूनी व्यवस्थामा गरिनुपर्ने समयानुकूल संशोधन, लगायतका विषयहरु समेत यस अध्ययनमा समेटिएका छन् ।

यस प्रकाशनले सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउने देखिन्छ । यो अध्ययनमा प्रस्ताव गरिएका सुझावहरु कार्यान्वयन योग्य रहको कार्यदलको अपेक्षा रहेको छ । प्रस्तुत अध्ययनको क्रममा विवरण सूचना उपलब्ध गराइ सहयोग गर्नु हुने सबै निकाय र पदाधिकारी एवं विज्ञहरु प्रति कार्यदलको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौं ।

यस प्रतिवेदन तयार तथा सम्पादन गर्ने कार्यमा अथक परिश्रम गर्नुहुने सबै सदस्यहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । प्रतिवेदनमा भएका त्रुटि कमजिरीका लागि क्षमा याचना गर्दछौं । यसैगरी, अध्ययनमा सहयोग गर्नुहुने काठमाडौं स्कूल अफ ल, भक्तपुरबाट खटिनुभएका इन्टर्नहरु श्री ओशिका जोशी, श्री प्रयास सापकोटा र श्री सुदन सिंह ठकुरीलाई समेत धन्यवाद ज्ञापन गर्दछौं ।

२०८१ साल असार

**सम्पादक मण्डल**

# विषय सूची

**परिच्छेद एक**

प्रारम्भिक १
१.१ परिचय १
१.२. कार्यदलको गठन र कार्यादेश १
१.३ अध्ययनको उद्देश्य ३
१.४ अध्ययन विधि ३
१.५ सीमा र संरचना ४

**परिच्छेद दुई**

करणी सम्बन्धी कसूर सम्बन्धमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनी व्यवस्था ५
२.१. नेपालका कानूनहरु ५
२.२. अन्तर्राष्ट्रिय कानूनी व्यवस्था १६

**परिच्छेद तीन**

करणी सम्बन्धी कसूरको पूर्व अध्ययनको समीक्षा २४
३.१. जबरजस्ती करणी सम्बन्धी कानूनको तुलनात्मक विश्लेषण २४
३.२. जबरजस्ती करणी अपराधका मुद्दा र पीडितलाई न्याय २४
३.३. संघीय संसद, कानून न्याय तथा मानव अधिकार समिति २४

**परिच्छेद चार**

संकलित सूचना/तथ्याङ्क र सोको विश्लेषण २६

**परिच्छेद पाँच**

अध्ययनबाट देखिएका तथ्यहरु (Findings) ५७

**परिच्छेद छ**

अध्ययनको निष्कर्ष (Conclusion) ५९

**परिच्छेद सात**

सिफारिस (Recommendations) ६१

# अनुसूचीहरु

**अनुसूची – १**

**मिसिल / निर्णय अध्ययनको एकीकृत तालिका** ६२

(क) सुरू मिसिल अध्ययनः ६२

(ख) पुनरावेदन तहको मिसिल अध्ययनको एकिकृत तालिका ११३

(ग) उच्च सरकारी वकील कार्यालयहरूबाट भएका मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने गरी भएका निर्णयको सर्वेक्षण १३१

**अनुसूची – २**

अनुसन्धान अधिकारीबाट र सरकारी वकीलबाट प्राप्त प्रश्नावली १३७

क. अनुसन्धान अधिकारीबाट प्राप्त प्रश्नावली १३७

(ख) सरकारी वकीलबाट प्राप्त प्रश्नावली १४१

(ग) पुनरावेदन तहमा कार्यरत सरकारी वकीलबाट प्राप्त प्रश्नावली १४६

**अनुसूची – ३**

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अध्ययनको तालिका १४९

# परिच्छेद एक
# प्रारम्भिक

## १.१ परिचय

महिलाको इच्छा विपरीत शरीरको अनतिक्रम्यतालाई अपहरण गरी जबरजस्ती करणी गर्नु कानून विपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिक मर्यादा विपरीतको कार्य मान्दछ । यौनजन्य कसूर सम्बन्धी कानूनमा भएका प्रावधानहरुले सजायमा गरेको बढोत्तरी सँगसँगै यस्ता कसूरको संख्यामा देखिएको वृद्धि, यौनजन्य कसूरमा बालबालिकामा देखिएका प्रवृति यसको कार्यान्वयनका क्रममा अनुसन्धानमा, अभियोजनमा र न्याय निरोपणमा देखिने गरेका चुनौतीहरु दिनप्रतिदिन बढ्दो क्रममा रहेको छ । जबरजस्ती करणीजन्य कसूरको अवधारणामा आएका परिवर्तनहरुले यौनजन्य कसूरमा नयाँ मान्यतालाई अगाडि सार्दै पुरुषले महिला वा बालिकाका विरुद्ध मात्र यौनजन्य कसूर गर्छ भन्ने बुझाइलाई चिर्दै महिलाले महिलाका विरुद्ध र महिलाले पुरुष विरुद्ध यस्ता कसूर गर्छन भन्ने मान्यता अगाडि सरेको देखिन्छ । आफन्त, नातागोता, इष्टमित्र, छिमेकी भनेका सधै संरक्षक मात्र हुन् अपरिचित व्यक्तिबाट मात्र यौनजन्य कसूर हुन्छ" भन्ने मान्यता पछाडि परी सकेको देखिन्छ । पछिल्लो समयमा आफन्त, नातागोता, इष्टमित्र, छिमेकि संरक्षक र चिनजानका व्यक्तिहरुबाट नै महिला तथा बालबालिकाहरु सबैभन्दा धेरै यौनजन्य हिंसामा परेको तथ्याङ्कले देखाउने गरेको छ । यसैले यस्तै नाता सम्बन्ध भएकाहरुबाट नै महिला तथा बालिकाहरु सबैभन्दा धेरै जोखिममा रहेका छन् । नेपालमा यौनजन्य अपराधमा अनुसन्धान भई अदालत समक्ष दायर भएका कसूरको प्रवृति, यसको संख्यामा भएको वृद्धि र यसको कारण, यौनजन्य कसूरको अनुसन्धान र अभियोजन गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरु, कानून र व्यवहार, हाम्रो अनुसन्धान र अभियोजनमा उठ्ने गरेको प्रश्न तथा जबरजस्ती करणीको सम्बन्धमा नेपालको सर्वोच्च अदालतको दृष्टिकोण लगायतका विषयहरुलाई प्रस्तुत अध्ययनमा समेटिएको छ । हामी कहाँ यौनजन्य कसूरबाट पीडित भएका र सोही घटनामा साक्षीको रुपमा अदालत समक्ष पेश गरीने साक्षीहरुको संरक्षणका केही कार्यक्रमहरु लागू गरिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । पिडकको अनुचित प्रभाव, दवाव र प्रलोभनमा परेर सही कुरा व्यक्त गर्न नसक्ने र न्यायिक प्रकृयामा सहभागी हुँदा पीडक पक्षबाट हुन सक्ने त्रासका कारण साक्षी प्रतिकूल बकपत्र गर्ने (होस्टाइल) हुने गरेका छन् । मानव अधिकारका विभिन्न महासन्धिहरुको पक्ष भएसँगै नेपालले मानव अधिकारका लागि अन्तर्राष्ट्रिय दायित्व वहन गर्नुपर्ने हुन्छ । हाल कार्यान्वयनमा रहेको कानूनमा रहेका अनुसन्धान तथा अभियोजन सम्बन्धी प्रावधानहरुको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या तथा सुधारका क्षेत्रहरु, कानूनी व्यवस्थामा गरिनुपर्ने समयानुकूल संशोधन, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा निर्देशात्मक आदेश लगायतका विषयहरुलाई यस अध्ययनमा समेटिने छ ।

## १.२. कार्यदलको गठन र कार्यादेश

करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन विषयमा अनुसन्धानमूलक अध्ययन गरी अनुसन्धान प्रतिवेदन प्रस्तुत गर्न देहाय बमोजिमको कार्यदल गठन भएको थियो ।

| पद, नाम | जिम्मेवारी |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | अनुगमनकर्ता |

| पद, नाम | जिम्मेवारी |
|---|---|
| सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल | संयोजक |
| सहन्यायाधिवक्ता श्री अच्यूतमणि नेउपाने | सदस्य |
| उपन्यायाधिवक्ता श्री प्रकाश गौतम | सदस्य |
| उपन्यायाधिवक्ता श्री विवेककुमार बराल | सदस्य |
| उपन्यायाधिवक्ता श्री बाबुराम भट्टराई | सदस्य |
| उप-सचिव श्री विमला पौडेल, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सदस्य |
| प्रहरी उपरीक्षक श्री बाल नरसिंह राणा | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्री | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री अनुकूल वारकोटी | सचिव-सदस्य |

कार्यदलको कार्यादेश देहाय बमोजिम रहेको छः

१. भौगोलिक क्षेत्र (सबै प्रदेशको) समानुपातिक प्रतिनिधित्व हुने गरी अदालतको तीनवटै तहमा विचाराधिन जबरजस्ती करणी (करणी सम्बन्धी कसूर) मुद्दाका चालु मिसिलका अभियोगपत्र, पुनरावेदनपत्र लगायत आवश्यक कागजात विद्युतीय माध्यमबाट प्राप्त गरी अध्ययन, विश्लेषण गर्ने,

२. कानून कार्यान्वयन गर्ने अधिकारी (अनुसन्धान अधिकृत, सरकारी वकील, न्यायाधीश, प्रतिरक्षी कानून व्यवसायी, विषय विशेषज्ञ आदि) लाई लक्षित गरी प्रश्नावली वा अन्तरवार्ताका लागि प्रश्न तयार गरी यथोचित प्रतिनिधित्व हुने गरी जवाफ प्राप्त गरी सोको सर्वेक्षण र विश्लेषण गर्ने,

३. निश्चित अवधिलाई आधार मानी करणी सम्बन्धी कसूरका विभिन्न प्रवृत्ति र प्रकृतिका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको सर्वेक्षण र विश्लेषण गर्ने,

४. प्रचलित कानून, नीति, निर्देशिका, पूर्व अध्ययन सामग्री एवं अध्ययन, संकलन गरिएका तथ्य र तथ्याङ्कका आधारमा स्वीकृत ढाँचामा अनुसन्धान प्रतिवेदनको मस्यौदा तयार गर्ने,

५. अनुसन्धान प्रतिवेदन तयार गर्दा करणी सम्बन्धी कसूरको प्रवृत्ति, कसूर गर्दाको तौर तरिकाको विश्लेषण गर्नुका साथै कानून कार्यान्वयनको अवस्था र अनुसन्धान तथा अभियोजनका सन्दर्भमा सुधार गर्नुपर्ने विषय पहिचान गर्ने,

६. अनुसन्धान समूहबाट तयार भएको अनुसन्धान प्रतिवेदनलाई सम्भव भएसम्म सम्बन्धीत विज्ञसमेतको सहभागितामा राष्ट्रिय कार्यशाला आयोजना गरी सुझाव लिई अन्तिम रूप दिने र महान्यायाधिवक्ताको कार्यालयको निर्णय बमोजिम प्रतिवेदनको छपाई सम्बन्धी आवश्यक कार्य गर्ने,

७. भौगोलिक क्षेत्र (सबै प्रदेशको) समानुपातिक प्रतिनिधित्व हुने गरी अदालतको तीनवटै तहमा विचाराधिन जबरजस्ती करणी (करणी सम्बन्धी कसूर) मुद्दाका चालु मिसिलका अभियोगपत्र, पुनरावेदनपत्र लगायत आवश्यक कागजात विद्युतीय माध्यमबाट प्राप्त गरी अध्ययन, विश्लेषण गर्ने ।

## १.३ अध्ययनको उद्देश्य

- करणी सम्बन्धी कसूरको समग्र स्थितिका सम्बन्धमा जानकारी प्राप्त गर्ने,
- करणी सम्बन्धी कसूरको प्रवृत्ति, कसूर गर्दाको तौरतरिकाको विश्लेषण गर्नुका साथै कानून कार्यान्वयनको अवस्था र अनुसन्धान तथा अभियोजनका सन्दर्भमा सुधार गर्नुपर्ने विषय पहिचान गर्ने,
- करणी सम्बन्धी कसूरका विभिन्न प्रवृत्ति र प्रकृतिका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको सर्वेक्षण र विश्लेषण गर्ने
- करणी सम्बन्धी कसूर सम्बन्धी कानूनको कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने,

## १.४ अध्ययन विधि

यस अध्ययनमा मूलतःकानूनी सैद्धान्तिक (Doctrinal) नै हो । तर केही छानिएका सरोकारवालाबाट प्रश्नावली वा अन्तरवार्ताको माध्यमबाट सामाजिक कानूनी (Socio-Legal) अध्ययन गर्ने प्रयास गरिने छ । प्रस्तुत अध्ययनमा देहायका विधिहरु अवलम्वन गरिएको छः

- **कानूनको सर्वेक्षण**ः करणी सम्बन्धी कसूर सम्बन्धी ऐन नियम, निर्देशिका तथा अन्य कानूनी व्यवस्थाहरुको अध्ययन/सर्वेक्षण, समयानुकूल सुधारका क्षेत्रहरु पहिचान गरिएको छ ।
- **प्रश्नावली**ः करणी सम्बन्धी कसूर सम्बन्धी कानूनी व्यवस्था तथा कार्यान्वयनमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रश्नावली तयार गरी करणी सम्बन्धी कसूर मुद्दाको अनुसन्धान गर्ने प्रहरी अधिकृत तथा अभियोजन गर्ने सरकारी वकीललाई उपलब्ध गराई प्राप्त सूचनाको तालिकीकरण र विश्लेषण गरिएको छ ।
- **अन्तरवार्ता**ः करणी सम्बन्धी कसूर सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा संलग्नविज्ञ व्यक्तित्वहरुसँग अन्तरवार्ताको माध्यमबाट कानूनका सैद्धान्तिक एवम् व्यावहारिक विषयमा सूचना संकलन गरिएको छ ।
- **अभियोगपत्र अध्ययन**ः भौगोलिक क्षेत्र (सबै प्रदेशको) समानुपातिक प्रतिनिधित्व हुने गरी अदालतको तीनवटै तहमा विचाराधिन करणी सम्बन्धी कसूर सम्बन्धी मुद्दाका चालु मिसिलका अभियोगपत्र, पुनरावेदनपत्र लगायत आवश्यक कागजात विद्युतीय माध्यमबाट प्राप्त गरी अध्ययन, विश्लेषण गरिएको छ ।
- **सर्वोच्च अदालतबाट भएका आदेशको सर्वेक्षण**ः सर्वोच्च अदालतबाट करणी सम्बन्धी कसूर सम्बन्धी मुद्दामा प्रतिपादन भएका प्रकाशित तथा अप्रकाशित खासगरी अपराध अनुसन्धान तथा अभियोजनका सम्बन्धमा भएका टिप्पणी, निर्देशनात्मक आदेशहरुको संकलन गरी कसूर कायमको स्थिति, अपराध अनुसन्धान र अभियोजनका सम्बन्धमा भएका आदेश, निर्देशन, टिप्पणी एवं मार्गदर्शनको सर्वेक्षण र त्यसको कार्यान्वयनको अवस्थाको अध्ययन र विश्लेषण गरिएको छ ।
- **पूर्व अध्ययनको समीक्षा**ः करणी सम्बन्धी कसूर सम्बन्धी विभिन्न निकायबाट गरिएका मुख्य अध्ययन सामग्रीको समीक्षा गरिएको थियो ।

## १.५ सीमा र संरचना

प्रस्तुत अध्ययन करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धमा भएका कानूनी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कनमा केन्द्रित रहेको छ । करणी सम्बन्धी कसूरको अनुसन्धान तथा अभियोजनमा संलग्न अधिकृतहरुबाट संकलन गरिएका प्रश्नावली, विज्ञहरुको अन्तरवार्ताको विश्लेषण तथा छनोट गरिएका अभियोगपत्रहरुको अध्ययन, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुको कार्यान्वयन तथा करणी सम्बन्धी कसूर सम्बन्धी विद्यमान कानूनमा सुधारका क्षेत्रहरुको पहिचानमा सीमित रही अध्ययन गरिएको थियो ।

यस अध्ययनमा देहाय बमोजिमका परिच्छेदहरु रहेका छनः

| परिच्छेद | विषय |
|---|---|
| परिच्छेद एकः | प्रारम्भिक |
| परिच्छेद दुईः | करणी सम्बन्धी कसूर सम्बन्धमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनी व्यवस्था |
| परिच्छेद तीनः | करणी सम्बन्धी कसूर सम्बन्धी पूर्व अध्ययनको समीक्षा |
| परिच्छेद चारः | संकलित सूचना/तथ्याङ्क र सोको विश्लेषण |
| परिच्छेद पाँच: | अध्ययनमा देखिएका तथ्यहरु (Findings) |
| परिच्छेद छ: | अध्ययनको निष्कर्ष (Conclusion) |
| परिच्छेद सात: | सिफारिस (Recommendation) |
| | अनुसूचीहरु एवं सान्दर्भिक सामाग्रीहरु |

## परिच्छेद दुई

# करणी सम्बन्धी कसूर सम्बन्धमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

## २.१. नेपालका कानूनहरु

### २.१.१ नेपालको संविधान

नेपालको संविधानमा महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने व्यवस्था गरेको छ। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।[१]

### २.१.२ मुलुकी अपराध संहिता, २०७४

#### २.१.२.१ अपराधीकरण, दण्ड तथा सजाय सम्बन्धी व्यवस्था

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा कसैले जबरजस्ती करणी गर्न नहुने प्रावधान रहेको छ । उक्त संहितामा "कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ"[२] भनी जबरजस्ती करणी मानिने अवस्थालाई उल्लेख गरेको छ । यसका साथै ऐ. दफामा कस्तो कस्तो अवस्थालाई मञ्जुरी मानिने छैन भनी देहाय बमोजिम स्पष्टीकरण उल्लेख गरिएको छ ।

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिनेछ ।

संहिताको दफा २१९ को उपदफा (३) मा जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुने प्रावधान रहेको छ ।

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्मकैद,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म,

---

१ धारा ३८।

२ दफा २१९ को दफा (१) को उपदफा (२)।

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

(३क) जबरजस्ती करणी गने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना समेत हुनेछ र त्यस्तो जरिवाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना गरिएको पीडित राहत कोषमा जम्मा गरिनेछ:- (क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैंया जरिबाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैंया जरिबाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तिन लाख रुपैंया जरिबाना,

यसका साथै हालको संहिताले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेको अवस्थालाई समेत कसूरका रुपमा स्थापित गरेको छ। वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा पाँच वर्ष सजाय हुने व्यवस्था गरिएको छ।तर पतिसँग मानो छुट्टिई अंश मुद्दा चलेको, पतिसँग अंश लिई छुट्टै बसेको, पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको, पतिसँग अंश लिई छुट्टै बसेको र पतिसँग सम्बन्ध विच्छेद मुद्दा चलेको[३] अवस्थालाई वैवाहिक सम्बन्ध कायम रहेको नमानिने व्यवस्था रहेको छ। पीडितको निवेदन माग बमोजिम आवश्यक भएमा अदालतले पतिको नाममा विभिन्न आदेश जारी गर्न सक्ने व्यवस्था समेत संहितामा रहेको छ।[४]

संहिताको दफा २१९ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तानपि आफूलाई मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच आई भी पोजिटिभ) वा सरूवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै कसैले जबरजस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा देहाय बमोजिमको थप सजाय समेत व्यवस्था गरेको छ।[५]

१) मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी पोजिटिभ) भएको थाहा पाउँदा पाउँदै जबरजस्ती करणी भएको भए दफा १०५[६] बमोजिमको सजाय,

२) अन्य सरूवा यौनरोग (सेक्सुअली ट्रान्समिटेड डिजिज) भएको थाहा पाउँदा पाउँदै जबरजस्ती करणी भएको भए तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना।

---

३ दफा २१९ को उपदफा (४)।

४ दफा २१९ को उपदफा (५)।

"(क) पतिलाई निज बसी आएको घरमा नै बसोबास गर्न दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न लगाउन,

(ख) पत्नीलाई आवश्यक उपचार गराउन वा उपचारका लागि उपयुक्त रकम दिन लगाउन,

(ग) दुवैलाई एकै ठाउँमा बसोवास गर्न उपयुक्त हुने नदेखिएमा पतिलाई अलग बस्दा पत्नीको भरणपोषणको लागि आवश्यक व्यवस्था गर्न लगाउन,

(घ) पत्नीलाई कुनै प्रकारले दु:ख दिने वा सताउने कार्य नगर्न र पत्नीको हित र सुरक्षाको निमित्त आवश्यक र उपयुक्त कुरा गर्न गराउन।"

५ दफा २१९ को उपदफा (६)।

६ दफा १०५ : मानव रोग प्रतिरोधक क्षमता उन्क्ति गर्ने जिवाणु (एच. आई. भी) को रोग फैलाउन नहुने:

(१) कसैले आफ्नो वा अरु कसैको शरीरमा रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु ( एच. आई. भी) वा हेपाटाइटिस् बीको जिवाणु रहेको थाहा पाउँदा पाउँदै कसैलाई त्यस्तो रोग सार्ने नियतले आफ्नो रगत दिन वा त्यस्तो व्यक्तिको रगत दिन लगाउन वा कुनै किसिमको पूर्व सावधानी नलिई कसैसँग यौन सम्पर्क कायम गर्न वा कुनै किसिमबाट आफ्नो वा त्यस्तो व्यक्तिको रगत, विर्य, र्‍याल, थुक वा कुनै मानव अङ्ग अर्काको शरीरभित्र पठाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।
तर त्यस्तो रोग सार्ने नियत नभई लापरवाहि वा हेलचेक्र्याइँबाट सर्न गएको रहेछ भने तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) पीडित आफै मानव रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु वा हेपाटाइटिस् बीको जिवाणु रहेको व्यक्तिले यस दफा बमोजिमको कसूर गरेको मानिने छैन।

संहिताले सामूहिक रूपमा जबरजस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जबरजस्ती करणी गरेमा दफा २१९ को उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुनै व्यवस्था गरेको छ।[७] तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा जन्म कैदको सजाय हुने व्यवस्था रहेको छ।

संहितामा हाडनाता करणी गर्नेलाई सजायको व्यवस्था गरिएको छ। कसैले हाडनाताकी महिलालाई जबरजस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा सजाय हुने रहेछ भने माथि उल्लिखित व्यवस्था बमोजिमको सजायमा हाडनाता करणीमा हुने सजाय समेत थप हुने व्यवस्था गरिएको छ।

दफा २२० मा हाडनातामा करणी गर्न नहुने प्रावधान गरिएको छ। कसैले आफ्नो जात वा कुलमा चली आएको चलन, परम्परा पा मान्यता अनुसार विवाह गर्न नहुने नाताको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग करणी लिनु दिनु हुँदैन।[८] संहिताले देहायका नातामा उपरोक्त बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुने व्यवस्था छ[९] :-

१) जन्माउने आमा छोराको वा बाबु छोरीको करणी भएमा जन्मकैद,

२) सौतेनी आमा छोराको वा बाबु छोरी, सहोदर दिदी भाइ वा दाजु बहिनी, एकै हाँगाको ससुरा बुहारी, एकै हाँगाको बाजे नातिनी वा पनातिनी, एकै हाँगाका जेठाजु र भाइ बुहारी वा देवर भाउजूको करणी भएमा चार वर्षदेखि दश वर्षसम्म कैद र चालीस हजार रूपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना,

३) एकै हाँगाको तीन पुस्तासम्मको बज्यै, नाति वा पनाति, एकै हाँगाको ठूलो बाबु वा काका भतिजी, एकै हाँगाको भतिजो ठूली आमा वा काकी, एकै हाँगाको ससुरो भतिजी बुहारी, साख्यै मामा भान्जी वा भानिज माइजु, आमा तर्फका ठूली आमा वा सानी आमा र छोरा र आफ्नी श्रीमती तर्फकी सासू र ज्वाइँको करणी भएमा तीन वर्षदेखि छ वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि साठी हजार रुपैयाँसम्म जरिवाना,

४) खण्ड (क) (ख) वा (ग) मा लेखिएदेखि बाहेक आफ्नो वंशका सात पुस्तासम्मका अन्य नातामा करणी भएमा हाँगो, नाता र पुस्ता समेत विचार गरी एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रूपैयाँसम्म जरिवाना।

संहिताले थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने व्यवस्था गरेको छ भने त्यस्तो करणी गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद सजाय हुने र यस संहिता वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिमको सजायमा यस दफा बमोजिमको सजाय थप हुने व्यवस्था रहेको छ।[१०]

त्यस्तै कसैले आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने व्यवस्था रहेको छ।[११] कसैले आफूले संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न वा मानसिक रोग लागि उपचार वा पुनर्स्थापना गर्ने कुनै संस्थामा राखिएको कुनै व्यक्तिसँग त्यस्तो संस्थाको पदाधिकारी वा कर्मचारीले करणी गर्न नहुने र उक्त कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म

७ दफा २१९ को उपदफा (७)।
८ दफा २२० को उपदफा (१)।
९ दफा २२० को उपदफा (२)।
१० दफा २२१ को उपदफा (१)।
११ दफा २२२।

कैद हुने र त्यस्तो करणी यस संहिता वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुने व्यवस्था रहेको छ।[१२]

सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग करणी गर्न नहुने प्रावधान रहेको छ।[१३] सरकारी वा निजी कार्यालयमा कार्यरत वा कुनै पेशागत सेवा वा व्यावसायिक कामको लागि सम्पर्कमा आएको वा रहेको कुनै व्यक्तिसँग त्यस्तो कार्यालयमा काम गर्ने कर्मचारी वा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिले कार्यालयको काम गर्दा वा त्यस्तो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गर्न वा करणी गर्न अरुलाई सहयोग गर्न नहुने[१४] र उक्त कसूर गर्ने व्यक्तिलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यस्तो करणी यस संहिता वा अन्य कानून अनुसार पनि कसूर हुने रहेछ भने सो बमोजिम हुने सजायमा यस दफाको सजाय थप हुनेछ।[१५]

संहिताको दफा २२६ मा कसैले कसैको मञ्जुरी विना अप्राकृतिक मैथुन गर्नु वा गराउनु हुँदैन।[१६] सोबमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना[१७] हुने व्यवस्था रहेको छ। बालबालिका विरूद्ध दफा २२६ को उपदफा (१) कसूर गर्ने व्यक्तिलाई दफा २१९ बमोजिम सजाय हुनेछ।

## २.१.२.३ क्षतिपूर्ति सम्बन्धी व्यवस्था

दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई जरीवानाबाट प्राप्त हुने रकम समेत बिचार गरी कसुरदारलाइ सजाय निर्धारण गर्दा निजबाट मनासिब क्षतिपूर्ति भराइदिनुपर्ने छ र कसूरदारले जरिबाना बापत पीडित राहत कोषमा बुझाएको रकम समेत पीडितलाई दिनुपर्नेछ।

तर कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानून बमोजिमको पिडित राहतकोष स्थापना भई नसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ।[१८]

## २.१.२.३ हदम्याद सम्बन्धी व्यवस्था

संहिताले दफा २२० बमोजिमको हाडनाता करणी सम्बन्धी मुद्दामा जहिलेसुकै पनि उजुर गर्न सकिनेछ भन्ने व्यवस्था गरिएको छ।[१९] दफा २१९, २२१, २२२,२२३, २२४, २२५ र २२६ को उपदफा (३) र दफा २२७क. को उपदफा (१) अन्तर्गतको कसूर बालबालिकाको विरुद्ध भएकोमा त्यस्तो बालबालिका अठार वर्ष पुरा भएको मितिले तिन वर्षभित्र,

---

१२ दफा २२२ को उपदफा (२)।
१३ दफा २२३।
१४ दफा २२३ को उपदफा (१)।
१५ दफा २२३ को उपदफा (२)।
१६ दफा २२६ को उपदफा (१)।
१७ दफा २२६ को उपदफा (२)।
१८ दफा २२८।
१९ दफा २२९ को उपदफा (१)।

त्यस्तो कसूर पूर्ण अशक्त अपाङ्गता भएका, सुस्त मनस्थिति भएका वा सत्तरी वर्ष भन्दा बढी उमेर भएका व्यक्तिका विरुद्ध भएमा कसूर भएको मितिले तिन वर्ष भित्र र अन्यको हकमा त्यस्तो कसूर भएको मितिले दुई वर्ष भित्र र यस परिच्छेद (करणी सम्बन्धी कसूर) अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर नलाग्ने व्यवस्था रहेको छ।[२०]

तर थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरूद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।[२१]

### २.१.३. बालबालिका सम्बन्धी ऐन, २०७५

### २.१.३.१. अपराधीकरण, दण्ड तथा सजाय सम्बन्धी व्यवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ मा बालबालिका विरुद्धको कसूर अन्तर्गत यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने[२२] र बाल यौन शोषण गर्ने वा गराउने[२३] कसूर गरेमा जबरजस्ती करणीको कसूरमा कसूरदारलाई हुने सजाय हुने व्यवस्था गरेको छ।[२४] यस ऐनको दफा ७२ को (१), (२), (३) मा उल्लिखित कार्य गर्न दुरुत्साहन गर्ने, उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने जरिवाना र कैदको आधा सजाय हुने[२५] व्यवस्था रहेको छ।साथै यस ऐन बमोजिम एक पटक सजाय पाएको व्यक्तिले पुन: त्यस्तो कार्य गरेमा निजलाई यस दफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय हुने समेत हुने प्रावधान रहेको छ।[२६]

### २.१.३.२. बालबालिका सम्बन्धी ऐनको क्षतिपूर्ति सम्बन्धी व्यवस्था

यस ऐनमा बाल अदालतले प्रचलित कानून र यस ऐन बमोजिमको बालबालिका विरूद्धको कसूरको कसूरदारलाई भएको जरिवानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रुपमा कसूरदारबाट भराईदिने प्रावधान रहेको छ।[२७] यदि कसूरबाट जरिवानाको रकम असूल हुन नसक्ने अवस्था भएमा वा त्यस्तो रकम असूल भए तापनि सो रकम बालबालिका विरुद्धको कसूरको तुलनामा न्यून वा अपर्याप्त लागेमा बाल अदालतले त्यस्ता बालबालिकालाई दफा ६३ बमोजिमको बालकोषबाट व्यहोर्ने गरी मनासिब माफिकको क्षतिपूर्ति भराई दिने व्यवस्था रहेको छ।[२८] क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडित बालबालिकाको मृत्यु भएमा त्यस्तो रकम निजको बाबु, आमा वा निजहरू नभएमा परिवारको अन्य सदस्य वा संरक्षकलाई दिइने[२९] साथै बालबालिका विरुद्धको प्रचलित कानून बमोजिमको कसूर, बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकालाई तत्काल उपचार गराउनु पर्ने

२० दफा २२९ को उपदफा (२)।

२१ दफा २२९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश।

२२ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) को खण्ड (छ)।

२३ बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) को खण्ड (ज)।

२४ ऐ.ऐ. दफा ७२ को उपदफा (३) को खण्ड (छ)।

२५ ऐ.ऐ. को उपदफा (४)।

२६ ऐ.ऐ. को उपदफा (६)।

२७ ऐ.ऐ. को दफा ७३ को उपदफा (१)।

२८ ऐ.ऐ. को उपदफा (२)।

२९ ऐ.ऐ. को उपदफा (३)।

भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा प्रचलित कानून बमोजिम अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने व्यवस्था ऐनले गरेको छ।[३०]

### २.१.३.३. हदम्याद

प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्यादभित्र मुद्दा दायर गर्नु पर्ने प्रावधान रहेको छ।[३१] बालबालिका समबन्धी ऐन, २०७५ बमोजिमको कसूरमा जबरजस्ती करणीको कसूरमा कसूरदारलाई हुने सजाय बमोजिमको सजाय हुने कसूरदारका हकमा मुलुकी अपराध संहिता, २०७४ बमोजिमकै हदम्याद रहने कुरा ऐनले उल्लेख गरेको छ। साथै हदम्यादभित्र मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरुद्धको कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम हुने[३२] ऐनले विशेष व्यवस्था गरेको छ।

### २.१.३.४. गोपनीयता सम्बन्धी व्यवस्था

बालबालिका समबन्धी ऐनले पीडित बालबालिकाको बाल अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो मुद्दासँग सम्बन्धीत बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न नहुने[३३] र कसैले पनि बालबालिकको विरुद्धको कसूरबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी कुनै पनि सञ्चार माध्यममा सूचना वा समाचार सम्प्रेषण गर्न नहुने व्यवस्था गरेको छ।[३४] प्रहरी, सरकारी वकील वा बाल अदालतले बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्ने[३५] साथै कुनै बालबालिकको विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारवाही र किनारा गर्ने छैन[३६] भन्ने व्यवस्था रहेको छ।

### २.१.३.५. पीडित बालबालिकाको अधिकार

यस ऐनले पीडित बालबालिकालाई अनुसान्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा देहाय बमोजिमका बालमैत्री न्यायको अधिकार हुने व्यवस्था गरेको छः-

(१) आफूले बुझ्ने भाषामा जानकारी पाउने,

(२) सहभागी वा संलग्न हुने,

(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,

---

३० ऐ.ऐ. को दफा ७३ को उपदफा (४)।
३१ ऐ.ऐ. को दफा ७४ को उपदफा (१)।
३२ ऐ.ऐ. को उपदफा (२)।
३३ ऐ.ऐ. को दफा ७८ को उपदफा (१)।
३४ ऐ.ऐ. को उपदफा (२)।
३५ ऐ.ऐ. को उपदफा (३)।
३६ ऐ.ऐ. को दफा ८० को उपदफा (१)।

(४) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराई पाउने,

तर यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन ।

(५) नि:शुल्क कानूनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने,

(६) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा नि:शुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादकको सुविधा पाउने,

(७) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरुको प्रतिलिपि नि:शुल्क पाउने,

(८) पिडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,

(९) बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने,

(१०)कारावहीका बखत आवश्यकताअनुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने ।

### २.१.३.६. सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकार

जबरजस्ती करणीसम्बन्धी कसूर समेत अन्य कसूरका पीडित र पीडक बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुनेछ:

- सक्षम न्यायिक निकायबाट मुद्दाको कारवाही, सुनुवाइ र किनारा गर्ने,
- बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,
- बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,
- बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,
- संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,
- बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,
- न्यायिक प्रक्रियाको हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रुपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,
- मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा, संरक्षकलाई सहभागी गराउने,
- पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने ।

### २.१.४. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

यस ऐनको दफा १० मा अपाङ्गता भएका व्यक्तिलाई परिवार, संरक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका अमानवीय वा अपमानजनक व्यवहार, शारिरिक वा मानसिक हिंसा, लैङ्गिक हिंसा, घरेलु हिंसा, घरेलु हिंसा, यौनजन्य

दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ भन्ने प्रावधान रहेको छ।[३७] नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई लैङ्गिक हिंसा लगायत सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्नको लागि देहाय बमोजिमका काम गर्ने उल्लेख छ।

(क) अपाङ्गता भएका व्यक्ति विरूद्ध भएका शोषण, हिंसा र दुर्वयवहारजन्य, लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाको जानकारी लिने तथा अभिलेख राख्ने,

(ख) खण्ड (क) बमोजिमको शोषण, हिंसा तथा घटनाका विरुद्धमा यस ऐन तथा प्रचलित कानून बमोजिम प्रभावकारी कानूनी कारवाही गर्ने, त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारी रुपमा सुरक्षा, उद्धार, संरक्षण तथा पुन: स्थापना गर्ने,

(ग) त्यस्ता घटनाबाट पीडितको तत्काल र प्रभावकारी रुपमा सुरक्षा, उद्दार, संरक्षण तथा पुनर्स्थापना गर्ने,

(घ) त्यस्ता घटना हुन नदिनका लागि उपयुक्त व्यवस्था गर्ने, र

(ङ) त्यस्ता घटनाका विरुद्धमा सामुदायिकस्तरमा सचेतना तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने प्रावधान रहेको छ।[३८]

### २.१.५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

यस संहिता बमोजिम जबरजस्ती करणीलाई उजुरी परेपछि पक्राउ पूर्जी जारी गर्ने व्यवस्था गरेको छ।[३९] अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा उजुरी साथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन अदालतले यस परिच्छेदको अधीनमा रही आवश्यकता अनुसार पक्राउ पूर्जि वा समाह्वान जारी गर्नेछ।[४०]

अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनङ्कित प्रथम श्रेणीका सरकारी कर्मचारीले र विशेषज्ञको रुपमा उपस्थित भएको साक्षी भए राजपत्राङ्कित तृतीय श्रेणीको सरकारी कर्मचारीले कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धीत प्रहरी कार्यालयले उपलब्ध गराउने व्यवस्था रहेको छ।[४१] करणी सम्बन्धी कसूरका हकमा वारेस नियुक्ति गर्न नसकिने व्यवस्था रहेको छ।[४२]

यस ऐनले अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कसूर सम्बन्धी कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले त्यसको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिन सकिने[४३] र त्यसरी अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाकाको प्रबन्ध गर्न सम्बन्धीत निकायलाई आदेश दिन सक्नेछ[४४] र त्यसरी अदालतले आदेश

३७ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा १० को उपदफा (१)।

३८ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा १० को उपदफा (३)।

३९ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ को उपदफा (१) र (२)।

४० मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ को उपदफा (१)।

४१ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११३ को उपदफा (१)।

४२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८९ को उपदफा (२)।

४३ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ को उपदफा (१)।

४४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ को उपदफा (२)।

दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुनेछ[४५] भनी ऐनले जबरजस्ती करणीका साक्षी वा पीडितको संरक्षणको व्यवस्था गरेको छ। साक्षी संरक्षण गर्न अदालतले गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदलालतमा प्रश्न उठाउन नापइने प्रावधान समेत ऐनले गरेको छ।[४६] कुनै खास कसूरबाट पीडित व्यक्ति वा कुनै मुद्दाको साक्षीको रुपमा रहेका व्यक्तिले साक्षीका रुपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने सूचना प्रहरीलाई दिएमा प्रहरीले त्यस्ता साक्षी वा पीडितको संरक्षण गरिदिनु पर्नेछ" भन्ने व्यवस्था गरेको छ।[४७]

अनुसूची-१ अन्तर्गतका कसूरमा अदालतमा एक पटक दायर भइसकेको मुद्दा फिर्ता लिन सकिने छैन र विशेष गरी दफा २१९ को उपदफा (१),(२) र (३) बमोजिमको मुद्दाका हकमा मुद्दा फिर्ता लिन नसकिने व्यवस्था ऐनले गरेको छ।[४८]

जबरजस्ती करणी सम्बन्धी मुद्दाको पुर्पक्ष बन्द इजलासमा हुन सक्ने र त्यस्तो इजलासमा अदालतले त्यस्तो मुद्दासँग सम्बन्धीत पक्ष, सम्बन्धीत कानून व्यवसायी, अदालतका कर्मचारी र अदालतले आवश्यक देखेका अन्य व्यक्ति बाहेक अरुलाई प्रवेश निषेध गर्न सक्ने व्यवस्था ऐनले गरेको छ।[४९] अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाह पाएको मितिले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिनभित्र पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ।[५०] जबरजस्ती करणी सम्बन्धी मुद्दाको हकमा कसूरका कसूरदारलाई भएको सजाय माफी गर्ने, मुल्तवी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारवाही गर्न नसकिने[५१] व्यवस्था ऐनले गरेको छ। जबरजस्ती करणीका मुद्दामा अभियुक्त कसूरमा कसूरदार ठहरी तीन वर्षभन्दा बढी कैदको सजाय पाएको व्यक्ति भएमा पुनरावेदन दिंदा कैदमा बसेर दिनु पर्ने व्यवस्था रहेको छ।[५२]

अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरवी तथा प्रतिरक्षा गर्ने व्यवस्था रहेको छ।[५३] दफा १८३ ले पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने व्यवस्था गरेको छ। कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जिउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत अदालतलाई अनुरोध गर्न सक्नेछ।[५४] यसरी अनुरोध भएकोमा अदालतले त्यस्तो पीडित व्यक्ति वा साक्षीको नाम, थर, वतन, निजको बाबुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ।[५५] यसरी गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा बाबुको नाम सम्बन्धीत मुद्दाको सुनुवाइका बखत वा सो सम्बन्धी

४५ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ को उपदफा (३)।
४६ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ को उपदफा (४)।
४७ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ को उपदफा (५)।
४८ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (२) को खण्ड (ख)।
४९ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२९ को प्रतिबन्धात्मक वाक्यांश।
५० मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (१)।
५१ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ को उपदफा (४)।
५२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (१) को खण्ड (ग)।
५३ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८० को उपदफा (१)।
५४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ को उपदफा (१)।
५५ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ को उपदफा (२)।

विवरण प्रकाशन गर्दाका बखत अदालतको आदेश बमोजिम काल्पनिक नाम, थर, वतन वा बाबुको काल्पनिक नाम राखी प्रकाशन गर्नु पर्नेछ।[५६]

अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धानको सम्बन्धमा अनुसन्धान अधिकारीले असल नियतले गरेको काम कारवाही उपर कुनै कारवाही नहुने प्रावधान रहेको छ।[५७]

### २.१.६. अपराध पीडित संरक्षण ऐन, २०७५

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ६ मा करणी सम्बन्धी कसूर सहित अन्य केही कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारवाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुने व्यवस्था रहेको छ।[58] कसूरमा कसैले पनि पीडितको पहिचान कुनै पनि रूपबाट प्रकट गर्न हुँदैन।[५९]

(३) पीडितले चाहेमा उपदफा (१) बमोजिमका कसूरको अनुसन्धान, तहकिकात र अदालती कारवाहिको सिलसिलामा पीडीतसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा देहाय बमोजिम गर्नु पर्नेछ:

(क) पीडितलाई निजको पहिचान नखुल्ने गरी प्रस्तुत गरेर,

(ख) पीडितको वास्तविक स्वर बदल्न दिएर,

(ग) अभियुक्तले देख्न सुन्न नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रयोग गरेर,

(घ) अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर।

प्रस्तुत ऐनमा अनुसन्धान, अभियोजनदेखि फैसलासम्मका पीडितले पाउने विभिन्न सुविधाका सम्बन्धमा उल्लेख गरिएको छ।

(क) पीडितलाई निजको पहिचान नखुल्नेगरी प्रस्तुत गरेर, (ख) पीडितको वास्तविक स्वर बदल्न द्वदएर, (ग) अभियुक्तले देख्न सन्नु नपाउने किसिमले श्रव्यदृष्य संवाद प्रविधिको प्रयोग गरेर, (घ) अभियुक्तले देख्न वा सन्नु नपाउने गरी वा सुन्नमात्र पाउने व्यवस्था मिलाएर।

### २.१.७ राष्ट्रिय योजना

### २.१.७.१ पन्ध्रौं योजना

१५औं योजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिइएको छ।[६०] त्यस्तै मानव अधिकार प्रवर्द्धनको सुदृढीकरण एवम् मानव अधिकारमैत्री शासन पद्धतिको विस्तार गर्ने उद्देश्य समेत लिएको छ र त्यसका लागि मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानून प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र न्यायमा पहुँच सुनिश्चित गर्न नि:शुल्क कानूनी सहायता सम्बन्धी नीतिगत, कानूनी एवम्

५६ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८३ को उपदफा (३)।

५७ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८८ को उपदफा (२)।

५८ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (१)।

५९ अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (१)।

६० पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७/२०८०/८१) को ९.६ को ४.३ को उद्देश्य १।

संस्थागत व्यवस्था गरिनेछ भन्ने कार्यनीति रहेको छ ।[६१] त्यस्तै प्रस्तुत योजनाले मानव अधिकारको उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने रणनीति लिएको छ ।[६२] साथै रणनीतिको कार्यान्वयनका लागि मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइने र मानव अधिकार उल्लंघनको घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिने कार्यनीति लिएको छ ।[६३]

नेपालको संविधान, संघीयताको मर्म, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि- सम्झौता अनुरुप सबै पक्षबाट अपनत्व हुने सरल र गुणस्तरीय कानूनको तर्जुमा गर्नु तथा मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै न्यायमा सबैको सहज पहुँच स्थापित गराउनु समेत यस योजनाको उद्देश्य रहेको छ ।[६४] योजनाले न्याय प्रणाली अन्तर्गत जबरजस्ती करणी लगायतका पीडितहरुका लागि प्रभावकारी रहने गरी नि:शुल्क कानूनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउने लगायतका विभिन्न रणनीति र कार्यनीतिहरु अवलम्बन गरेको छ । योजनाले मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रणका लागि प्रभावकारी फौजदारी न्याय प्रणाली र कानूनी एवम् संस्थागत संरचनाको माध्यमबाट पीडित/ प्रभावितको न्यायमा पहुँच अभिवृद्धि गर्ने रणनीति लिएको छ भने यौन तथा श्रम शोषणका लागि हुने आन्तरिक बेचबिखन र होटल तथा सत्कार व्यवसायमा हुने यौन शोषणक नियन्त्रण गर्न प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गरिने कार्यनीति अवलम्बन गरिएको छ ।[६५]

### २.१.७.२ सोह्रौं योजनाको अवधारणापत्र[६६]

सोह्रौं योजनाको अवधारणापत्रमा विकास प्रयासमा देखिएको चुनौतीहरुः

- महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समदुायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक सामाजिक- सांस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता,
- सामाजिक सशक्तिकरण, समावेशीकरण र सामाजिक सुरक्षा - आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्ग, समुदाय र लिङ्गको सशक्तिकरणका लागि लक्षित कार्यक्रम सञ्चालन,
- सुशासन प्रवर्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह - सहज पहुँच र सरल प्रकृया सहितको प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह, जवाफदेही, पारदर्शी एवं सृजनशील राजनीतिक दल, न्यायमा सहज पहुँच; चुस्त न्याय सेवा,

यस अवधारणापत्रमा समेत न्यायमा सहज पहुँच, चुस्त न्याय सेवा लगायतलाई महत्वपूर्ण विषयका रुपमा उठान गरिएको छ ।

६१ पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७/२०८०/८१) को ९.६ को ४.४ को रणनीति १ र कार्यनीति ३ ।
६२ पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७/२०८०/८१) को ९.६ को ४.४ को रणनीति ३ ।
६३ पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७/२०८०/८१) को ९.६ को ४.४ को रणनीति ३ को कार्यनीति १ र २ ।
६४ पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७/२०८०/८१) को ९.७ को ४.४ को रणनीति ४.३ को उद्देश्य २ ।
६५ पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७/२०८०/८१) को ९.१३ को ४.४ को रणनीति ४ को उद्देश्य ३ ।
६६ सोह्रौं योजना (अवधारणा पत्र /आर्थिक वर्ष २०८१/८२-२०८५/८६ ) ।

## २.२. अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

### २.२.१ महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

यस महासन्धिको प्रयोजनको लागि, “महिला विरुद्धको भेदभाव” भन्नाले पुरुष र महिलाहरुको जस्तोसुकै वैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिला बीच समानताका आधारमा महिलाहरुद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने प्रभाव वा उद्देश्य रहेको लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिवन्ध सम्झनुपर्छ।[६७]

यस महासन्धिले पक्ष राष्ट्रहरूलाई महिला विरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरु अपनाई र विना ढिलाई महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्ने उल्लेख गरेको छ।[६८] यस उद्देश्यका लागि देहायका काम गर्न कवूल गर्ने गरी महासन्धिले व्यवस्था गरेको छ:

(क) पुरुष र महिला बीचको समानताको सिद्धान्तलाई आफ्नो राष्ट्रिय संविधान वा अन्य उपयुक्त कानूनमा अझै समावेश गरिनसकिएको भए यस सिद्धान्तलाई त्यस्तो संविधान वा कानूनमा समावेश गर्ने तथा कानून र अन्य उपयुक्त माध्यमद्वारा यस सिद्धान्तको व्यावहारिक प्राप्ति सुनिश्चित गर्ने,

(ख) महिला विरुद्धको भेदभाव निषेध गर्ने कानूनी र अन्य उपायहरु एवं उपयुक्त भएको अवस्थामा दण्ड सजायको व्यवस्था समेत अवलम्वन गर्ने,

(ग) पुरुष सरह समान आधारमा महिलाका अधिकारहरुको कानूनी संरक्षणको व्यवस्था गर्ने तथा सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य सार्वजनिक संस्थाहरु मार्फत भेदभावको कुनै पनि कार्य विरुद्ध महिलाको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,

(घ) महिला विरुद्धको भेदभावको कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने तथा सार्वजनिक अधिकारी र संस्थाहरुले यस दायित्व अनुरुप कार्य गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,

(ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट हुने महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्ने,

(च) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने प्रचलित कानून, नियम, परम्परा तथा व्यवहारहरु परिवर्तन वा उन्मुलन गर्न कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्ने,

(छ) महिला विरुद्धको भेदभाव सिर्जना गर्ने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरु खारेज गर्ने।

धारा ५ पक्ष राष्ट्रहरुले देहायको प्रयोजनको लागि सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन्ः

धारा ६: पक्ष राष्ट्रहरुले महिलाको सबै प्रकारको वेचविखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त उपायहरु अवलम्वन गर्नेछन्।

धारा ११: पक्ष राष्ट्रहरुले पुरुष र महिलाको समानताको आधारमा समान अधिकारहरु, खासगरी देहायका अधिकारहरु,

६७ धारा १ महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९।

६८ धारा २ महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९।

सुनिश्चित गर्ने उद्देश्यले रोजगारीको क्षेत्रमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्वन गर्नेछन् ।

### २.२.२ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४

धारा १: (१) यस महासन्धिको प्रयोजनको लागि "यातना" भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साविती लिने वा निज वा तेस्रो व्यक्तिले गरेको वा गरेको भनी शंका गरिएको कार्यकोलागि दण्ड दिने, वा निज वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरु वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनुपर्छ । कानूनी वन्देजहरुबाट मात्र उत्पन्न हुने वा तिनमा अन्तर्निहित वा सोसँग अनुसांगिक पीडा वा कष्ट यसमा समावेश हुँदैन ।

२. यस धाराले ब्यापकतर दायराको ब्यवस्था गरेको वा गर्न सक्ने कुनै पनि अन्तर्राष्ट्रिय लिखत वा राष्ट्रिय कानूनमा प्रतिकूल प्रभाव पार्ने छैन ।

### २.२.३ महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ (CEDAW)

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ (CEDAW) संयुक्त राष्ट्रसंघीय महासन्धि हो । यसले महिलाको सारभूत समानता र आधारभूत अधिकारको रूपरेखा दिन्छ। महिला विरूद्ध हुने यौनजन्य हिंसा लगायतका सबै प्रकारका विभेदहरुको उन्मूलन सम्बन्धमा यस महासन्धिले व्यवस्था गरेको छ । महासन्धिले पक्ष राष्ट्रहरूलाई कानून, शिक्षा र विषयगत भूमिकाहरूमा आधारित रही, पूर्वाग्रह रहित भई यौनजन्य भेदभावको विरूद्ध लड्न प्रोत्साहन गर्छ ।

### २.२.४. नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights,1966)

नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा समावेश भएका मानव अधिकारहरु महिला र पुरुषलाई समान रूपमा लागू हुने व्यवस्था गरिएको छ । यस अनुबन्धले महिलालाई यौनजन्य लगायत सबै प्रकारका यातना र क्रूर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार साथै सुरक्षाको अधिकार सुनिश्चिश्त गरेको छ । यसले महिलाको मानव अधिकार उल्लङ्घन भएमा कानूनी उपचार पाउने अधिकारलाई पनि समावेश गरेको छ । यस अनुबन्धको धारा २६ मा सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान छन् र कुनै भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन् ।[६९]

६९ All persons are equal before the law and are entitled without any discrimination to the equal protection of the law. In this respect, the law shall prohibit any discrimination and guarantee to all persons equal and effective protection against discrimination on any ground such as race, colour, sex, language, religion, political or other opinion, national or social origin property, birth or other status.

International Covenant on Economic, Social and Cultural Rights 1966 को धारा २ को उपधारा २ मा राज्यले महिला, पुरुष र तेस्रो लिङ्गी बिच भेदभाव गर्न नहुने व्यवस्था रहेको छ।[७०] ऐ को उपधारा ३ मा राज्यले महिला, पुरूष र तेस्रो लिङ्गी बिच भेदभाव गर्न नहुने व्यवस्था गरेको छ।[७१]

### २.२.५. मानव बेचविखन तथा अन्यको शोषण र वेश्यावृत्तिको दमनका लागि बनेको महासन्धि, १९४९

विद्यालयभित्र र बाहिर नैतिक शिक्षा र नागरिक चेतनाद्वारा वेश्यावृत्तिलाई रोक्न सम्बन्धीत समुदायसँग प्रत्यक्ष सम्पर्कमा रहेका राज्यका निकायहरुमा महिलाको सङ्ख्या बढाउने, वेश्यावृत्तिलाई बहिष्कार गर्ने र यौ नकर्मीहरूलाई समाजमा पुन: समाहित गर्दा आइपर्ने भेदभावको अन्त्य गर्ने, पोर्नो ग्राफी व्यवसाय र पोर्नोग्राफीको व्यापारमा नाबालिगहरू संलग्न गराउनेलाई कडा सजाय दिने, यसलाई रोक्नको लागि सबै प्रकारका प्रोनोग्राफी व्यापार गर्नेहरुलाई सजाय दिने उद्देश्यले यो महासन्धि आएको देखिन्छ। विशेष गरी नाबालिगहरूको शोषण रोक्ने उपायहरुको अवलम्बन र त्यसको लागि व्यावसायिक तालिम प्रदान गरी व्यक्तिहरूको समाजमा पुन: सामाजिकरण गर्नुपर्नेमा यस महासन्धिले जोड दिन्छ।

### २.२.६. युद्ध अपराध र मानवता विरुद्धको अपराधमा हदम्याद सम्बन्धी कानूनी प्रावधान लागू नहुने सम्बन्धी महासन्धि, १९६८

युद्ध अपराध र मानवता विरुद्धको अपराधमा हदम्याद सम्बन्धी कानूनी प्रावधान लागू नहुने सम्बन्धी महासन्धि २६ नोभेम्बर १९६८ को संयुक्त राष्ट्र महासभाको प्रस्ताव नं. २३९१ द्वारा हस्ताक्षर, अनुमोदन र सम्मिलनको लागि खुला गरिएको थियो। यो ११ नोभेम्बर १९७० मा लागू भयो। यो महासन्धिले कुनै पनि पक्ष राष्ट्रले देहायका कसूरमा आफ्नो कानूनमा हदम्यादको सीमा राख्न नहुने व्यवस्था गरेको छ।

- अगस्त १९४५ को न्यूरेनवर्ग अन्तर्राष्ट्रिय सैन्य न्यायाधिकरणको बडापत्रमा परिभाषित गरिएको युद्ध कसूर,
- न्यूरेनवर्ग अन्तर्राष्ट्रिय सैन्य न्यायाधिकरणको बडापत्रमा परिभाषित गरिए अनुसारको मानवता विरुद्धको कसूर चाहे त्यो युद्धको समयमा होस वा शान्तिको समयमा होस, सशस्त्र आक्रमण वा पेशाद्वारा निष्कासन, रंगभेदको नीतिको परिणाम स्वरूपका अमानवीय कार्यहरू र नरसंहारको कसूर,
- नरसंहारको कसूरको रोकथाम र सजाय सम्बन्धी ,ज्ञढद्धड महासन्धिमा परिभाषित गरिएको कसूरहरु।

यस महासन्धिको हालसम्म ५६ देश पक्ष राष्ट्र बनेको भए तापनि नेपाल पक्ष बनेको छैन।

### २.२.७. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

बाल अधिकार सम्बन्धी महासन्धि सन् १९९० मा लागू भएको र नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्र बनेको छ।यस

---

७० ICESCR, Art 2,
"The State Parties to the present Covenant undertake to guarantee that the rights enunciated in the present Covenant will be exercised without discrimination of any kind as to race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.)

७१ Art 2 Sub-Art 3 of ICESCR (Developing counties, with due regard to human rights and their national economy, may determine to what extent they would guarantee the economic rights recognized in the present Covenant to non-nationals.)

महासन्धिले अठार वर्षभन्दा कम उमेरको व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। बाल अधिकार सम्बन्धी महान्धिले बालिकाहरूलाई यौन दुर्व्यवहार र बेचबिखन जस्ता सबै प्रकारका हिंसाबाट सुरक्षित गर्नुपर्ने कुरामा जोड दिएको छ।

### २.२.८. बालबालिका सम्बन्धी महसन्धिको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र बाल यौन अश्लिलता सम्बन्धी इच्छाधीन आलेख २००२

यो इच्छाधीन आलेखले यौन शोषणको उद्देश्यले बालबालिकाको बेचबिखन गर्ने कार्यहरूलाई रोकथाम गर्नुपर्ने विषयलाई सम्बोधन गर्दछ र पक्ष राष्ट्रहरूलाई अभियोजन, समर्थनका सेवाहरू र शैक्षिक कार्यक्रमहरू मार्फत बाल पीडितहरूको अधिकार र हक हितको रक्षा गर्न आह्वान गर्दछ। नेपाल यस आलेखको पक्ष राष्ट्र बनिसकेको छ।

### २.२.९. वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखन तथा ओसार-पसार विरूद्ध लड्ने र निरोध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क स्तरीय महासन्धि, २००२

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कद्वारा जारी गरिएको यस महासन्धिले वेश्यावृत्तिको उद्देश्यले महिला तथा बालबालिकाको ओसारपसार गर्ने कार्य मानव जातिको सम्मान र मर्यादा विरुद्ध भई आधारभूत मानव अधिकारको उल्लङ्घन भएको मानिने कुरालाई जोड दिएको छ। यस महासन्धिको मुख्य उद्देश्य महिला र बालबालिकाको बेचबिखन हुनबाट रोक्न विभिन्न पक्षहरूलाई प्रभावकारी भूमिका निर्वाह गर्न र सो विरूद्ध लड्न सदस्य राष्ट्रहरूबीचको सहयोगलाई प्रवर्द्धन गर्नुरहेको छ। यस महासन्धिमा विशेष गरी अन्तर्राष्ट्रिय वेश्यावृत्ति सञ्जालहरूमा महिला र बालबालिकाको प्रयोगको रोकथाम, बेचबिखन भएका पीडितहरूलाई स्वदेश फिर्ता गर्ने र पुनर्स्थापना गर्ने व्यवस्थाहरु रहेका छन्। नेपाल दक्षिण एशियाली सहयोग संगठनको सदस्य राष्ट्र भएकोले यस महासन्धिको पक्ष राष्ट्र बनेको छ।

### २.२.१०. महिला विरूद्धका हिंसा निवारण सम्बन्धी घोषणा,१९९३

महिला विरूद्धका हिंसा निवारण सम्बन्धी घोषणा ,१९९३ महिला विरुद्ध हुने हिंसालाई स्पष्ट रूपमा सम्बोधन गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यको लागि ढाँचा उपलब्ध गराउने पहिलो अन्तर्राष्ट्रिय उपकरण हो। यस घोषणापत्रले हिंसालाई पुरुष र महिला बीचको ऐतिहासिक शक्ति असमानताको जराको रूपमा लिएको र अझै पनि महिला विरुद्धको हिंसाले विद्यमान विश्वव्यापी मानव अधिकार सम्बन्धी मापदण्डहरूको उल्लङ्घन गरेको स्पष्ट पार्छ। सार्वजनिक र निजी दुबै क्षेत्रमा हुने शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक असरका साथै धम्की र जबरजस्ती हिंसाको सहित परिभाषा गरेको छ।

घोषणापत्रले सार्वजनिक र निजी क्षेत्रहरू बीचको भेदभावलाई कम गर्दै सबै दोषी हरूलाई अनुसन्धान गरी सजाय गर्ने दायित्व राज्यको हुने कुरालाई जोड दिएको छ।

### २.२.११. बेइजिङ्ग घोषणा, १९९५

यो घोषणाले शारीरिक र मनोवैज्ञानिक दुर्व्यवहार, महिला र बालिकाको बेचबिखन र अन्य प्रकारका दुर्व्यवहार र यौन शोषण लगायत यौन तथा लैङ्गिक हिंसाले बालिका र महिलाहरूलाई शारीरिक र मानसिक आघात, रोग र अनिच्छित

गर्भधारणको उच्च जोखिममा राख्दछ भनेको छ। त्यस्ता अवस्थाहरूले प्रायः महिलाहरूलाई स्वास्थ्य र अन्य सेवाहरू प्रयोग गर्नबाट रोक्छ। महिला हिंसा समानता, विकास र शान्तिको उद्देश्य प्राप्तिका लागि बाधक हो।महिला विरुद्धको हिंसाले महिलाको मानवअधिकार मौलिक स्वतन्त्रताको उपभोगलाई उल्लङ्घन गरी ह्रास वा बेकार बनाउँछ। महिला अधिकार र स्वतन्त्रताहरूको संरक्षण र प्रवर्द्धन गरी महिला हिंसा उन्मुलन गर्न लामो समयदेखि प्रयत्न तर असफल भएका प्रायजसो राज्यहरूको लागि चिन्ताको विषय हो।

नैरोबी सम्मेलन पछि यसको कारण र नतिजाहरू, साथै यसको घटनाहरू र यसको सामना गर्ने उपायहरूको बारेमा जानकारी गरिएको छ। सबै समाजमा धेरै वा थोरै हदसम्म महिला र किशोरी तथा नाबालिकाहरू शारीरिक, यौनजन्य र मनोवैज्ञानिक दुर्व्यवहारको शिकार हुन्छन्।महिला को न्यून सामाजिक र आर्थिक हैसियतले गर्दा महिला हिंसाको कारण र परिणाम दुबै हुन सक्छन्।

**बेइजिङ्ग घोषणा**ले सबै सरकारहरूलाई प्रत्येक देशको राष्ट्रिय कार्य योजनाले महिला विरुद्ध हुने हिंसालाई सम्बोधन गर्ने लगायत महिलाको अवस्था सुधार गर्न सरकारले विशेष गतिविधिहरूको रूपरेखा बनाउन जोड दिन्छ।

यस घोषणाले पीडितको मर्यादाको लागि उनीहरुलाई दया र सम्मानको साथ व्यवहा र गर्नुपर्ने सिद्धान्त निर्माण गरेको छ। उनीहरूलाई न्यायको संयन्त्रमा सहज पहुँच हुनुपर्ने र उनीहरूले भोगेका क्षतिको लागि राष्ट्रिय कानूनले व्यवस्था गरे बमोजिम उपचार तुरुन्त पाउने अधिकार हुनुपर्ने व्यवस्था गरिएको छ।

पीडितहरूलाई छिटो, निष्पक्ष, सुलभ र पहुँचयोग्य औपचारिक वा अनौपचारिक प्रक्रियाहरू मार्फत क्षतिपूर्ति प्राप्त गर्न सक्षम बनाउन बलियो न्यायिक र प्रशासनिक संयन्त्रहरू स्थापना गर्नु पर्दछ र त्यस्ता संयन्त्रहरू मार्फत पीडितहरूलाई क्षतिपूर्तिको अधिकार सम्बन्धमा जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ।संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको नाताले यी सिद्धान्तहरु नेपालले पनि पालना गर्नुपर्ने हुन्छ।

### २.२.१२. मानव अधिकारको विश्वश्व्यापी आवधिक पुनरावलोकन प्रतिवेदन, २०२१ तेस्रो चक्र

यौनजन्य तथा लिङ्गका आधारमा हुने हिंसा अन्तर्गत विभिन्न देशहरुले नेपालको मानव अधिकारको विश्वश्व्यापी आवधिक पुनरावलोकन प्रतिवेदन, २०२१

प्रतिवेदनमा देहाय बमोजिमको टिप्पणी र सिफारिस गरेका छन्।

#### २.२.१२.१. सिड समितिको सुझावहरु

सिड समितिले देहाय बमोजिमको सुझावहरु दिएको छ:

(१) मुलुकी अपराध संहिता र घरेलु हिंसा (अपराध र सजाय) लगायत संविधान र महिला विरुद्धको हिंसा सम्बन्धी विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनलाई निष्पक्ष र प्रभावकारी रूपमा लागू गरिनुपर्छ। यसले जबरजस्ती करणी, घरेलु हिंसा र लैङ्किक आधारमा हुने हिंसा र अन्य यौन अपराधहरूका लागि अदालतहरूमा महिलाहरूको निर्बाध पहुँच सुनिश्चित गर्नेछ।

(२) जबरजस्ती करणी सम्बन्धी कानूनको ढाँचा (जबरजस्ती करणी सम्बन्धी नमूना कानून) (AFramework for

Legislation on Rape (Model Rape Law), 2021, UNGa\ 47th Session); - जबरजस्ती करणी सम्बन्धी कानूनको ढाँचा (Model Rape Law) मा ६ भाग र २० धारा रहेका छन् । जस अन्तर्गत पाँचौं भागमा जबरजस्ती करणी सम्बन्धी नमूना कानूनको व्यवस्था गरेको छ । जबरजस्ती करणी सम्बन्धी नमुना कानूनलाई तीन परिच्छेदमा विभाजन गरिएको छः

- जबरजस्ती करणीको अपराधीकरण,
- सजाय निर्धारण, अपराधको गाम्भिर्यता बढाउने तथा घटाउने अवस्था
- अनुसन्धान, अभियोजन तथा सुनुवाइ ।

### २.२.१२.२. संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषदको विशेष प्रतिवेदक (Special rapporteur)

संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषदको विशेष प्रतिवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ( कार्यविधि संहिता) को परिच्छेद १८ मा यौनजन्य अपराधहरूलाई परिभाषित र निषेध गरिएको तथा कसूरदारलाई सजायको व्यवस्था गरेको भए तापनि अन्तर्राष्ट्रिय कानून अनुरूप जबरजस्ती करणी र यौन हिंसाका अन्य प्रकारहरूलाई पर्याप्त रूपमा अपराधीकरण गर्न सकेको पाइँदैन । सो संहिताको दफा २२९ को उपदफा ९२० ले यौनजन्य हिंसाका मुद्दाहरू चलाउनको लागि एक वर्षको हदम्यादको विस्तार गरेको भए तापनि विशेष गरी द्वन्द्वकालमा भएका अपराधहरू र नाबालिका पीडितहरुको लागि यो प्रावधान निकै कम हुन सक्ने देखिन्छ । फलस्वरूप, सशस्त्र द्वन्द्वको सन्दर्भमा अपराधको विशिष्टतालाई वास्ता नगरी द्वन्द्वकालमा भएका जबरजस्ती करणीका घटनाहरूलाई सामान्य अपराधका रूपमा मात्र कारबाही गर्न सकिने हुँदा नेपालको कानूनले युद्धमा घटेका अपराध र मानवता विरुद्धको अपराधलाई संहिताबद्ध गर्दैन भनी प्रतिवेदकले चिन्ता व्यक्त गरेको छ ।

प्रतिवेदकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयकमा फर्त द्वन्द्वकालमा जबरजस्ती करणी र अन्य किसिमका यौनजन्य अपराधका मुद्दा दायर गर्ने हदम्यादको प्रावधानलाई नियोजित रूपमा निलम्बन गर्ने कुरालाई ध्यानमा राख्दै द्वन्द्वका क्रममा भएका यौन हिंसा र जबरजस्ती करणीका मुद्दाहरू दर्ताका लागि अपराध संहितामा हदम्यादको प्रावधान विस्तार गरेको भएता पनि अझै पीडितहरूलाई अगाडि आउन पर्याप्त समय नहुन सक्ने आशंका व्यक्त गरेको छ । घटनाको बारेमा नजिकैको प्रहरी कार्यालयमा अपराधको पहिलो सूचना (First Information Report-FIR) बुझाउँदा पिडकसँग आमनेसामने हुने डरले पीडितहरू बदलाको डरले अपराध भएको सूचना दिन वा उजुर गर्न नचाहने वा आफूले भोगेका आघातलाई पुन: व्यक्त गर्न हिचकिचाउने कारणले सूचना दिन वा उजुर गर्नबाट रोक्नसक्ने तर्फ चिन्ता व्यक्त गरेको छ । प्रतिवेदकले महिला हिंसा विरुद्ध संवैधानिक, संसदीय, न्यायिक र संस्थागत तरिकाले लड्न र रोकथाम गर्न सरकारले देहायका कार्यहरु गर्नुपर्ने सुझाव सिफारिस नं. ७८ मा दिएको छः

(१) विशेष गरी द्वन्द्वकालमा लैङ्गिक हिंसा, जबरजस्ती करणी तथा यौन हिंसाको सिकार भएका महिलाहरुबाट उजुरी प्राप्त गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गतिविधिलाई विस्तार गर्ने ।

(२) जबरजस्ती करणी र अन्य यौन हिंसाका सम्बन्धमा कुनै पनि कानुनी कारबाही सुरु गर्नका लागि हदम्यादको कानूनी प्रावधान पर्याप्त र कसूरको प्रश्न् (Offence in question) अनुरूपको समयावधि जारी रहने सुनिश्चित गर्न आवश्यक प्रावधान र अन्य उपायहरू सुनिश्चित गर्न पीडितको उमेर पुगिसकेपछि कारवाहीको प्रभावकारी

प्रारम्भको लागि अपराधको गम्भीरतालाई ध्यानमा राखी अनुमति दिन तत्काल कदम चाल्नुपर्ने।

त्यसैगरी सिफारिस नं. ८३ मा प्रतिवेदकले द्वन्द्वका क्रममा यौन हिंसाका पीडितहरूका सम्बन्धमा सरकारले देहायका कार्यहरु गर्नुपर्ने सुझाव दिएको छः

(१) द्वन्द्वको समयमा जबरजस्ती करणी वा यौन हिंसा र यातनाको अभियोजनलाई रोक्न कानूनमा कुनै अवरोधहरू भए सो सम्बोधन गर्ने,

(२) सर्वोच्च अदालतको २६ फेब्रुअरी २०१५ मा दिएको आदेश बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा रहेको आममाफी सम्बन्धी प्रावधानहरू संशोधन गर्ने र लैङ्गिक संवेदनशीलताको ग्यारेन्टी गर्न दिएको आदेशलाई ध्यान दिई द्वन्द्वकालमा हुने जबरजस्ती करणी वा यौनजन्य हिंसा र यातना सम्बन्धी मुद्दा दायर गर्नका लागि कुनै पनि हदम्यादको प्रावधान नराख्ने तथा नागरिक समाज र पीडितहरूसँग परामर्श गरी अन्तर्राष्ट्रिय कानून अन्तर्गत नेपालको दायित्व अन्तर्गत ल्याउन बेपत्ता पारिएका व्यक्ति को छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने,

(३) महिला र शान्ति सुरक्षा सम्बन्धी सुरक्षा परिषद्को प्रस्ताव १३२५ ९२०००० को कार्यान्वयनका लागि दोस्रो राष्ट्रिय कार्ययोजनालाई तीव्रता दिने र द्वन्द्वकालमा जबरजस्ती करणी वा यौन हिंसाको सिकार भएका महिला तथा बालिकाहरूका लागि आवश्यक उपायहरू समावेश गर्ने।

नेपालले लैङ्गिक समानता कायम गर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ। महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (१९९७९) लाई २२ अप्रिल १९९१ मा बाल अधिकार महासन्धि (१९८९) लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको थियो। महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को ऐच्छिक प्रोटोकल १९९९ को २००७ मा नेपाल पक्ष राष्ट्र भएको छ। समान कामका लागि महिला र पुरूष बीच समान पारिश्रमिक सम्बन्धी महासन्धि १९५१ (आइएलओ १००) लाई १९७६ मा र रोजगार तथा पेसामा हुने विभेद सम्बन्धी महासन्धि १९५८ (आइएलओ १११) लाई १९७४ मा अनुमोदन गरेको छ।

दिगो विकास लक्ष्यहरू सन् २०३० सम्म पूरा गर्ने प्रतिबद्धता जनाएको छ। त्यसका लागि लक्ष्य नं. ५ अन्तर्गत लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउन ९ वटा परिमाणात्मक लक्ष्य तयार पारिएको छ। नेपालले अनुमोदन गरेका महिला अधिकारसँग सम्बन्धीत केही महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरू देहाय बमोजिम रहेका छन्:

| दस्तावेज | अनुमोदन गरेको मिति |
|---|---|
| मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ [Universal Declaration of Human Rights (UDHR)] | १० डिसेम्बर, १९४८ मा ग्रहण र घोषणा |
| महिलाको राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९५२ [[Convention on the Political Rights of Women | २६ अप्रिल, १९६६ |
| नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय अनुबन्ध,१९६६ [([International Covenant on Civil and Political Rights (ICCPR | १४ मे,१९९१ |

| दस्तावेज | अनुमोदन गरेको मिति |
|---|---|
| महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ [Convention on the Elimination of All Forms of [(Discrimination against Women (CEDAW | २२ अप्रिल, १९९१ |
| बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा भएको बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० [Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially [Women and Children | १८ जनवरी, २००६ |
| बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने/बेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सम्बन्धी सन्धि, २००२ [SAARC Convention on Preventing and [Combating Trafficking in Women and Children for Prostitution | १५ नोभेम्बर, २००५ |

## परिच्छेद तीन

# करणी सम्बन्धी कसूरको पूर्व अध्ययनको समीक्षा

### ३.१. जबरजस्ती करणी सम्बन्धी कानूनको तुलनात्मक विश्लेषण

महान्यायधिवक्ताको कार्यालयद्वारा प्रकाशित “मानव मर्यादा संरक्षण सम्बन्धी कानूनी व्यवस्था र न्यायिक ८ दृष्टिकोण” पुस्तकमा **पद्मप्रसाद पाण्डेले**[७२] लेख्नु भएको प्रस्तुत लेखमा जबरजस्ती करणीको अर्थ र परिभाषा, जबरजस्ती करणी सम्बन्धी अवधारणा, करणी सम्बन्धी कसूरका स्वरुपहरु, यौनजन्य कसूरमा मञ्जुरी, कानूनत: बलात्कार (Statutory Rape), यौनजन्य कसूरमा सजाय,जबरजस्ती करणी विरुद्ध नेपालको कानूनले प्रदान गरेको महिलाको अधिकार, यौनजन्य कसूरमा पीडक र पीडितको लैंङ्गिकता, नजिकको उमेर छुटको कानून वा रोमियो र जुलियट कानून, उक्त अनुसन्धानमूलक लेखमा विभिन्न देशहरुमा जबरजस्ती करणीको परिभाषा, यस्तो कसूरमा हुने सजाय, अदालती दृष्टिकोण एवं व्यावहारिक समस्या भिन्नभिन्न रहेको[७३] देखिएको निष्कर्ष निकालिएको छ। साथै जसरी जबरजस्ती करणीको परिभाषामा मुलुकै पिच्छे भिन्न छ, सजायमा पनि त्यसरी नै फरकपना रहेको देखिन्छ।[७४] कानूनत: नाबालकको उमेर पनि मुलुकै पिच्छे फरक रहेको अध्ययनको निष्कर्ष रहेको छ। यसैगरी मुलुकी ऐन, २०२० मा २०५९, २०६३ र २०७२ मा भएको प्रत्येक संशोधनमा करणी सम्बन्धी कसूरको सजायमा वृद्धि गरिए पनि कसूरको संख्या नघटेकोले करणी सम्बन्धी कसूरको न्यूनीकरणको लागि सजाय बढाउनु अर्थहीन देखिएको छ।[७५] अन्य हदम्यादका विषय, अनुसन्धान र अभियोजनको विषय लगायत विभिन्न विषयमा विस्तृत अध्ययन गरी निष्कर्ष तथा सुझाव प्रदान गरिएको छ।

### ३.२. जबरजस्ती करणी अपराधका मुद्दा र पीडितलाई न्याय

**दलबहादुर धामी**ले[७६] लेख्नु भएको प्रस्तुत लेखमा जबरजस्ती करणी सम्बन्धी मुद्दामा पीडित र पीडितको परिवारलाई हुने व्यावहारिक समस्याहरू, अनुसन्धान, अभियोजन तथा सुनुवाइका क्रममा पीडितलाई हुने समस्या, क्षतिपूर्ति लगायतका विषयमा रहेका समस्यालाई उजागर गर्दै ती समस्याको समाधानको लागि सुझाव समेत दिइएको छ। समग्रमा प्रस्तुत लेख जबरजस्ती करणी अपराधका पीडित केन्द्रित रहेको छ।

### ३.३. संघीय संसद, कानून न्याय तथा मानव अधिकार समिति[७७]

मुलुकी अपराध संहिता २०७४ को करणि संबन्धि कसूर विषेश गरी दफा २१९ को प्रभावकारिता सम्बन्धमा विधायनोत्तर परीक्षण प्रतिवेदन, २०७८ ले दिएको निष्कर्ष यसप्रकार रहेको छ :

---

७२ https://ag.gov.np/storage/postFile/Manab%20maryada%20content%20pg_1600754701.pdf accessed at 5/1/2024.

७३ पद्मप्रसाद पाण्डेय, मानव मर्यादा संरक्षण सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण, जबरजस्ती करणी सम्बन्धी कानूनको तुलनात्मक विश्लेषण, २०७७, पेज ९०।

७४ ऐ.ऐ.।

७५ ऐ.ऐ. पृ. ९१।

७६ दलबहादुर धामी, *जबरजस्ती करणी अपराधका मुद्दा र पीडितलाई न्याय, अपराधका मुद्दा र पीडितलाई न्याय,* https://www.prasashan.com/2020/11/02/203927/

७७ https://hr.parliament.gov.np/uploads/attachments/dt0ksen78eyrtvbs.pdf

कानून कार्यान्वयन गर्ने विभिन्न निकायहरुको प्रतिनिधिहरुसँगको लक्षित समूह संगको छलफलको आधारमा जबरजस्ती करणी सम्बन्धी कानूनको कार्यान्वयनको अवस्थालाई हेर्दा महिला हिंसा अझ जबरजस्ती करणीमा शुन्य सहनशीलताको नीति ल्याइएको, अधिकांश मुद्दाहरूमा सहमतिमा यौन सम्पर्क बढ्दै जाने र कुरा मिल्न छोडेपछि बलात्कार भयो भनेर उजुरी दर्ता गर्ने प्रवृत्ति बढेको देखिन्छ। बाबु र छोरीको मुद्दामा आमाको दवाबका कारण अदालतमा प्रतिकूल बकपत्र हुने गरेको छ। विभिन्न मुद्दाहरूमा जस्तै living together ले पनि अपराध बढाई रहेको छ। विवाह गर्ने प्रतिवद्धता बमोजिम विवाह अगाडि नै यौन सम्पर्क हुन्छ तर पछि विवाह गर्न नमानेपछि बलात्कारमा मुद्दा दर्ता गर्ने प्रवृत्ति बढेको हुँदा नियमन गर्न कठिनाई भएको छ। हाल बलात्कारको प्रवृतिमा फेरबदल भएको देखिन्छ। अधिकांश बालिकाहरू आफ्नै घर परिवारका सदस्यबाट बलात्कृत भएका छन्। बलात्कारको तथ्याङ्कमा वृद्धि भएको छ। पछिल्लो समयमा भएको कानूनको परीवर्तनले केही मात्रामा भएको सचेतीकरणका कारण गाँउघरमा मिलापत्र गर्ने प्रवृत्तिमा कमी आई नेपाल प्रहरीमा जाहेरी दिने गरेको पाइन्छ। राज्यले महिलाका यस्ता संवेदनशील मुद्दामा उच्च प्राथमिकता दिइएको छ। तथापि जबरजस्ती करणीको मुद्दामा बयान बदल्ने वा बयानमा उपस्थित नहुने अवस्था अझै विद्यमान छ। पर्याप्त सेवा केन्द्रको अभाव, चिकित्सक तथा परामर्शदाताको व्यवस्था छैन। बलात्कार पीडितहरूको सामाजिक पुनर्स्थापनामा समस्या रहेको छ। हाल अपराधीहरूले नयाँ नयाँ प्रवृत्ति अपनाई अपराध गरिरहेका छन् तर नेपाल प्रहरीमा त्यस अनुरुपको अनुसन्धान गर्ने दक्षताको अभाव रहेको छ। सामाजिक सञ्चार माध्यमहरूले गर्दा प्रभावकारी अनुसन्धान गर्न कठिनाई परेको छ। टोलटोलमा लैंगिक सचेतनाको कार्यक्रम गर्न आवश्यक छ। जबरजस्ती करणीको मुद्दा अनुसन्धान, अभियोजन र न्याय निरुपणमा संलग्न कर्मचारीलाई अनिवार्य तालिमको व्यवस्था हुनुपर्दछ। प्रमाण सुरक्षामा सबै सचेत हुन जरुरी छ। अन्तरिम राहतको प्रभावकारी कार्यान्वयन नहुँदा अन्तिम फैसलाको टुङ्गो नलागेसम्म क्षतिपूर्ति प्राप्त गर्न नसक्ने र पीडित कठिन अवस्थामा रहने स्थिति छ। प्रसुती गृहबाट समयमा स्वास्थ्य जाँच प्रतिवेदन प्राप्त नहुँदा २५ दिन भित्र अदालतमा बुझाउन कठिनाई भएको छ। साक्षी संरक्षण चुनौतीपूर्ण छ। सडक मानवहरू बलात्कारमा पर्ने गरेको उद्धार गरी राख्ने ठाउँको संरचानाको अभाव रहेको छ।

## परिच्छेद चार

# संकलित सूचना/तथ्याङ्क र सोको विश्लेषण

### क. सुरू मिसिल अध्ययनः

सातै प्रदेश, भौगोलिक विविधता समेत समेटिने गरी कोशी प्रदेशका झापा, पाँचथर, सोलुखुम्वु, मधेश प्रदेशका धनुषा, सर्लाही, बारा, वागमती प्रदेशका मकवानपुर, काठमाडौं, दोलखा, गण्डकी प्रदेशका गोरखा, नवलपुर, कास्की, लुम्बिनी प्रदेशका अर्घाखाँची, रोल्पा, बाँके, कर्णाली प्रदेशका दैलेख, जाजरकोट, जुम्ला र सुदूर पश्चिम प्रदेशका कैलाली,,डडेल्धुरा र दार्चुला गरी २१ जिल्लाका जम्मा १४३ वटा मुद्दाको सुरू अभियोगपत्र र सम्बद्ध कागजातको अध्ययन गर्दा देहायको विषयमा देहाय बमोजिम एकीकृत विवरण रहे भएको पाइयो। सबै मुद्दाको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।

### १. कसूरको प्रदेशगत वितरणको अवस्थाः

सातवटै प्रदेशका जिल्ला सरकारी वकील कार्यालयबाट जिल्ला अदालतमा दर्ता भई चालु अवस्थामा रहेका करणी सम्बन्धी मुद्दा हरेक प्रकृतिका (मुलुकी अपराध संहिता, २०७४, भाग २ परिच्छेद १८ मा उल्लिखित नेपाल सरकार वादी हुने) उपलब्ध भएसम्म २ / २ वटाका दरले अध्ययन गरिएको छ। यसरी हेर्दा थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने, आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने, कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने प्रकृतिका कसूर भए गरेको भनी अभियोग मागदाबी लिएको देखिएन। जबरजस्ती करणीको कसूर दबाउन मिलापत्र गर्न नहुने कसूर गरेको १ थान देखियो।

अभियोजन गरिएका मुद्दाको प्रकृति अनुसार संख्यात्मक स्थिति देहाय बमोजिम रहेका छन् –

**तालिका – १**

| प्रदेश | जबरजस्ती करणी | ज.क. उद्योग | अप्राकृतिक मैथुन | हाडनातामा ज.क. | वैवाहिक ज.क. | बालयौन दुरूपयोग | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कोशी | ५ | ५ | १ | ६ | १ | ६ | २४ |
| मधेश | ४ | ५ | ४ | ६ | २ | १ | २२ |
| वागमती | ६ | ३ | २ | ५ | २ | ४ | २२ |
| गण्डकी | ७ | २ | - | ५ | १ | ४ | १९ |
| लुम्बिनी | ७ | ४ | २ | ४ | - | - | १७ |
| कर्णाली | ६ | ४ | - | ६ | - | ४ | २० |
| सुदूर पश्चिम | ६ | ३ | - | ४ | २ | ४ | १९ |
| जम्मा | ४१ | २६ | ९ | ३६ | ८ | २३ | १४३ |




उल्लिखित विवरण अनुसार संख्याको हिसाबले सबै भन्दा बढी कोशी प्रदेशमा ६ प्रकृतिका २४ थान अर्थात् १६.६७ प्रतिशत, सबै भन्दा कम लुम्बिनी प्रदेशमा ४ प्रकृतिका १७ थान अर्थात् ११. ८० प्रतिशत मुद्दा रहेको देखियो।

तथापि महान्यायाधिवक्ताको कार्यालयको २०७९/०८० को वार्षिक प्रतिवेदन हेर्दा सुरू तहमा करणी सम्बन्धी सबै प्रकृतिका कसूरको संख्या हेर्दा प्रदेशगत स्वरूप यस्तो देखिन्छः

**तालिका - २**

| कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ५९९ | ६८६ | ७२६ | २७० | ८०५ | १९७ | २०४ | ३४८७ |




सुरू तहमा विचाराधीन देशैभरीका करणी सम्बन्धी सबै प्रकृतिका कुल बाँकी मुद्दा संख्या हेर्दा भने सबै भन्दा बढी मुद्दा लुम्बिनी प्रदेशमा २३.०८ प्रतिशत र सबै भन्दा कम कर्णाली प्रदेशमा ५.६४ प्रतिशत रहेको देखियो। त्यसैगरी अध्ययन गरिएका १४३ थान मुद्दामा कसूरको प्रकृति अनुसार देहाय बमोजिम रहे भएको देखिन्छः -




उल्लिखित चार्ट अनुसार सबै भन्दा बढी जबरजस्ती करणीको कसूर ४१ वटा अर्थात् २८.४७ प्रतिशत र सबै भन्दा कम वैवाहिक जबरजस्ती करणी ८ वटा अर्थात् ५.५५ प्रतिशत रहेको देखियो। अन्य प्रकृतिका कसूर हेर्दा हाडनातामा जबरजस्ती करणी २५ प्रतिशत, जबरजस्ती करणी उद्योग १८.७५ प्रतिशत, बालयौन दुरूपयोग १५.९७ प्रतिशत, अप्राकृतिक मैथुन ६.२५ प्रतिशत रहेको देखियो।

### २. कसूर पीडित र कसूर गर्नेको नाता सम्बन्ध

अध्ययन गरिएका मुद्दामा कसूर पीडित नाता सम्बन्ध, गाउँ छिमेक वा अपरिचित कोबाट पीडित हुन पुग्दा रहेछन् भनी अध्ययन गरिएको छ। यस विषयमा देहाय बमोजिमको तथ्याङ्क देखिएको छः-

**तालिका – ३**

| नाता भित्रको | गाउँ घरको / छिमेकी | प्रेम सम्बन्धको | चिने जानेको तर नाता नपर्ने | अपरिचित | शिक्षक | सम्बन्ध नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ४६ | २३ | १ | ३६ | २ | १ | ३४ | १४३ |

उल्लिखित तालिका अनुसार करणी सम्बन्धी कसूर, पीडितको आफ्नै नाता भित्रका व्यक्तिबाट नै सबैभन्दा बढी हुने गरेको देखियो। नाता नपर्ने भए पनि चिने जाने कै व्यक्तिबाट कसूर हुने गरेको संख्या पनि उल्लेख्य नै छ। उल्लिखित विवरणलाई चार्टमा यसरी उल्लेख गरिएको छः




### ३. कसूर पीडितको उमेर समूह

करणी सम्बन्धी कसूरबाट पीडित हुनेको उमेर समूह के कस्तो रहेको छ वा कुन उमेर समूहका महिला कसूरबाट बढी पीडित हुँदा रहेछन् भन्ने सम्बन्धमा समेत अध्ययन गरिएको छ। यो विषयमा हेर्दा अध्ययन गरिएका मुद्दामा देहाय बमोजिम विवरण रहे भएको पाइन्छः

**तालिका - ४**

| १० वर्ष मुनि | १०- १४ वर्ष | १४- १६ वर्ष | १६- १८ वर्ष | १८-२० वर्ष | २० वर्ष माथि | जेष्ट नागरिक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ३० | २९ | २३ | १७ | ६ | ३६ | २ | १४३ |

माथिको तालिकाबाट अधिक संख्या २५.६९ प्रतिशत उमेर पुगेका महिला नै करणी सम्बन्धी कसूरबाट पीडित हुने गरेको देखिन्छ तथापि १० वर्ष मुनिका अबोध बालबालिका (२०.८३ प्रतिशत) पनि कसूरबाट पीडित हुन परेको संख्या समेत अधिक नै छ। यौवनावस्थाका किशोरीहरू (१४ वर्ष माथि र १८ वर्ष मुनिको) संख्या जोड्ने हो भने यो उमेर समूहका सबै भन्दा बढी २७.७७ प्रतिशत पीडित हुने गरेको देखियो। अध्ययन गरिएका मुद्दामा जेष्ठ नागरिक समेत कसूरबाट पीडित हुनु परेको देखिएको छ; तर यो संख्या भने १.३९ प्रतिशत मात्र रहेको छ।

### ४. कसूर गरेको भनी अभियोग लगाइएका व्यक्तिको उमेर समूहः

अभियोजन गरिएका अध्ययन गरिएका मुद्दामा कुन उमेर समूहका व्यक्ति कसूरमा संलग्न देखिएका छन् भनी हेर्दा देहायको तथ्याङ्क देखिएको छः-

**तालिका - ५**

| १० वर्ष मुनि | १०-१४ वर्ष | १४-१६ वर्ष | १६-१८ वर्ष | १८-२० वर्ष | २० वर्ष माथि | जेष्ट नागरिक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ० | ३ | ८ | ११ | ११ | १०८ | २ | १४३ |

माथिको तालिका अनुसार कसूर पीडित जस्तै अभियुक्त पनि २० वर्ष माथि उमेर समूहका सर्वाधिक देखिएका छन्। १०

वर्ष मुनिकाको संख्या शुन्य देखिनुको कारण त्यस उमेर समूहकालाई खतबात नलाग्ने भएकाले अभियोजन गर्नु पर्ने अवस्था नरहेकोले हुन सक्छ। जेष्ट नागरिकले पनि करणी सम्बन्धी कसूर गरेको भनी अभियोग लागेको देखिएको छ। यो संख्या कसूर पीडित समान रहेको देखिनु विचारणीय छ। कसूर पीडित र अभियुक्तको उमेर समूहको तुलनात्मक चार्ट हेर्दा यस्तो देखिन्छः




कम उमेर समूहका बालिका बढी कसूर पीडित देखिएका छन् भने उमेर समूह बढ्दै जाँदा अभियुक्त हुने व्यक्तिको संख्या बढ्दै पनि जाने गरेको देखिएको छ। माथिको चार्टबाट १८ वर्ष भन्दा कम उमेरका बालबालिका पीडित हुने ६८.७५ प्रतिशत देखिएका छन् भने सोही उमेर समूहका कानूनको विवादमा परेका बालबालिकाको संख्या १५.२८ प्रतिशत मात्र देखिएको। त्यसै गरी १८ वर्ष भन्दा माथिका पीडितको संख्या ३१.२५ प्रतिशत देखिएको छ भने सोही उमेर समूहका अभियुक्तको संख्या भने ८४.७२ प्रतिशत रहेको छ।

### ५. कसूर हुने स्थानको पहिचान

करणी सम्बन्धी कसूर के कुन स्थानमा बढी हुने गरेको छ भनी पहिचान गर्ने प्रयास गरिएको छ। कसूरदारले के कुन स्थानलाई करणी गर्ने उपयुक्त स्थान बनाउँदा रहेछन् भनी हेर्दा देहायको विवरण देखिएको छः

**तालिका - ६**

| पीडितकै घरकोठा | शंकितको घरकोठा | खेत वारी | वाटो घाटो / सार्वजनिक स्थान | वन जंगल | स्कूल वा कार्य स्थल | आफन्तको घर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ७५ | २२ | ११ | १० | १५ | १ | ६ | ३ | १४३ |

माथिको तालिकाबाट पीडित आफ्नै घर कोठामा पनि शुरक्षित छैनन् भन्ने देखिएको छ। आफ्नै घर कोठामा कसूर पीडित हुनु परेको संख्या ५२.४५ रहेको छ। अभियुक्तले आफ्नो घर कोठामा लगी कसूर गर्ने गरेको संख्या १५.३८ प्रतिशत र वन जंगल, खेत बारी, बाटो घाटो लगायत सार्वजनिक स्थान र आफन्तको घरमा गएको अवस्थामा कसूरबाट पीडित हुनु परेको संख्या क्रमश.. १०.४९, ७.६९, ६.९४ र ४.२० प्रतिशत रहेको छ। स्कूल वा कार्यस्थलमा पीडित हुनु परेको संख्या भने ०.७० प्रतिशत मात्र रहेको छ।

## ६. करणी सम्बन्धी कसूरको प्रकृति र कसूर गरेको तरिकाको विश्लेषण

मुलुकी अपराध संहिताले करणी सम्बन्धी विभिन्न प्रकृतिका कसूर र त्यस्ता कसूर कायम हुने विभिन्न अवस्था समेत उल्लेख गरेको छ । करणीको कसूर कायम हुन सामान्यतया पीडितको मञ्जुरी नरहेको अवस्था हुनु पर्दछ तर पीडितको मञ्जुरी भए पनि करणीजन्य कसूर हुने अवस्था पनि कानूनले व्यवस्था गरेको छ । अभियोग मागदाबी गरिएका मुद्दामा के कस्तो तौर तरिकाले (Modus operendi) कसूर गरिएको छ भनी केलाउने प्रयास गरिएको । यसमा देहाय बमोजिमको अवस्था देखिएको छः

**तालिका - ७**

| जोर जबरजस्ती | प्रलोभन | नाजुक स्थिति | अनुचित प्रभाव | अचेत अवस्था | जम्मा |
|---|---|---|---|---|---|
| ५७ | २४ | २४ | २८ | १० | १४३ |

अध्ययन गरिएका मुद्दा मध्ये धैरै मुद्दामा (३९.८६ प्रतिशत) कसूर गर्दा अभियुक्तले पीडित उपर बलको प्रयोग वा जोर जबरजस्ती गरेको भन्ने देखिएको छ । बालबालिकालाई मिठाई, पैसा, मनोरञ्जन वा यस्तै कुनै कुरा दिई वा दिने प्रलोभन देखाई कसूर गर्ने गरेको संख्या समेत उल्लेख्य रहेको छ । त्यसै गरी मायाँ प्रेम / विवाह गर्ने वा नोकरी लगाई दिने वा फाइदा हुने कुराको र आफ्नो प्रभुत्वमा रहेको विषयमा अनुचित प्रभाव पारी, निदाएको वा लागू/मादक पदार्थ खाई खुवाई अचेत अवस्थामा रहेको अवस्थामा कसूर गरेको, अपाङ्गता, गर्भवती वा विरामी परी वा ज्यादै कम उमेरको भई प्रतिकार गर्न नसक्ने नाजुक स्थितिमा समेत कसूर गर्ने प्रवृत्ति देखिएको छ । यस्ता प्रवृत्तिमा अनुचित प्रभाव १९.५८ प्रतिशत, प्रलोभन र नाजुक स्थिति १६.८७ र अचेत अवस्था ६.९९ प्रतिशत मुद्दामा देखिएको छ ।

## ७. कसूर पुष्टि हुने प्रमाण संकलनका सम्बन्धमा

अध्ययन गरिएका सबै मुद्दामा जाहेरवाला र कसूर पीडितको अभियुक्त उपर किटानी कागज व्यहोरा रहे भएको, पक्राउ परेका अभियुक्तको साविती वा इन्कारी बयान जस्ता मौखिक प्रमाण रहे भएको देखिनेमा त्यस्ता मौखिक प्रमाण अन्य स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थित हुनु कसूर कायम हुने वा नहुने कुरामा महत्व राख्ने हुन्छ । त्यसैले अनुसन्धानको प्रभावकारिता सम्बन्धमा देहायका विषयमा केन्द्रित रही अध्ययन गरिएको छः

**तालिका - ८**

| पीडितको स्वास्थ्य परीक्षण तत्काल (३ दिन भित्र) | | स्वास्थ्य परीक्षणमा चोट चिन्ह | | पीडित प्रभाव प्रतिवेदन | | शंकित पक्राउ | | शंकितको बयान | |
|---|---|---|---|---|---|---|---|---|---|
| भएको | नभएको | रहेको | नरहेको | रहेको | नरहेको | पक्राउ | फरार | सावित | इन्कार |
| ३२ | १११ | ९८ | ४५ | ० | १४३ | १३० | १३ | ७३ | ५७ |

करणी सम्बन्धी कसूरको घटनास्थल पीडितको शरीर नै हुने परिप्रेक्ष्यमा घटनाको जानकारी हुनासाथ पीडितको स्वास्थ्य परीक्षण गराउन जरूरी हुन्छ । अध्ययन गरिएका मुद्दा सबैमा कुनै न कुनै रूपको स्वास्थ्य परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको देखिए पनि जम्मा २२.३८ प्रतिशत मुद्दामा मात्र तत्काल (३ दिन भित्र ) स्वास्थ्य परीक्षण गराएको भन्ने देखियो ।

मिसिल संलग्न परीक्षण प्रतिवेदन सबैमा कसूरको प्रकृति अनुसार चोट चिन्ह नदेखिन पनि सक्छ तथापि कुने न कुनै चोट चिन्ह नहुनुको पछाडि वारदात प्रति नै शंका उत्पन्न हुने अवस्था रहन्छ। मिसिलमा रहेका स्वास्थ्य परीक्षण प्रतिवेदन मध्ये ६८.५३ प्रतिशत मुद्दामा कु नै न कुनै चोट चिन्ह रहे भएको देखिएको छ। करणीजन्य कसूरमा जसरी पीडितको स्वास्थ्य परीक्षण वारदात स्थापित गर्न महत्वपूर्ण प्रमाण मानिन्छ त्यसै गरी पीडित उपर परेको कसूरको असर वा क्षति आँकलनका लागि पीडित प्रभाव प्रतिवेदनको महत्व त्यत्ति कै रहन्छ। हामीले अध्ययन गरेका कुनै पनि मुद्दामा पीडित प्रभाव प्रतिवेदन नहुनु दुखद पक्ष रहेको छ।

अध्ययन गरिएका धेरै मुद्दा ९०.९१ प्रतिशतमा शंकित व्यक्ति पक्राउ परेको भन्ने देखिएको छ। त्यसै गरी पक्राउ परेका मध्ये ५१ प्रतिशत कसूरमा सावित रहेको देखिएको छ। समग्रमा अनुसन्धानको प्रभावकारिता हेर्दा पीडित प्रभाव प्रतिवेदन बाहेक अध्ययन गरिएका अन्य पक्ष सन्तोषजनक मान्नु पर्ने देखिन्छ।

## ८. अभियोजनको उपयुक्तताः

करणी सम्बन्धी कसूरमा कसूर र त्यस्तो कसूरमा संलग्नता अनुसारको सजायको मागदाबी लिनु आवश्यक हुन्छ। कम सजाय हुने कसूरमा पनि ठूलो सजाय र कसूरमा संलग्नता अनुसार प्रति व्यक्ति प्रमाण नखुलाई गोश्वारा रूपमा, अनावश्यक विलम्ब गरी अभियोजन गरिनु हुँदैन। अध्ययन गरिएका मुद्दामा अभियोजनको उपयुक्तताका सम्बन्धमा केही आधारलाई मध्यनजर गरी विश्लेषण गरिएको छः

**तालिका - ९**

| **वारदात भएको मितिले अभियोग दर्ता अवधि** | | | **कसूर अनुसार उपयुक्त दफाको प्रयोग** | | | **निरन्तर सुनुवाइको जिकिर** | |
|---|---|---|---|---|---|---|---|
| १ महिना भित्र | ६ महिना भित्र | ६ महिना पछि | उपयुक्त भएको | गलत कानूनको प्रयोग | ठूलो / धेरै दाबी | लिएको | नलिएको |
| ७५ | ४२ | २६ | १३४ | ० | ९ | ८८ | ५५ |

अध्ययन गरिएका मुद्दा मध्ये ७५ थान अर्थात् ५२.४५ प्रतिशत मुद्दा वारदात भएको एक महिमा भित्रै अभियोजन गरेको देखिन्छ। ४२ थान अर्थात् २९.३७ प्रतिशत मुद्दा वारदात भएको १ महिना पछि ६ महिना भित्र र २६ थान अर्थात् १८.१८ प्रतिशत मुद्दा वारदात भएको ६ महिना पछि मात्र अभियोजन गरेको भन्ने देखियो। प्राय सबै मुद्दामा तथ्य अनुरूप नै कानूनको दफाको प्रयोग भएको, कसूर पीडित र कानूनको विवादमा परेको अवस्था र पीडितको नातेदार कसूरमा संलग्न भएको अवस्थामा पक्षको परिचयात्मक विवरणको गोपनियता कायम गरेको देखिन्छ। बालयौन दुरूपयोग सम्बन्धी कसूरमा विशेष कानून (बालबालिका सम्बन्धी ऐन) नै प्रयोग गरिएको छ। तथापि केही मुद्दा ९ थान अर्थात् ६.२९ प्रतिशत मुद्दामा कसूर गर्दा बल प्रयोग गरेको कार्यमा ज्यान मार्ने उद्योगसमेत, पीडितलाई घटनास्थलसम्म लगी कसूर गरी छाडेकोमा अपहरणको कसूर समेत, करणी सम्बन्धी कसूर पुष्टि नहुने कर्तब्य ज्यानको कसूरमा करणी सम्बन्धी कसूर समेत, उमेर पुगेका बीच सहमतिमा होटल होमस्टेमा गई शारीरिक सम्पर्क गरेकोलाई समेत कसूर करार गरी सजायको मागदाबी लिएको उपयुक्त देखिँदैन।

कसूर पीडितले क्षतिपूर्ति सहितको न्याय पाउने मौलिक हक हो। करणी सम्बन्धी कसूरमा अभियुक्तबाट क्षतिपूर्ति भराई पाउन मागदाबी लिएको देखिए पनि अभियुक्तको सम्पत्ति विवरण खुलाई यो सम्पत्तिबाट क्षतिपूर्ति भराउने भनी यकिन गरेको र

सम्पत्ति रोक्काको लागि अनुरोध गरेको समेत देखिएन। अर्कोतर्फ अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम कुनै पनि कसूरकायम भई कसूरदारलाई सजाय भएपछि अदालतले अनिवार्य रूपमा क्षतिपूर्ति शुल्क भराउनु पर्नेमा सरकार वादी मुद्दा भित्र नपर्ने सो विषयमा समेत अभियोग मागदाबी लिने गरेको देखिदा यसलाई कानूनसम्मत मान्न मिल्ने देखिँदैन।

त्यसै गरी करणी सम्बन्धी नैतिक पतनको कसूर समेत कायम हुन सक्ने र गंभीर प्रकृतिको अधिक सजाय हुने मुद्दामा पीडित दवाव प्रभावमा पर्ने र समयको अन्तरालमा विविध कारणवश अदालतमा उपस्थित हुन नआउने यथार्थ तथ्यलाई गंभीरतापूर्वक लिई कानूनमा उल्लेख भएको निरन्तर सुनुवाइको लागि पहल गर्नु पर्नेमा अध्ययन गरिएका मुद्दा मध्ये ५५ थान अर्थात् ३८.४६ प्रतिशत मुद्दामा निरन्तर सुनुवाइको लागि मागदाबी गरेकै देखिँदैन।

## ख. पुनरावेदन तहको (उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालय) चालु अवस्थाका मिसिलको अध्ययनः

उच्च सरकारी वकीलकार्यालयको प्रतिनिधित्व हुने गरी विराटनगर, जनकपुर, पाटन, बाग्लुङ, बुटवल, सुर्खेत र महेन्द्रनगर गरी सात वटा उच्च सरकारी वकील कार्यालयमा चालु अवस्थाका उपलब्ध भएसम्म २/२ वटाका दरले मिसिल अध्ययन गरिएको छ। मिसिल अध्ययनबाट प्राप्त विस्तृत विवरण अनुसूची – २ मा उल्लेख गरिएको छ।

### १. अध्ययन गरिएका मुद्दाको विवरण

**तालिका – १०**

| प्रदेश | जबरजस्ती करणी | ज.क. उद्योग | अप्राकृतिक मैथुन | हाडनातामा ज.क. | वैवाहिक ज.क. | बालयौन दुरूपयोग | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विराटनगर | १ | १ | १ | २ | - | २ | ७ |
| जनकपुर | २ | २ | - | २ | - | २ | ८ |
| पाटन | २ | २ | २ | २ | - | २ | १० |
| बाग्लुङ | १ | १ | १ | १ | - | २ | ६ |
| वुटवल | ३ | - | - | २ | १ | २ | ८ |
| सुर्खेत | २ | २ | १ | १ | - | १ | ७ |
| महेन्द्रनगर | २ | २ | - | १ | - | २ | ७ |
| म.न्या.का. | २ | २ | १ | २ | - | - | ७ |
| **जम्मा** | **१५** | **१२** | **६** | **१३** | **१** | **१३** | **६०** |

उच्च सरकारी वकील कार्यालयमा समेत कानूनले अपराधीकरण गरेका सबै प्रकृतिका करणीजन्य कसूर विचाराधीन रहे भएको देखिँदैन। कसूरका प्रकृति मध्ये जबरजस्ती करणी कै कसूर बढी देखिन्छन् भने आठ वटा कार्यालयमा जम्मा १ वटा मात्र वैवाहिक बलात्कारको कसूर विचाराधीन देखियो। उच्च सरकारी वकील कार्यालयमा भएका करणी सम्बन्धी कसूरको अवस्थालाई देहायको चार्टबाट प्रष्ट पारिएको छः




उल्लिखित चार्ट अनुसार पुनरावेदन तहमा विचाराधीन रहेका मुद्दाका प्रकृति हेर्दा जबरजस्ती करणी २५ प्रतिशत, बालयौन दुर्व्यवहार र हाडनातामा जबरजस्ती करणी समान २१.६७ प्रतिशत, अप्राकृतिक मैथुन १० प्रतिशत र वैवाहिक बलात्कार १.६७ प्रतिशत देखियो।

**२. मुद्दामा सुनुवाइ तथा फैसला सम्बन्धी विवरणः**

सुरू तहको मिसिल अध्ययन गर्दा जाहेरी दरखास्त देखि अभियोगपत्र दर्तासम्मका विवरण उल्लेख गरिएकोमा यहाँ उच्च तहको मिसिलको अध्ययन गर्दा अदालतमा मुद्दा दर्ता पश्चात् फैसला, पुनरावेदन र प्रत्यर्थी झिकाउने आदेशसम्मका विवरण उल्लेख गरिएको छ। मुद्दा फरक फरक भए पनि कसूरको प्रकृति र प्रवृत्तिका हिसाबले कार्य सम्पादनको अवस्थाको आँकलन गर्न मद्दत पुग्ने विश्वास लिइएको छः

उच्च सरकारी वकील कार्यालयका ५३ थान मिसिलको अध्ययन गर्दा देहायका विषयमा देहाय बमोजिम विवरण पाइएको छः

| **अभियुक्तको बयान** | | **पीडितको बकपत्र** | | | **फैसलाको व्यहोरा** | | | **मुद्दा दर्ताको हिसाबले फैसला अवधि** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अनुसन्धान सरह | फरक | अनुकूल | प्रतिकूल | अनुपस्थित | कसूर कायम | सफाइ | दाबी परिवर्तन | ६ महिना भित्र | १ वर्ष भित्र | १ वर्ष पछि |
| २८ | २५ | ३९ | १३ | १ | १९ | २४ | १० | २१ | १३ | १९ |

पाई चार्टबाट यहि तथ्याङ्कलाई हेर्दा:







सुरू तहको जिल्ला अदालतबाट फैसला भएका उच्च सरकारी वकील कार्यालयहरूमा विचाराधीन मध्ये उपलब्ध भएसम्म हरेक प्रकृतिका २/२ वटा मुद्दाका ५३ वटा फाइल अध्ययनबाट देखिएको तथ्यका आधारमा अभियुक्तले अदालतमा बयान गर्दा अनुसन्धानको भन्दा फरक जिकिर लिएको ४७.१७ प्रतिशत र अनुसन्धानमा गरे सरह बयान जिकिर लिएको ५२.८३ प्रतिशत देखियो। यसबाट कि त प्रतिवादीले कसूरबाट बच्न अदालतमा झुट्ठा बयान गर्ने पनि गर्दछन् भन्ने वा कि त अनुसन्धानमा बयान गराउँदा अभियुक्तको इच्छा विपरित पनि बयान गराइदो रहेछ भन्ने देखिन्छ। त्यसै गरी कसूर पीडितले दवाब प्रभाव परी प्रतिवादीलाई बचाई दिन प्रतिकूल बकपत्र पनि गर्ने गरेको भन्ने तथ्य यसको संख्या २४.५२ प्रतिशत रहे भएको देखिएबाट प्रष्ट हुन्छ।






## २. पुनरावेदन सम्बन्धी विवरण

सुरू जिल्ला अदालत र उच्च अदालतबाट पहिलो पुनरावेदन सुनी गरेको फैसला उपर परेका पुनरावेदन र यसमा अदालतबाट प्रत्यर्थी झिकाउने आदेशका आधार समेतलाई अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ। यसमा उच्च सरकारी वकील कार्यालयहरूका ५३ थान र महान्यायाधिवक्ताको कार्यालयका ७ थान मुद्दाका मिसिलको अध्ययन गरिएको छ।

| पुनरावेदन सम्बन्धी विवरण | | | प्रत्यर्थी झिकाउने आदेश | | | |
|---|---|---|---|---|---|---|
| वादीको | प्रतिवादीको | दोहोरो | प्रत्यर्थी. झि. नभएको | प्रमाण मूल्याङ्कन मा त्रुटि | एक अर्कालाई सुनाउने | कानूनको प्रयोगमा त्रुटि |
| ४९ | १४ | ४ | ३९ | १० | ४ | २ |

अध्ययन गरिएका ६० थान मुद्दा मध्ये ४९ वटा मुद्दामा वादी नेपाल सरकारको पुनरावेदन परेकोमा ३९ थान मुद्दामा प्रत्यर्थी झिकाउने आदेश नै भएको छैन। ४ वटा मुद्दामा दोहोरो पुनरावेदन परी पुनरावेदन एक अर्कालाई सुनाउने गरी आदेश भएको छ भने १० वटा मुद्दामा मिसिल संकलित प्रमाणको मूल्याङ्कनमा त्रुटि भई फैसला फरक पर्न सक्ने भई प्रत्यर्थी झिकाउने भन्ने व्यहोरा र २ वटा मुद्दामा कानूनको प्रयोगका सम्बन्धमा व्याख्यात्मक प्रश्न निहित रहेको भनी प्रत्यर्थी झिकाउने आदेश भएको छ।

## ३. उच्च सरकारी वकील कार्यालयबाट मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने गरी अन्तिम निर्णय गरेका निर्णयको अध्ययन

विराटनगर, जनकपुर, पाटन, बाग्लुङ, नेपालगञ्ज र महेन्द्रनगर गरी छ वटा उच्च सरकारी वकील कार्यालयका उपलब्ध भएसम्म हरेक प्रकृतिका २/२ वटा मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय अध्ययन गरिएको छ। मिसिल अध्ययन नगरिएको अवस्था हुँदा निर्णयमा उल्लेख गरेको विवरणका आधारमा देहायको तालिकामा उल्लेख गरिएको छः

| नाम | अप्राकृतिक मैथुन | वैवाहिक ज.क. | ज.क. उद्योग | ज.क. | हाडनातामा ज.क. | बालयौन दुरूपयोग | जम्मा |
|---|---|---|---|---|---|---|---|
| विराटनगर | १ | - | २ | २ | २ | १ | ८ |
| जनकपुर | १ | - | १ | २ | १ | १ | ६ |
| पाटन | - | १ | २ | २ | १ | २ | ८ |
| बाग्लुङ | - | - | २ | २ | १ | १ | ६ |
| नेपालगञ्ज | १ | १ | - | २ | २ | २ | ८ |
| महेन्द्रनगर | १ | १ | २ | २ | १ | - | ७ |
| जम्मा | ४ | ३ | ९ | १२ | ८ | ७ | ४३ |

करणी सम्बन्धी सबै प्रकृतिका कसूर कुनै पनि कार्यालय र कार्यको कुनै पनि तहमा रहे भएको देखिएन। महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम हरेक उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को अवस्था विद्यमान नभएको अवस्थामा मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गरी त्यस्ता मुद्दा अन्तिम किनारा लगाउन सक्दछन्। यसरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने गरी निर्णय गर्दा सम्बन्धीत अधिकारीबाट कानूनले तोकेको म्याद भित्रै आधार र कारण खुलाई निर्णय गर्ने गरेको देखियो। के कस्ता कागज प्रमाण वा परिस्थिति रहे भएको अवस्थामा मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने भन्ने निश्चित मापदण्ड नभएको हुँदा निर्णय गर्ने अधिकारीले न्यायिक विवेकको प्रयोग र औचित्यता हेरी निर्णय गर्ने अवस्था रहन्छ। अध्ययन गरिएका निर्णयको विवरण अनुसूची – २ मा समावेश गरिएको छ। सो विवरणलाई हेर्दा खास गरेर देहाय बमोजिमका आधारमा निर्णय गर्ने गरेको देखियोः

| कसूर कायम भई आंशिक ठहर भएको | प्रतिकूल बकपत्र भई अन्य प्रमाण नरहेको | बकपत्र गर्न उपस्थित नभई अन्य प्रमाण नरहेको | बकपत्र भएको इन्कारी बयान रहेको | कानूनको विवादमा परेका बालक उपर निवेदन गर्ने आधार नरहेको | दुनियाँ वादीमा परिणत गरेकाले उपचार प्राप्त गर्ने अवस्था रहेको |
|---|---|---|---|---|---|
| ४ | २३ थान | ५ थान | ७ | २ | २ |

माथिको तालिकामा उल्लिखित विवरणको विश्लेषण गर्दा अध्ययन गरिएका ४३ वटा निर्णयमा २३ थान निर्णय कसूर पीडितले अदालत समक्ष प्रतिकूल बकपत्र गरेको, प्रतिवादी इन्कार रहेको र अन्य स्वतन्त्र प्रमाणबाट कसूर पुष्टि हुने अवस्था नरहेको कारण मुद्दा नदोहोऱ्याउने निर्णय गरेकोलाई उपयुक्त मान्न सकिन्छ। त्यसैगरी मौखिक प्रमाण अदालत समक्ष परीक्षण हुन नसकेको र प्रतिवादी इन्कार रहेको अवस्थामा निवेदन गर्नुको कुनै औचित्य रहँदैन। तथ्य प्रमाण अनुसार जबरजस्ती करणी उद्योगको दाबीमा बालयौन दुरूपयोग कसूर कायम भई सजाय भएको, दाबी बमोजिम कसूर कायम भएकोमा एका सगोलका परिवारलाई क्षतिपूर्ति नभराउने गरेको, नैतिक पतनको दाबीको हदसम्म ठहर नभएको आदि जस्ता अवस्थामा निवेदन नगर्ने निर्णय गरेकोलाई समेत अन्यथा भन्न मिल्ने देखिँदैन। त्यस्तै नाबालक उपर पुनरावेदन वा निवेदन गर्नलाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८१ को अवस्था विद्यमान रहे नरहेको आधारमा थप कारबाही अगाडि बढाउनु पर्ने हुँदा यसलाई समेत विचार गरी गरेको निर्णय मनासिव देखिन्छ।

तथापि कतिपय निर्णय (यस्ता प्रकृतिका ७ थान निर्णय रहेका) मुद्दामा कसूर पीडितको किटानी बकपत्र छ वा बकपत्र गर्दा मौकाको कथन भन्दा सामान्य फरक परेको छ, कसूरको प्रकृति अनुसार शरीरमा चोट चिन्ह हुनै पर्ने देखिँदैन भने प्रतिवादी इन्कार रहेको भन्ने कारणले मात्र निवेदन नगर्ने निर्णय गर्नु उपयुक्त हुने देखिँदैन । समग्रमा उच्च सरकारी वकील कार्यालयहरूबाट भएका मुद्दा दोहोर्‍याउने निवेदन नगर्ने गरी भएका निर्णय कानूनसम्मत र उपयुक्त देखिएका छन् ।

## घ. प्रश्नावलीको सर्वेक्षण

### (१) अनुसन्धान अधिकारीबाट प्राप्त प्रश्नावली

करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कन गर्न गठित कार्यदलले मिसिल अध्ययनका साथै करणी सम्बन्धी कसूरको अनुसन्धान गर्ने अनुसन्धान अधिकारी र मुद्दामा अभियोजन तथा प्रतिरक्षा गर्ने सरकारी वकीलबाट विभिन्न प्रश्नमा केन्द्रित रही प्रश्नावलीको सर्वेक्षण गरेको छ । प्राप्त प्रश्नावलीको विवरण अनुसूची – ३ मा उल्लेख गरिएको छ ।

अनुसन्धानको वर्तमान अवस्था र कार्य प्रभावकारिता सम्बन्धी महत्वपूर्ण विषयमा केन्द्रित रही देहाय वमोजिम प्रश्नावलीको विश्लेषण गरिएको छः

- **प्रश्नावलीका लागि कार्यालय चयनः**

देशका सबै भौगोलिक क्षेत्रमा कार्य गर्ने अनुसन्धान अधिकारीको कार्यानुभव र तत् तत् विविध भौगोलिक क्षेत्रमा रहे भएका करणी सम्बन्धी कसूरको अवस्थाको चित्रण हुन सकोस् भन्ने उद्देश्यले कोशी प्रदेशका ५ वटा, मधेश प्रदेशका ६ वटा, वागमती प्रदेशका ९ वटा, गण्डकी प्रदेशका ६ वटा, लुम्बिनी प्रदेशका ४ वटा, कर्णाली प्रदेशका ३ वटा र सुदूर पश्चिम प्रदेशका २ वटा गरी विभिन्न ३५ (पैतिस) वटा कार्यालयहरूबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।




- **अनुसन्धानमा रहेका कसूरको संख्या र प्रकृतिः**

मुलुकी अपराध संहिताले विभिन्न प्रकृतिका करणी सम्बन्धी कसूरजन्य कार्यलाई अपराधीकरण गरेको छ । मुद्दाको मिसिल

अध्ययन गर्दा देखिए जस्तै अनुसन्धानमा रहेका कसूरको प्रकृति समेत कानूनले परिभाषित थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने, आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने, कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने प्रकृतिका कसूर हुने गरेको र यस सम्बन्धमा जाहेरी परेको भन्ने देखिएन।

कसूरको संख्या र प्रकृतिः

| **संख्या** | **५ वटासम्म** | **५ देखि १० सम्म** | **१० देखि २० सम्म** | **२० भन्दा बढी** | **अनुसन्धानको क्रममा कुनै कसूर नभएका** | |
|---|---|---|---|---|---|---|
| | १० | ४ | ७ | ४ | ६ | |
| | | | | | | |
| कसूरको प्रकृति | ज . क. | ज . क. उद्योग | हाडनातामा ज . क. | वैवाहिक ज . क. | अप्राकृतिक | बालयौन दुराचार |
| | ५९१ | ८९ | १९ | १९ | ६ | ९५ |

प्रश्नावली संकलन गरिएका प्रहरी कार्यालय मध्ये अनुसन्धानको क्रममा रहेका करणीजन्य कसूर ५ वटा सम्म भएका कार्यालयको सङ्ख्या १०, ५ देखि १० वटासम्म कसूरको सङ्ख्या रहेका कार्यालय ४, १० देखि २० वटासम्म कसूरको संख्या रहेका कार्यालय ७ र २० वटा भन्दा बढी कसूरको संख्या रहेका कार्यालय ४ वटा देखिन्छन्। ६ वटा कार्यालयमा भने कुनै पनि किसिमको करणीजन्य कसूर अनुसन्धानको क्रममा नरहेको भन्ने देखिन्छ।

कसूरको अनुसन्धान गर्ने प्रहरी कार्यालयका अनुसन्धानको क्रममा रहेका करणी सम्बन्धी समग्र कसूरको अपराध दर्ता किताब (७ नं.डायरी) अनुसार हेर्दा जबरजस्ती करणी मुद्दा शीर्षकमा ५९१ वटा, जबरजस्ती करणी उद्योग मुद्दा शीर्षकमा ८९ वटा, हाडनातामा जबरजस्ती करणी मुद्दा शीर्षकमा १९ वटा, वैवाहिक जबरजस्ती करणी मुद्दा शीर्षकमा १९ वटा, अप्राकृतिक करणी मुद्दा शीर्षकमा ६ वटा, बालयौन दुराचार मुद्दा शीर्षकमा ९५ वटा मुद्दा दर्ता भई अनुसन्धान भएको देखिन्छ।




- **अनुसन्धान अधिकारी र निजको सक्षमताः**

करणी सम्बन्धी कसूरको अनुसन्धान अधिकृत कम्तीमा प्रहरी निरीक्षक दर्जाको हुनु पर्ने भन्ने विद्यमान कानुनी व्यवस्था रहेको छ। कसूरको अनुसन्धान गर्ने हरेक प्रहरी एकाइमा कम्तीमा प्रहरी निरिक्षक दर्जाको कर्मचारीका साथै कसूरको अनुसन्धानको क्रममा घटनास्थलबाट प्रमाण लायक वस्तुको पहिचान र नमुना संकलन गर्ने घटनास्थल अधिकृत कार्यरत हुन जरूरी हुन्छ। प्रश्नावली सर्वेक्षण गरिएका ३५ कार्यालयमा जम्मा ९४ जना SOCO कार्यरत रहेको देखिन्छ।

प्रश्नावलीको जवाफ हेर्दा कसूरको अनुसन्धान गर्ने प्रहरी कार्यालयले अनुसन्धानको कार्यलाई सबै भन्दा बढी प्राथमकिता दिने भनी उल्लेख गरेको देखिन्छ।




कसूरको अनुसन्धान गर्ने प्रहरी कार्यालय मध्ये ४४ प्रतिशत कार्यालयमा १ जना मात्र, १२ प्रतिशत कार्यालयमा २ जना र ४४ प्रतिशत कार्यालयमा २ जना भन्दा बढी अनुसन्धान अधिकारी कार्यरत रहे भएको देखियो। कसूरको अनुसन्धान कार्यमा संलग्न हुने यस्ता अनुसन्धान अधिकारी मध्ये अपराध अनुसन्धान विशेष तालिम प्राप्त ६७.५% , अ.अ. को समान्य तालिम प्राप्त ३०% र अ.अ. सम्बन्धी कुनै तालिम नलिएका २.५% भन्ने देखिन्छ।

अनुसन्धान अधिकारीको कार्यानुभवलाई हेर्दा प्रश्नावली भर्ने मध्ये ३१.२५% अनुसन्धानमा अधिकारीले १० देखि २० वटासम्म कसूरको अनुसन्धान गरेका, २५% अनुसन्धानमा अधिकारीले (२० देखि माथि ५० वटासम्म र ४३.७५ अनुसन्धानमा अधिकारीले ५० भन्दा बढी संख्यामा कसूरको अनुसन्धान गरेको भन्ने देखिन्छ। यसरी गरेको करणी सम्बन्धी कसूरमा पनि धैरै जसो ९३.९४ प्रतिशत जबरजस्ती करणीसम्बन्धी कसूर र ६.०६ प्रतिशत कसूर बालयौन दुराचारसँग सम्बन्धीत रहेका छन्।

- **कसूरको अनुसन्धानमा प्रभावकारिता**

अनुसन्धान गर्ने निकायमा प्राप्त हुने करणी सम्बन्धी कसूरको सूचना धैरैजसो पीडितका नातेदारबाट प्राप्त हुने र त्यस पछीको अधिकता पीडित स्वयंले कसूरको वारेमा जानकारी दिने गरेको भन्ने देखिन्छ। नेपाल सरकारवादी हुने मुद्दासंग सम्बन्धीत कसूर भएकाले अनुसन्धान कारवाहीको प्रारम्भ कुनै संस्थाको पत्र वा प्रहरी प्रतिवेदनबाट समेत हुने गरेको भन्ने देखियो। पर्न आएका जाहेरी वा सूचना मध्ये ३५.७१% कासुरको वास्तविक घटना अनुसार नै, ३०.९५% कसूरको तथ्य बढाई चढाई ठूको घटना देखाउने, १४.२९% नभएको नगरेको कुरामा झुठ्ठा जाहेरी र १९.०५% ढिलो जाहेरी पर्नाले यकिन गर्न नसकिने प्रकृतिका हुने गरेको भन्ने समेत देखियो। झुठ्ठा जाहेरीका सम्बन्धमा अधिकांश ५४ प्रतिशत कानून बमोजिम तामेलीमा राख्न पठाउने गरेको भन्ने उल्लेख भएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची – १ मा उल्लिखित मुद्दासँग सम्वन्धित जाहेरी दर्ता नगर्न नमिल्नेमा कतिपय उत्तरदाता (१९ प्रतिशत) ले जाहेरी दर्ता नगरी फिर्ता पठाउने भनी उल्लेख

गरेको देखिदा यसमा सुधार हुनुपर्ने देखिन्छ । कसूरको अनुसन्धानको सन्दर्भमा सरकारी वकीलबाट निर्देशन लिने लिने दिने कार्यलाई महत्व दिने गरेको र निर्देशनबाट अनुसन्धानलाई सहयोग हुने गरेको भन्ने उल्लेख गरेको पाईयो । अनुसन्धानको क्रममा शंकित व्यक्ति पक्राउ गर्ने अवस्था अधिक (८६ प्रतिशत) रहेको, कसूरमा संलग्न रहेका अभियुक्तको सम्पत्ति विवरण प्राप्त गरी मिसिल संलग्न गर्ने (९४ प्रतिशत भन्दा बढी) गरिएको भन्ने जवाफ प्राप्त भएको छ ।







- **कसूर पीडित प्रतिको व्यवहार र जवाफदेहिता**

कसूरको अनुसनन्धान गर्दा पीडितलाई केन्द्रमा राखेर पीडितलाई परामर्श उपचार तथा स्वास्थ्य परीक्षण गर्न पठाउने कार्यलाई पहिलो प्राथमिकता दिने गरेको र त्यसपछि अनुसन्धानका अन्य विविध प्रक्रिया अवलम्वन गर्ने गरेको भन्ने उल्लेख गरेको देखिन्छ। अनुसन्धानको क्रममा पीडित लगायतको परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने गरेको, अनुसन्धान कै क्रममै पीडितको उमेर यकिन गर्ने गरेको र यसरी उमेर यकिन गर्न बालन्याय सम्पादन कार्यविधि नियमावलीले निर्धारण गरे बमोजिमका आधिकारीक प्रमाणपत्रका आधारमा गर्ने गरिएको भन्ने देखिन्छ । अनुसन्धानको क्रममा पीडित प्रभाव प्रतिवेदन मिसिल संलग्न हुने गरेको भनी ५१ प्रतिशतले, त्यस्तो प्रतिवेदन मिसिल संलग्न नहुने ४३ प्रतिशत र प्रतिवेदनका वारेमा जानकारी नै नभएको भनी ६ प्रतिशतले उल्लेख गरेको देखियो ।

- **अनुसन्धान प्रतिवेदन र अभियोजन:**

अनुसन्धान अधिकारीबाट कानून बमोजिम अनुसन्धानको कार्य सम्पन्न गरी अनुसन्धान प्रतिवेदन सरकारी वकील समक्ष पेश गरेपछि अनुसन्धान अधिकारीको राय बमोजिम नै मुद्दामा अभियोजन हुने गरेको भन्ने देखिन्छ । प्राप्त प्रश्नावली अनुसार ५५.५६% अनुसन्धान अधिकारीको अनुसन्धान प्रतिवेदन बमोजिम, ३६.११% अनुसन्धान अधिकारी को राय भन्दा फरक र ८.३३% अभियोजन भएको जानकारी नभएको भनी उल्लेख गरेको पाइएको छ ।

अनुसन्धान गर्दा देखि नै सजायको मागदाबीमा छुट दिने सम्बन्धी प्रक्रिया सुरू गर्नु पर्ने विद्यमान कानूनी व्यवस्था रहेको सन्दर्भमा यस विषयमा सबै अनुसन्धान अधिकारी जानकार रहे भएको भन्ने देखियो । यसमा २७.७८% अधिकारीले सजायमा छुटको मागदाबी लिन राय दिने गरेको, २५% अधिकारीले छुट दिन सकिने पक्रिया आउने नगरेको भनी जवाफ दिएको देखिँदा सजायको मागदाबीमा छुट दिने सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि थप प्रयास हुनुपर्ने देखिन्छ ।

- **अनुसन्धानका समस्या र समाधानः**

करणी सम्बन्धी कसूरको अनुसन्धानका क्रममा रहे भएका विभिन्न २६ वटा समस्या र ३३ वटा समाधानका उपाय देखाइएका छन् । देखाइएका समस्या मध्ये ११ वटा समस्या र ६ वटा समाधानका उपाय एक भन्दा बढी उत्तरदाताले समान समस्या र समाधानका रूपमा उल्लेख छन् । २ जना भन्दा बढीले उल्लेख गरेका समान समस्या र एक भन्दा बढीले उल्लेख गरेका समान समाधानका उपाय देहाय बमोजिम छन् –

| **समस्या** | | | **समाधानका उपाय** | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **विषय** | **जना** | **सि.नं.** | **विषय** | **जना** |
| १ | सहमतिको कार्यलाई जबरजस्ती भन्ने | ३ | १ | स्वास्थ्य र ल्याव परीक्षण प्रतिवेदन छिटो आउनुपर्ने | ३ |
| २ | गलत तथा झुट्ठा व्यहोरा उल्लेख गर्ने | ६ | २ | हदम्याद घटाउनुपर्ने | ५ |
| ३ | पीडित तथा साक्षी अनुसन्धान मै प्रतिकूल बन्ने | ५ | ३ | सहमतिको कार्य उपर मुद्दा नचलाउने | २ |
| ४ | जाहेरी ढिलो प्राप्त हुने | ३ | ४ | झुट्ठा वा गलत व्यहोरा गर्ने र प्रतिकूल हुनेलाई कारवाही गर्ने | ४ |
| ५ | पीडित तथा साक्षी सम्पर्कमा नआउने | ३ | ५ | अनुसन्धानमा महिला कर्मचारी खटाउने | २ |

**(२) सरकारी वकीलबाट प्राप्त प्रश्नावली**

- **प्रश्नावली संकलनका लागि कार्यालय चयनः**

देशका विभिन्न भौगोलिक क्षेत्र र कार्यालय समेटिने गरी विभिन्न २८ वटा कार्यालयमा (सुरू जिल्ला सरकारी वकील कार्यालय र पुनरावेदन तहमा काम गर्ने उच्च सरकारी वकील कार्यालयमा) कार्यरत सरकारी वकीलबाट विभिन्न प्रश्नमा केन्द्रत रही प्रश्नावलीको सर्वेक्षण गरिएको छ । सरकारी वकीलबाट प्राप्त प्रश्नावलीको विवरण अनुसूची – ३ को प्रकरण (क) र (ग) मा उल्लेख गरिएको छ ।

प्रश्नावली छनौट गरिएका प्रदेशका उच्च र जिल्ला सरकारी वकील कार्यालय कोशीको सुनसरी, मधेशको राजविराज, बीरगंज, जनकपुर, सप्तरी,रौतहट, पाटन, हेटौडा, ललितपुर, धादिङ, चितवन, लमजुङ, स्याङ्जा, पाल्पा, तुलसीपुर, बुटवल, नेपालगञ्ज, गुल्मी, कपिलवस्तु, बर्दिया, सुर्खेत, कालिकोट, महेन्द्रनगर, दिपायल, कञ्चनपुर, बैतडी र डडेल्धुरा रहेका छन्

| कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | ६ | २ | ७ | २ | ५ | २८ |

- **अभियोजन अधिकारीको कार्यानुभव र क्षमता:**

प्रश्नावलीमा जवाफ तयार गर्ने सरकारी वकीलहरू सबै कम्तीमा २ वर्षको कार्यानुभव रहे भएका देखिन्छन् । तथ्याङ्कले २

वर्ष देखि ५ वर्षसम्मको कार्यानुभव रहेका ७ जना र ५ वर्ष भन्दा बढी कार्यानुभव रहेका २१ जना देखिएको छ। त्यसैगरी ती सरकारी वकीलले अभियोजन र प्रतिरक्षा गरेका मुद्दा संख्या हेर्दा १० देखि २० थान मुद्दामा काम गरेको भन्ने १ जना र २० देखि ५० सम्म मुद्दाको कार्यानुभव रहेको भन्ने सरकारी वकीलको संख्या २७ रहेका भन्ने देखियो। यसले अनुभवी सरकारी वकीलबाट प्रश्नावली तयार गरेको भन्ने देखिन्छ।

- **अभियोजन गरिएका कसूर र पात्रको प्रकृति र प्रवृत्तिः**

प्रश्नावली तयार गर्ने सरकारी वकील मध्ये अधिकांश सबै २६ जनाले जबरजस्ती करणी सम्बन्धी पूर्ण कसूरमा अभियोजन तथा प्रतिरक्षा गरेका, २ जनाले जबरजस्ती करणी उद्योग मुद्दाको, १ जनाले हाडनातामा जबरजस्ती करणी र १ जनाले वैवाहिक बलात्कार सम्बन्धी मुद्दामा कार्य गरेको भन्ने उल्लेख गरेको देखियो। पूर्ण कसूर सम्बन्धी मुद्दामा काम गरेको भनेका सरकारी वकीलले त्यस्ता पूर्ण कसूरका प्रकृति नखुलाएको हुँदा कुन कुन प्रकृतिका पूर्ण कसूर हुन भनी उल्लेख गर्न सकिएन।

करणी सम्बन्धी कसूर के कस्ता नाता सम्बन्धका व्यक्तिबाट हुने गरेको भन्ने सम्बन्धमा हेर्दा परिवार भित्र कै सदसस्यबाट हुने गरेको भन्ने ५ जना, नाता नपरेपनि चिनजानका व्यक्तिबाट हुने भन्ने १४ जना र बाँकीले अपरिचित व्यक्तिबाट कसूर हुने गरेको भनी उल्लेख गरेका छन्।

त्यसैगरी कसूर हुने स्थानको बारेमा सर्वेक्षण गर्दा पीडितकै घरमा भन्ने ९ जना, वन जंगलमा भन्ने ५ जना खेतवारीमा ५ जना र अन्य स्थामा भन्ने ८ जान छन्।

करणीजन्य कसूरबाट पीडित हुनेको उमेर समूहका सम्बन्धमा हेर्दा १० वर्ष मुनिका भन्ने १ जना, १० देखि १६ वर्ष बीचका ११ जना, १६ देखि १८ वर्ष बीचका ८ जना र ८ जनाले २० वर्ष माथिका भनी उल्लेख गरेको देखियो।

प्रश्नावलीको सर्वेक्षणबाट कसूर पीडित हुने अधिकांश साक्षर मात्र हुने भनी १३ जनाले, माध्यमिक तहसम्म अध्ययन गरेका हुने भनी ८ जनाले र उच्च शिक्षाका भनी ८ जनाले उल्लेख गरेका छन्।

कसूरजन्य कार्य पीडित कै सहमतिमा हुने भनी १ जनाले विवाहको प्रलोभनमा कसूर गर्ने भनी १२ जनाले धाक धम्कीको प्रयोग गरी भनी ६ जनाले र अन्य कारणले भनी ९ जनाले खुलाएका छन्।

- **कार्य सम्पादनमा प्रभावकारिताः**

मुद्दाको कारबाहीमा पक्षको परिचयात्मक विवरणको गोपनीयता कायम गर्ने गरेको र यसरी गोपनीयता कायम नगरेकोमा सरकारी वकीलले गोपनीयता कायम गर्न निर्देशन दिने गरेको भन्ने देखिन्छ। अनुसन्धानलाई प्रभावकारी बनाउन र पीडित तथा साक्षी संरक्षणका सन्दर्भमा समेत सरकारी वकीलले अनुसन्धान अधिकारीलाई निर्देशन दिने गरेको भन्ने देखिन्छ। अनुसन्धानको क्रममा कसूर पीडित र सरकारी वकीलको सम्पर्क आवश्यकता अनुसार हुने गरेको भनी १७ जनाले उल्लेख गरेका छन् भने यस्तो सम्पर्क गर्न आवश्यक छैन भनी १ जनाले उल्लेख गरेको देखियो। अनुसन्धानको सिलसिलामा दोभाषेको छुट्टै प्रयोग गर्ने गरेको भनी ९ जनाले प्रहरीले नै दोभाषेको काम गर्ने भनी १ जनाले र दोभाषेको आवश्यकता नपरेको भनी ७ जनाले उल्लेख गरेको देखियो।

- **मुद्दाको अभियोजन तथा सुनुवाईः**

अधिकांश मुद्दामा सजायको मागदाबीमा छुटको मागदाबी लिने नगरेको भन्ने देखिन्छ। अभियोजन गर्दा तथ्य र प्रमाणसम्मत

रूपमा नै हुने गरेको भन्ने पुनरावेदन तहका सरकारी वकीलको भनाई रहेको छ । करणी सम्बन्धी मुद्दाको सुनुवाइ अदालत र सरकारी वकील समेतको अग्रसरतामा बन्द इजलाशबाट सुनुवाइ हुने गरेको भन्ने देखिएको छ । १ जनाले बन्द इजलाशको प्रयोग नगर्ने भनी उल्लेख गरेका छन् । मुद्दाको कारबाहीको जानकारी सबै चरणमा पीडितलाई दिने नगरिएको भन्ने देखिन्छ । अदालतमा पीडितले प्रतिकूल बकपत्र गर्ने संख्या अधिक देखिएको र प्रतिकूल बकपत्रकै कारण प्रतिवादीले सफाइ पाएका भन्ने धेरैको भनाई रहेको छ ।

- **समस्या र समाधानका उपाय**

सुरू तहको अभियोजन गर्ने सरकारी वकीलबाट विभिन्न उपशिर्षकमा सम्या र समाधानका उपाय सुझाइएका छन् । सजायको मागदाबी लिने सन्दर्भमा विभिन्न १८ वटा समस्या देखाइएकोमा २ वटा समस्या एक भन्दा बढीले साझा समस्याको रूपमा देखाएका छन् । पीडितलाई क्षतिपूर्ति र सामाजिकीकरण गर्दाका समस्या १५ वटा देखाइएकोमा ६ वटा समस्या एक जना भन्दा बढीले देखाएका छन् । पुर्पक्ष र बहस पैरवीका १६ वटा समस्या उल्लेख भएकोमा ४ वटा एक भन्दा बढीले देखाएका साझा समस्या छन् । कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा १७ वटा बुँदा उल्लेख भएकोमा ६ वटा बुँदा साझा छन् । त्यसैगरी पुनरावेदन तहमा काम गर्ने सरकारी वकीलले विभिन्न विषयमा १४ वटा समस्या र १५ वटा समाधानका उपाय उल्लेख गरेकामा ४ वटा साझा सम्या र ५ वटा साझा समाधानका उपाय उल्लेख छन् । समस्या र समाधानका विषय अनुसूचीमा उल्लेख गरिएको छ । अभियोजनकर्ता सरकारी वकीलबाट औंल्याइएका एक भन्दा बढीले उल्लेख गरेका साझा समस्यालाई तलको तालिकाबाट प्रष्ट पारिएको छः

| **सुरू र पुनरावेदन तहका सरकारी वकीलबाट देखाइएका समस्या** | | |
|---|---|---|
| **सि.नं.** | **समस्या** | **जना** |
| १. | उमेर नपुगेका बालबालिकाले स्वेच्छाले विवाह गरी शारीरिक सम्पर्क गरेकोमा पनि कठोर सजाय हुने व्यवस्था | ७ |
| २. | पीडितको परिचयात्मक विवरण (जन्मदर्ता) खुल्ने कागजात प्राप्त नहुने | ५ |
| ३. | परीक्षण प्रतिवेदन लगायत प्रतिवादीको सम्पत्ति विवरण प्राप्त नहुने | १० |
| ४. | जाहेरवाला लगायत पीडित साक्षीले प्रतिकूल बकपत्र गर्ने | १० |
| ५. | अन्तरिम क्षतिपूर्तिको व्यवस्थाको कार्यान्वियन नभएको | ५ |
| ६. | प्रतिवादीबाट क्षतिपूर्ति भराउन नसक्ने अवस्थामा पीडित राहतकोषबाट सहज रूपमा क्षतिपूर्ति प्राप्त हुन नसकेको | ३ |
| ७. | सरकारी वकीललाई कार्य चाप बढी रहेकोले कार्य प्रभावकारितामा असर गरेको | ३ |
| ८. | कसूर पीडितलाई सहज रूपमा निज रहे बसेकै स्थानबाट क्षतिपूर्ति उपलब्ध नहुने | २ |
| ९. | पीडितको सामाजिकीकरणको लागि स्थानीय निकायमा कुनै संयन्त्र नरहेको | २ |
| १०. | अनुसन्धान कै चरण देखि पीडितको उपचार, परामर्श, भरणपोषण र सुरक्षाको व्यवस्था हुन नसकेको | २ |
| ११. | विशेषज्ञ डाक्टर लगायत साक्षी बकपत्र गर्न उपस्थित नहुने | ४ |

| | | |
|---|---|---|
| १२. | उमेर पुगेकी महिलाले नाबालकबाट करणी लिनु दिनु गरेको कार्यलाई कानूनले नसमेटेको | २ |
| १३. | साक्षी संरक्षण सम्बन्धी कानून नहुँदा प्रतिकूल बकपत्र गर्ने प्रवृत्ति बढेको | २ |
| १४. | मुद्दा दर्ता गर्ने हदम्याद बढी हुँदा अनुसन्धानमा विलम्ब हुने गरेको | २ |

## ४. सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको अध्ययन तथा विश्लेषण

जबरजस्ती करणी सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित कानून पत्रिकामा प्रकाशित विभिन्न प्रकृतिका मुद्दाको विभिन्न विषयलाई (कसूर भएको स्थान, वारदात मिति, जाहेरी दिने, पीडितको उमेर, प्रतिवादीको पीडितसँगको नाता, अभियोग मागदाबी, सर्वोच्चबाट भएको फैसला मिति र प्रतिपादित सिद्धान्तको सारांस) आधार मानी ३५ वटा मुद्दाको विश्लेषण गरिएको छ। सर्वेच्च अदालतबाट प्रतिपादित सिद्धान्तसंग सम्बन्धीत मुद्दाको विस्तृत तालिका अनुसूची – ४ मा समावेश गरिएको छ। कानून पत्रिकामा प्रकाशित सिद्धान्त उल्लेख भएकाले इच्छुक पाठकले चाहेको विषयमा कानून पत्रिका खोज्न र अध्ययन गर्न यस अध्ययनले सहयोग पुऱ्याउने विश्वास लिइएको छः

### (१) कसूर पीडितको सन्दर्भः

| कसूरको सन्दर्भमा जाहेरी वा सूचना दिने | | कसूर पीडितको उमेर समूह वर्ष | | | | | कसूरदार-सँग नाता सम्बन्ध | | कसूर भएको मितिले अन्तिम फैसला भएको अवधि (वर्ष) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वयं | नातेदार | १० मुनि | १४ मुनि | १६ मुनि | १८ मुनि | २० बढी | पर्ने | नपर्ने | ३ वर्ष भित्र | ५ वर्ष भित्र | ७ वर्ष भित्र | सो पछि |
| ८ | २७ | १३ | ५ | ९ | २ | ६ | ५ | ३० | ५ | १२ | १२ | ६ |

अध्ययन गरिएका सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त हेर्दा ७७.१४ प्रतिशत मुद्दामा कसूर पीडितका आफन्तले प्रहरी समक्ष कसूरको सूचना दिने गरेका छन्। कसूर हुँदाका अवस्थामा सबै भन्दा बढी ३७.१४ प्रतिशत १० वर्ष मुनिका बालिका करणी सम्बन्धी कसूरबाट पीडित हुन पुगेका देखिन्छ। यो पीडित हुने अवस्था १८ वर्ष मुनिका बालबालिका नै अत्याधिक ८२.८६ प्रतिशत देखिन्छन्। कसूर पीडित नाता सम्बन्धका मानिसबाट भन्दा अपरिचित व्यक्तिबाट पीडित हुन पुगेको संख्या ८५.७१ प्रतिशत अत्याधिक रहेको छ। कसूर पीडितले कति अवधि पछि न्यायको अनुभूति गर्न पाउँछन् अर्थात् वारदात मितिले कति समय पछि मुद्दाको अन्तिम किनारा लाग्दो रहेछ भनी हेर्दा कसूर भएको ३ वर्ष भन्दा अगावै सर्वोच्च अदालतबाट मुद्दाको किनारा लागेको देखिएन। ३ वर्ष भित्र सर्वोच्च अदालतबाट मुद्दाको अन्तिम टुंगो लाग्ने संख्या जम्मा १४.२८ प्रतिशत रहेको छ। मुद्दाको अन्तिम किनारा लाग्ने कुरामा ५ र ७ वर्ष भित्र समान संख्या ३४.२८ प्रतिशत मुद्दा र सो अवधि पछि १७.१४ प्रतिशत मुद्दामा अन्तिम किनारा लाग्ने गरेको भन्ने देखियो। सर्वोच्च अदालतसम्म नपुगी सुरू जिल्ला अदालत र पुनरावेदन अदालतबाट समेत मुद्दाको अन्तिम किनारा लाग्न सक्ने अवस्थालाई समेत नजरअन्दाज गर्न भने मिल्दैन।

**(२) कसूर हुने स्थान र कसूरको प्रकृतिको सन्दर्भः**

| **कसूर हुने (वारदात स्थल) स्थान** | | | | | **कसूरको प्रकृति** | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पीडित कै घर | वन जंगल | सार्वजनिक स्थल | खेतवारी | प्र.को घर | ज.क. | अपाङ्गता उपरविश्लेषण गर्ने प्रयासादीको उमेर | सामूहिक | हाडनातामा | अप्राकृतिक | ज.क. उद्योग |
| १३ | ८ | ८ | ३ | ३ | २० | ४ | ४ | ३ | ३ | १ |

कसूर हुने स्थानलाई हेर्दा पीडितहरू आफ्नै घर डेरामा करणी सम्बन्धी कसूरबाट पीडित हुन परेको देखिनु विडम्बनापूर्ण छ। यो प्रतिशत ३७.१४ रहेको छ। त्यसैगरी वन जंगल र सार्वजनिक स्थानमा २२.८६ प्रतिशत, खेतवारी र प्रतिवादीको घरमा ८.५७ प्रतिशत मुद्दामा वारदातस्थल देखिएको छ। त्यसैगरी कसूको प्रकृति हेर्दा बलको प्रयोग गरी हुने जबरजस्ती करणी अधिक ५७.१४ प्रतिशत, अपाङ्ग / अशक्त उपर र सामूहिक रूपमा हुने कसूर ११.४३ प्रतिशत हाडनाता भित्र हुने र अप्राकृतिक तवरले हुने जबरजस्ती करणीको कसूर ८.५७ प्रतिशत र जबरजस्ती करणी उद्योगको कसूर २.८६ प्रतिशत रहेको छ। यो आंकडा सर्वोच्च अदालतमा आएका र अध्ययन गरिएका फैसलाबाट देखिएको हो।

**(३) कसूर कायमको अवस्था र प्रतिपादित सिद्धान्तले कायम गरेको मान्यताको सन्दर्भः**

| **कसूर कायमको अवस्था** | | **प्रतिपादित सिद्धान्तले स्थापित गरेको कुरा** | | | | | |
|---|---|---|---|---|---|---|---|
| कसूर कायम | सफाइ | कुन कसूर कायम र कति सजाय हुने | कस्तो कुरा प्रमाण लाग्ने | सहमति नमानिने अवस्था | प्रमाण नलाग्ने अवस्था | म्याद / हदम्याद | क्षतिपूर्ति |
| ३० | ५ | १५ | ६ | ४ | ५ | ४ | १ |

अध्ययन गरिएका सर्वोच्च अदालतका फैसला हेर्दा ८५.७१ प्रतिशत मुद्दामा कुने न कुनै रूपमा करणी सम्बन्धी कसूर कायम भएको छ भने १४.२८ प्रतिशत मुद्दामा मात्र प्रतिवादीले पूर्ण रूपमा सफाइ पाएका छन्। यसरी सफाइ दिँदा के कस्ता कुरा प्रमाणमा लिन मिल्दैन भनी व्याख्या गरिएको छ। कसूर कायम भएका मुद्दामा के कुन तथ्य र प्रमाणका आधारमा के कस्तो कसूर कायम हुने र के कति सजाय (थप सजाय समेत) हुने नहुने भनी मार्गदर्शन समेत मिलेको छ। त्यसै गरी पीडितके करणीका लागि सहमति दिएको नमानिने अवस्था, करणी सम्बन्धी कसूरमा जाहेरी दिने म्याद र हदम्याद कायम गरिने समय, कसूर ठहर भएका मुद्दामा प्रतिवादीले क्षतिपूर्ति तिर्न बुझाउन नसक्ने अवस्था भएमा कोबाट पीडितले क्षतिपूर्ति पाउने भनी फैसलाले व्याख्या गरेको छ। माथि उल्लिखित तालिकाका यावत कुरालाई समेटिने गरी प्रतिपादित सिद्धान्तका सारसंक्षेप प्रकरण (घ) मा खुलाइएको छ।

## (४) अध्ययन गरिएका नजिर को सारसंक्षेप

| क्र.सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| १. | जबरजस्ती करणी | ७६६४ | २०५४।५।२९ | २०६२।९।२५ | सफाइ | आरोपित कसूरमा नै सावित हुनु र सम्बद्ध तथ्यलाई सम्म स्वीकार गर्नु पृथक कुरा हुने। तथ्यको स्वीकारोक्तिलाई नै साविती सरह निजको विरुद्ध प्रमाणमा ग्रहण गर्न नमिल्ने |
| २. | जबरजस्ती करणी | ७९२३ | २०६१।७।५ | २०६४।१०।९ | कसूर कायम | जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हो। निजले अनुसन्धान अधिकारी तथा अदालत समक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रुपमा लिनुपर्ने। |
| ३. | जबरजस्ती करणी | ८६९५ | २०६३।०८।१५ | २०६८।०३।२३ | कसूर कायम | जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजूरी वा प्रथम सूचना भएकोले यदि जाहेरी नै नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्थाबमोजिम प्रहरीले आफै पनि अनुसन्धान गर्नसक्ने अवस्था रहेकोले केबल जाहेरी तुरुन्त नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याङ्कन गर्न नमिल्ने। ढिलो जाहेरी परेको भन्दैमा जबरजस्ती करणीको वारदात स्थापित नहुने भनी भन्न नमिल्ने, |
| ४. | जबरजस्ती करणी | ९०६५ | २०६५।९।२२ | २०६९।१०।१७ | कसूर कायम | नाबालिकालाई करणी गरेकोमा जबरजस्ती करणीको कसूर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्व शर्तको रूपमा लिन मिल्दैन। Hymen is intact भएको अवस्थामा पनि जबरजस्ती करणी को कसूर स्थापित हुन सक्ने। |
| ५. | ज.क. उद्योग | ९२२७ | २०६३।०१।१६ | २०७१।०३।२३ | कसूर कायम | जबरजस्ती करणीको उद्योगमा जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणीको प्रयास भएको हुन्छ। यसमा सङ्घर्षका चिह्न वा लक्षण देखिन पनि सक्दछ, नदेखिन पनि सक्दछ। तर यसको विपरीत आसय करणीमा सङ्घर्षका चिह्नहरू वा लक्षणहरू देखिँदैन। यसमा स्त्री जातिको कुनै पनि अङ्गमा करणीको आसयले स्पर्श, समातेको सम्म हुनुपर्ने देखिन्छ। जबरजस्ती गरेको लक्षण जबरजस्ती करणीको उद्योगमा मात्र हुन सक्ने। |

| क्र. सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| ६. | जबरजस्ती करणी | ९३३५ | २०६४।०९।१७ | २०७१।०९।०३ | कसूर कायम | प्रतिवादीले पीडितलाई जागिरको प्रलोभन दिएको नयुअन) देखिन्छ। निजबाट सामान्य प्रतिरोध र गुजारिश छ। पीडितबाट कसरी भएक कामे न्गर (विनय असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन। पीडितबाट अनजान ठाउँमा आफू एक्लै र असुरक्षित अवस्थामा रातिमा भएको यो वारदातमा भएको त्यो हदसम्मको प्रतिक्रिया स्वाभाविक नै छ। त्यसलाई प्रमाणमा लिन नहुने कारण छैन। |
| ७. | मानव बेचबिखन र .ज . क | ९३४६ | २०६४।५।२६ | २०७१।१०।१९ | कसूर कायम | पीडितको उमेर १४ वर्ष रहेभएको अवस्थामा बालिकासँग भएको विवाहलाई वैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानूनसम्मत नभई जबरजस्ती करणी भएको मानिने। |
| ८. | जबरजस्ती करणी | ९६२३ | २०६७।१०।२८ | २०७३।१।१५ | कसूर कायम | नाबालिकालाई करणी गरेको पछिल्लो मितिबाट हदम्याद गणना हुने, जाहेरी ढिलो पऱ्यो भन्दैमा जबरजस्ती करणीको वारदात स्थापित नहुने भनी मान्न नमिल्ने, |
| ९. | अप्राकृतिक मैथुन | ९६८४ | २०६७।११।२२ | २०७३।०५।१६ | कसूर कायम | कृत्रिम लिङ्गको प्रयोग गरी महिलालेअर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाईउन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन। एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ। |
| १०. | जबरजस्ती करणी | ९६९६ | २०६५।०१।२९ | २०७२।११।०४ | कसूर कायम | लामो समयदेखि जाहेरवालीलाई जबरजस्ती करणी गर्दै आई रहेको भन्ने श्रृंखलाबद्ध कसूर अपराधको कडीको रूपमा रहेको र प्रत्येक पटकको उक्त आपराधिक कार्य दण्डनीय हुन्छ। सो वारदात कानूनको हदम्याद भित्र न्यायिक प्रक्रियामा आउन सक्ने नै हुँदा पछिल्लो पटकको कसूरको मितिलाई आधार मानी मुद्दा दायर ,भएकोमा हदम्याद भित्रै भएको मानिने |

| क्र. सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| ११. | अपाङ्गलाई ज . क. उद्योग | ९७६५ | २०६८।०४।२८ | २०७३।०४।२४ | कसूर कायम | जबरजस्ती करणीको महलको ३(क) नं. को कानूनी व्यवस्थामा उल्लेख भएको थप सजाय केवल जबरजस्ती करणी गर्नेलाई मात्र हुने भनी स्पष्टरूपमा उल्लेख भएकोबाट जबरजस्ती करणीको उद्योगको मात्र कसूरमा सो ३(क) नं. अनुसार अपाङ्ग समेतलाई जबरजस्ती करणी गर्दा हुने थप सजायको आधा सजाय समेत थप गरी कैद सजाय गर्न मिल्ने नदेखिने। |
| १२. | सामूहिक जबरजस्ती करणी | ९८६३ | २०६९।१०।०६ | २०७३।१२।०२ | कसूर कायम | जाँच प्रतिवेदन प्राप्त भएपछि अनुसन्धानको क्रममा पीडित एउटा उमेर देखाउने अनि जाँच गर्ने मेडिकल बोर्डबाट कसूरको सम्बन्धमा पीडितले देखाए भन्दा फरक देखाएपछि सो उमेर के हो भनी यकिन गरी अनुसन्धान गर्ने पक्षले पीडतको उमेरबारे यकिन गरी अभियोग दायर गर्नुपर्ने हो। सो विशेषज्ञले उल्लेख गरेको उमेर र पीडितले उल्लेख गरेको उमेरबारे मौकामा नै थाहा पाई अनदेखा गरी त्यसतर्फ केही उल्लेख नगरी सो पत्र मिसिल संलग्न राखी अभियोग पत्र दायर गरेको अवस्थामा न्यायकर्ताले न्याय सम्पादन गर्ने कार्यमा उक्त पत्र सम्बन्धमा यकिन गर्न नपाउने भन्ने नहुने। |
| १३. | हाडनातामा ज.क. | ९८७२ | २०६५।०३।२९ | २०७३।०८।१४ | कसूर कायम | हाडनातामा करणी भएको तर जबरजस्ती करणीको कसूर नभएको अवस्था र हाडनाताकी स्वास्नी मानिसको जबरजस्ती करणी भएको कसूरको अवस्था र प्रकृति नै फरक भएको हुँदा जबरजस्ती करणीको कसूरमा पीडित हाडनाताकी स्वास्नी मानिस भएमा जबरजस्ती करणीतर्फ छुट्टै र हाडनातातर्फ छुट्टै मुद्दा दायर हुनुपर्छ भन्ने कानूनको उद्देश्य र मनसाय समेत रहेको देखिँदैन। त्यस्तो अवस्थामा जबरजस्ती करणीको महलको २ नं को मनसाय जबरजस्ती करणीको कसूरमा अनुसन्धान हुँदाखेरी नै हाडनातातर्फको सजाय समेत थपी अभियोग लगाउनुपर्ने। |

| क्र. सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| १४. | जबरजस्ती करणी | ९८७९ | २०६४।०५।२१ | २०७४।०४।२२ | कसूर कायम | जबरजस्ती करणीको कसूर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्त्व हुनु अनिवार्य हुन्छ। जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था। आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा यस्ता जबरजस्ती करणीको कसूर स्थापित हुने। |
| १५. | अप्राकृतिक मैथुन | १००१९ | २०७२।२।२१ | २०७४।११।६ | कसूर कायम | पुरूषको लिङ्ग महिला एवं स्त्रीको योनीमा प्रवेश गराउने क्रिया देखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरूषको लिङ्ग खेलाउन लगाउने, लिङ्ग चुसाउने, लिङ्गलाई योनीबाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रियागर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिका केटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औंला छिराउने आदि जस्ता क्रिया नै अप्राकृतिक मैथुनको कसूर गरेको मानिन जाने। पुरूष वा महिला नाबालक भनी उल्लेख नगरेबाट दुवै लिङ्गका नाबालकलाई बुझ्नुपर्ने र यस्ता नाबालक उपर गरेको अस्वाभाविक यौन क्रियाकलापलाई अप्राकृतिक मैथुनको दर्जामा राखेको पाइने। |
| १६. | हाडनातामा ज . क. | १००५४ | २०७१।०६।२१ | २०७५।०२।०२ | सफाइ | अनुसन्धान अधिकारी समक्ष भएको बयान वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित हुनु आवश्यक हुन्छ। वस्तुनिष्ठ प्रमाणबाट त्यस्ता बेहोराहरू पुष्टि हुन सकेन भने त्यस्तो जाहेरी दरखास्त र अनुसन्धान अधिकारी समक्षको बयानको बेहोरालाई थप प्रमाणहरूका रोहमा पनि विश्लेषण गर्नु आवश्यक हुने। |
| १७. | जबरजस्ती करणी | १०१३२ | २०६६।३।४ | २०७४।११।१३ | कसूर कायम | कुनै व्यक्तिले आफू कुनै अपराधबाट पीडित भएको भनी जाहेरी दिन्छ र सोकोआधारमा राज्यका जिम्मेवार निकायहरूबाट अनुसन्धान र अभियोजन भई सक्षम अदालत समक्ष मुद्दा समेत दायर भइसकेको अवस्थामा अदालतमा जाहेरी दिने व्यक्ति वा पीडितले प्रतिकूल बकपत्र गर्छ भने सोको आधारमा मात्र उक्त अपराध घटेको थिएन भनी निष्कर्षमा पुग्न नमिल्ने। |

| क्र. सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| १८. | जबरजस्ती करणी | १०१६५ | २०६७।१०।२६ | २०७४।८।१२ | कसूर कायम | अत्यन्त कलिलो उमेर अवस्था भएको बालिकाको हकमा जबरजस्ती करणी गर्दा वयस्क महिलासँगको सम्बन्धमा जस्तो लिङ्ग सजिलैसँग प्रवेश नहुने भएकाले त्यस्तो कलिलो उमेरका बालिकाको योनीबाहिर लिङ्ग दली /रगडी वीर्य स्खलन गरेकोलाई करणी नभई उद्योग मान्न नसकिने। |
| १९. | जबरजस्ती करणी | १०१७२ | २०६९।१२।२१ | २०७३।५।२३ | सफाइ | पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भन्दैमा जबरजस्ती करणी ठहर हुन सक्ने अवस्था हुँदैन। सो कुरा मिसिल संलग्न स्वतन्त्र सबुद प्रमाणबाट तथ्यगत रूपमा पुष्टि हुन सक्नु पर्दछ। कन्याजाली फाटेको भन्ने तथ्यले जबरजस्ती करणी गरेको तथ्य स्थापित गर्न सहयोग पुग्ने भए पनि अन्य स्वतन्त्र प्रमाणहरूबाट सो कुरा पुष्टि नभएसम्म कन्याजाली फाटेकै आधारमा जबरजस्ती करणी भएको भनी निष्कर्षमा पुगी हाल्न मनासिब नहुने। |
| २०. | हाडनातामा ज . क. | १०१९८ | २०७०।०१।१९ | २०७५।०२।०९ | कसूर कायम | रातको समयमा जाहेरवालीको घरमा गई बन्द ढोका फोरी जबरजस्ती पीडितको घरभित्र प्रवेश गरी आफ्नै भाइबुहारी नाताकी स्वास्नी मानिस (पीडित) लाई जबरजस्ती तानी जङ्गलमा लगी क्रूर प्रकारले जबरजस्ती करणी गरेको पुष्टि हुन आएको अवस्था हुँदा निजलाई न्यूनतम सजाय मात्र नहुने। |
| २१. | सामूहिक ज . क. | १०२९२ | २०६८।१२।२४ | २०७५।३।८ | कसूर कायम | नाबालिकाहरूको शारीरिक अवस्था अविकसित यौनाङ्ग, अपरिपक्क मानसिक अवस्था र प्रतिरोध गर्ने क्षमता नहुने र सजिलैसँग जुलुमीको अनुचित बहकाउ एवं फन्दामा पर्न सक्ने स्वभावका हुनाले नाबालिकाको सहमति एवं स्वीकृति लिएपनि करणी गरेकोमा जबरजस्ती करणी ठहर्ने। |
| २२. | सामूहिक ज.क. | १०३३२ | २०७०।०३।२९ | २०७६।१।२२ | कसूर कायम | घटनाको तत्कालै जाहेरी नपरेको भन्ने आधारमा मात्र कानूनले निर्धारण गरेको हदम्याद भित्र परेको जाहेरी दर्खास्तलाई अन्यथा भन्न नमिल्ने, |

| क्र. सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| २३. | जबरजस्ती करणी | १०४४३ | २०७०।१।५ | २०७६।८।१८ | कसूर कायम | करणीको कसूरमा हुनुपर्ने अन्य कुराहरूको विद्यमानता भएपछि पीडितको योनीलाई लिङ्गले नै छोएको हो वा शरीरको अन्य अङ्गले छोयो भन्ने कुरा करणीको विधिशास्त्रीय मान्यतामा गौण विषय हुने। पीडितको योनीमा घर्षण समेत भएको कुरा योनी रातो भई सुन्निएको भन्ने बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदनबाटै पुष्टि भइरहेको अवस्था हुँदा एकान्त कोठामा लगी बालिकाको कट्टुसमेत खोली, शरीरमा चढी, यौनाङ्ग चलाई खेलाई गरी घोची कसूरदारको एकपक्षीय चाहनामा वीर्य स्खलन गराई प्रतिवादी तृप्त भई विश्राम लिएको तथ्य स्थापित भएको देखिँदाको कार्य आफैँमा करणीको कसूर हो भन्नलाई पर्याप्त हुने। |
| २४. | जबरजस्ती करणी | १०५२० | २०७४।१०।१६ | २०७६।११।७ | सफाइ | स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवैजनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा केवल किटानी जाहेरी दरखास्तको आधारमा मात्रै प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसूर गरेका हुन् भनी विश्वास गर्न नसकिने। |
| २५. | जबरजस्ती करणी | १०५६४ | २०७४।१०।१ | २०७७।२।१८ | सफाइ | जाहेरवाली तथा पीडितको एकआपसमा बाझिरहेको बकपत्रमा उल्लिखित कथनहरूले जाहेरी बेहोरा तथा अभियोग दाबीलाई खण्डित गरिरहेको देखिन्छ। जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी अभियोगमा पीडित तथा जाहेरवालीको यस्तो परस्पर विरोधी कथनलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन। |
| २६. | अप्राकृतिक मैथुन | १०७०१ | २०७१।२।२९ | २०७७।३।१७ | कसूर कायम | जबरजस्ती करणी महलको ३क नं. को कानूनी व्यवस्थामा पनि किटेर नै महिला भन्ने शब्द उल्लेख भएको छ। विधायिकाले यो व्यवस्थामा महिला त्यसमाथि पनि अशक्त, अपाङ्ग र गर्भवती भन्ने शब्द प्रयोग गरेकाले यो व्यवस्था महिलाको सन्दर्भमा मात्र केन्द्रित भएको देखिने। अप्राकृतिक मैथुनमा ३क को थप सजाय नहुने। |

| क्र. सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| २७. | अपाङ्गलाई .ज . क | १०७०७ | २०७३।१०।१५ | २०७८।०३।२० | कसूर कायम | बौद्धिक अपाङ्ग व्यक्तिले आफूले गर्ने कार्य एवं सोको परिणाम प्रति सजग नरहने र आफूउपर भएको कुनै आपराधिक कार्यप्रति प्रतिकार गर्ने क्षमताको अभाव समेत हुने हुँदा पीडितले आफ्नो बौद्धिक क्षमताको अभावको कारण कुनै प्रतिकार नगर्दैमा र शारीरिक जाँच प्रतिवेदनमा शरीरमा सोको कुनै चिह्न नदेखिएको भन्ने उल्लेख हुँदैमा पीडितका विरूद्ध प्रतिवादीले गरेको जबरजस्ती करणीको कार्यमा पीडितको सहमति थियो भनी मान्न नमिल्ने। |
| २८. | अपाङ्गलाई .ज . क | १०७७४ | २०७६।०२।२१ | २०७८।१०।२३ | कसूर कायम | अपराध संहिता र फौजदारी कार्यविधि संहितामा उल्लेख भएको व्यवस्था अनुसार अभियोगपत्रमा दाबी नगरिएको अवस्थामा अदालतले अनुमानको भरमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ अनुसारको सजायमा छुट दिन सक्ने वा सजाय कम गर्न सक्ने नदेखिने। |
| २९. | अपाङ्ग लाई .ज . क | १०८१९ | २०७४।०१।०२ | २०७८।१०।२० | कसूर कायम | पीडितले बकपत्र गर्दा पीडितको अभिभावकले मौखिक रूपमा पीडित मानसिक रूपमा केही सुस्त रहेको भनेका भरमा स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेखसम्म गरेको आधारमा मात्र पीडित सुस्त मनस्थितिकी अपाङ्ग हुन् भनी प्रतिवादीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नम्बर बमोजिम थप सजाय गर्नु न्यायोचित नदेखिने। |
| ३०. | जबरजस्ती करणी | १०८२२ | २०७३।११।१३ | २०७७।११।२३ | कसूर कायम | कुनै कसूरमा जाहेरी नै नपरे पनि अनुसन्धान गर्ने अख्तियार प्राप्त निकायले सूचनाको आधारमा स्वयं छानबिन तथा अनुसन्धान गरी प्राप्त प्रमाणहरूको आधारमा कसूरदारलाई कानूनी दायरामा ल्याउन सक्ने। हुँदा जबरजस्ती करणीको उद्योग तर्फ जाहेरी परेको भए तापनि जबरजस्ती करणीको कसूरमा अभियोग दर्ता भयो भन्ने विषय न्यायको रोहमा गौण हुने। |
| ३१. | अशक्तलाई ज . क. | १०८६० | २०७०।१२।०३ | २०७७।०६।१६ | कसूर कायम | कसूरदारको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, कसूरदार पहिचान हुननसकेको वा कसूरदार फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने। |

| क्र.सं. | मुद्दाको नाम | निर्णय नं. | वारदात मिति | फैसला मिति | ठहर अवस्था | प्रतिपादित सिद्धान्तको सारांश |
|---|---|---|---|---|---|---|
| ३२. | जबरजस्ती करणी | १०८८६ | २०७३।०५।१९ | २०७७।११।११ | कसूर कायम | नाबालिगको शरीरमा सङ्घर्षको चिह्न नभेटिएको भन्ने आधारमा जबरजस्ती करणीको कसूर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिका माथि हुने यौनजन्य कसूरबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आई समाजमा यस्ता घटनाले प्रश्रय पाउने। कलिलो उमेरका नाबालिगलाई गरेको करणीमा सङ्घर्षको चिह्न हुनु आवश्यक नहुने, यस्तोमा करणी गरेको देखिनु नै पर्याप्त हुने। |
| ३३. | जबरजस्ती करणी | १०९०० | २०७३।०७।११ | २०७८।०९।०२ | कसूर कायम | प्रतिवादीले पीडितको शरीरमा कहीँकतै कोतरिएको छैन भनी पीडितसँग करणी भएको भए निजको शरीरमा सङ्घर्षका चिह्न हुनुपर्ने हो भन्ने तर्फ सङ्केत गरेको अवस्थामा पीडित अवोध नाबालिगले प्रतिवादी उपर प्रतिकार गर्न सक्ने अवस्था नै नआउने हुँदा शरीरमा चिथोरिएको कोतरिएको प्रमाणको खोजी गर्नु तर्कसङ्गत नहुने |
| ३४. | जबरजस्ती करणी | १०९२९ | २०७०।१०।०६ | २०७८।०९।२१ | कसूर कायम | जबरजस्ती करणीको मुद्दामा पीडितको बकपत्रलाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिइन्छ किन कि यस्तो वारदातमा सामान्यतया चश्मदिद गवाह कोही नहुने हुँदा जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेकै स्वयं पीडित हो भने अर्को कडी पीडितको शारीरिक र योनी परीक्षणको प्रतिवेदनलाई मान्नुपर्ने हुन्छ। बकपत्र गर्दा केही सामान्य कुराहरू फरक पर्दैमा सम्पूर्ण भनाइको विश्वसनीयता नै समाप्त भइहाल्ने पनि होइन। |
| ३५. | जबरजस्ती करणी | ११०९६ | २०७४।९।१२ | २०८०।४।२२ | कसूर कायम | राजी खुसी साथ करणी लेनादेना भई गर्भ रहेकोमा सो नाबालिका गर्भवती भएकोमा पुनः मञ्जुरीले करणी गरेकोमा थप सजाय गर्नु उपयुक्त नहुने। |

## च. विभिन्न स्रोबाट प्राप्त तथ्याङ्कको तुलनात्मक विश्लेषण

### (१) कसूरका सम्बन्धमा उजुरी गर्ने व्यक्ति:

| **प्रश्नावली सर्वेक्षण (३५ जना)** | | | | **सुरू मिसिल अध्ययन (१४३ थान)** | | | **सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (३५ थान)** | |
|---|---|---|---|---|---|---|---|---|
| पीडित स्वयं | नातेदर | संस्था | प्रहरी | पीडित स्वयं | नातेदर | अन्य | पीडित स्वयं | नातेदर |
| १५ (४२.८६ %) | १६ (४५.७१ %) | २ (५.७१%) | २ (५.७१%) | ४३ (३०.०७%) | ९९ (६९.०७%) | १ (०.०७%) | ८ (२२.८६%) | २७ ७७.१४% |

देशै भरीका छानिएका कार्यालयका अनुसन्धान अधिकारी, जिल्ला अदालतमा विचाराधिन अभियोगपत्रमा उल्लेख भएको विवरण र सर्वोच्च अदालतबाट फैसला भएका मुद्दामा उल्लिखित व्यहोराको अध्ययन गर्दा करणी सम्बन्धी कसूरमा कसूर पीडितका नातेदारबाट कसूरको सूचना दिने गरेको देखिन्छ। यसको प्रतिशत भने फरक फरक देखिन्छ।

### (२) कसूर पीडित र कसूर गर्नेको सम्बन्ध:

| प्रश्नावली सर्वेक्षण (२८ जना) | | | सुरू मिसिल अध्ययन (१४३ थान) | | | सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (३५ थान) | | |
|---|---|---|---|---|---|---|---|---|
| नाताको | चिनेको | नचिनेको | नाताको | चिनेको | नचिनेको | नाताको | नाता नपर्ने | चिने नचिनेको |
| ५ (१७.८६ %) | १४ (५० %) | ९ (३२.१४ %) | ४६ (३२.१७ %) | ६१ (४२.६६ %) | ३६ (२५.१७ %) | ५ (१४.२८ %) | ३० (८५.७१ %) | नखुलाइएको |

माथि उल्लिखित प्रश्नावली सर्वेक्षण, सुरू मिसिल अध्ययनबाट समेत करणी सम्बन्धी कसूर आफ्नै नाता सम्बन्धका व्यक्तिबाट भन्दा नाता सम्बन्ध नभएका तर चिने जाने कै व्यक्तिबाट हुने गरेको भन्ने देखिन्छ। सर्वोच्च अदालतबाट भएको फैसलामा कसूरदारलाई कसूर पीडितले चिनेको वा नचिनेको भनी अध्ययन नगरिएको भएता पनि नता नपर्ने व्यक्तिको संख्या अधिक देखिएकाले सो मध्ये चिनेका व्यक्तिको आंकलन नाता सम्बन्ध पर्ने व्यक्ति भन्दा अधिक हुनसक्ने देखियो।

### (३) कसूर पीडितको उमेर समूह:

| **प्रश्नावली सर्वेक्षण (२८ जना)** | | **सुरू मिसिल अध्ययन (१४३ थान)** | | **सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (३५ थान)** | |
|---|---|---|---|---|---|
| बालबालिका | १८ वर्ष माथि | बालबालिका | १८ वर्ष माथि | बालबालिका | १८ वर्ष माथि |
| २० (७१.४३ %) | ८ (२८.५७ %) | ९९ (६९.२३ %) | ४४ (३०.७७ %) | २९ (८२.८६ %) | ६ (१७.१४ %) |

करणी सम्बन्धी कसूरबाट अत्याधिक संख्यामा बालबालिका पीडित हुन पुगेको देखिन्छ। तीनै स्रोतबाट प्राप्त तथ्याङ्कले यस कुरालाई पुष्टि गर्दछ।

**(४) कसूर भएको (वारदात) स्थानः**

| प्रश्नावली सर्वेक्षण (२८ जना) | | | सुरू मिसिल अध्ययन (१४३ थान) | | | सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (३५ थान) | | |
|---|---|---|---|---|---|---|---|---|
| पीडितको घर | सार्वजनिक स्थान | प्रतिवादी-को घर | पीडितको घर | सार्वजनिक स्थान | प्रतिवादीको घर | पीडितको घर | सार्वजनिक स्थान | प्रतिवादी-को घर |
| ९ (३२.१४ %) | १८ (६४.२८ %) | १ (३.५७ %) | ७५ (५२.४५ %) | ४० (२७.९७ %) | २२ (१५.३८ %) | १३ (३७.१४ %) | १९ (५४.२८ %) | ३ (८.५७ %) |

उपरोक्त तालिकाबाट वारदातस्थल वन जंगल, खेतवारी जस्ता सार्वजनिक स्तानमा हुने गरेको भन्ने सर्वोच्च अदालतबाट फैसला भएका मुद्दाको मिसिल अध्ययन र प्रश्नावलीको सर्वेक्षणबाट देखिएको छ । तथापि सुरू मिसिल अध्ययनबाट पीडितकै घर डेरामा बढी घटना हुने गरेको भन्ने देखिएकोले बढी स्रोतबाट देखिएको आधारमा सार्वजनिक स्थानमै अधिक रूपमा यस्ता वारदात हुने गरेको निष्कर्ष निकाल्दा उपयुक्त हुने देखिए पनि प्रश्नावली संझनाका आधारमा तयार गरिने भएकाले मिसिलबाट आएको तथ्य बढी यथार्थपरक हुने हुँदा कसूर पीडितहरू आफ्नै घर डेरामा पनि सुरक्षित नहुने गरेको तथ्यलाई विचार गर्नुपर्ने देखिन्छ ।

**(५) पीडित प्रभाव प्रतिवेदन**

| प्रश्नावली (३५ जना) | | | मिसिल अध्ययन (१४३) | |
|---|---|---|---|---|
| छ | छैन | जानकारी छैन | छ | छैन |
| १८ (५१.४३ %) | १५ (४२.८६ %) | २ (५.७१ %) | ० | **१४३** |

अनुसन्धानको क्रममा पीडित प्रभाव प्रतिवेदन मिसिल संलग्न हुने गरेको भनी आधाभन्दा धेरै (५१ प्रतिशत) बाट जवाफ आएता पनि मिसिल अध्ययनबाट यस्तो प्रतिवेदन कुनै पनि मुद्दामा रहेको भन्ने देखिदैँन । त्यस्तै, त्यस्तो प्रतिवेदनका बारेमा जानकारी नै नभएको भनी केही अनुसन्धान अधिकृतले प्रश्नावलीमा उल्लेख गरेको देखिन्छ । यसबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ ले परिकल्पना गरेको पीडित प्रभाव प्रतिवेदन सम्बन्धी व्यवस्था कार्यान्वयन भए गरेको देखिएन ।

**(६) कसूर कायमको अवस्थाः**

| सुरू र पुनरावेदन तहमा (५३ मुद्दाको अध्ययन) | | सर्वोच्च अदालतमा (३५ मुद्दाको अध्ययन) | |
|---|---|---|---|
| कसूर कायम | सफाइ | कसूर कायम | सफाइ |
| २९ (५४.७२ %) | २४ (४५.२८ %) | ३० (८५.७१ %) | ५ (१४.२९ %) |

करणी सम्बन्धी कसूरमा अभियोजन भएका मुद्दामा अदालतबाट भएका फैसला हेर्दा कसूर कायम भएका संख्या नै बढी देखिन्छन् । कसूर कायमको संख्या सर्वोच्च अदालतसम्म पुग्दा अत्याधिक नै देखिन्छ ।

## परिच्छेद पाँच

# अध्ययनबाट देखिएका तथ्यहरु (Findings)

**कानून कार्यान्वयन अधिकारीका सम्बन्धमा**

१. अनुसन्धानमा संलग्न अधिकारी (अनुसन्धान अधिकृत) अधिकांशले अपराध अनुसन्धान सम्बन्धी तालिम प्राप्त गरेको र अधिक संख्याका अनुसन्धान अधकारी ५० वटा भन्दा बढी कसूरको अनुसन्धानमा संलग्न रही सकेको भन्ने देखिन्छ।

२. कसूरमा अभियोजन तथा प्रतिरक्षा गर्ने सरकारी वकील जसले कार्यालयको नेतृत्व गरेका छन्; तीनको कार्यानुभव अधिकांशको पाँच वर्ष भन्दा बढी रहेको भन्ने देखिन्छ। प्रश्नावलीमा विवरण भर्ने प्राय सबै सरकारी वकीलले कम्तीमा २० वटा र बढीमा ५० वटासम्म करणी सम्बन्धी कसूरका मुद्दामा अभियोजन तथा प्रतिरक्षा गरेको भन्ने देखिन्छ।

**करणी सम्बन्धी कसूरका विविध पक्ष**

**३. कसूर पीडित र कसूरदारको नाता सम्बन्धमा**

- करणी सम्बन्धी कसूरहरुको हकमा कसूर पीडित र कसूरदार आफ्नै नाताभित्रका व्यक्ति रहेको र सोही नातासम्बन्ध वा चिनजानको व्यक्तिहरुबाट पीडित हुने गरेको देखिन्छ।

**४. उमेर समूह सम्बन्धमा**

१. करणी सम्बन्धी कसूरहरुमा १४ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाहरु पीडित हुने गरेको देखिन्छ।

२. करणी सम्बन्धी कसूरहरुमा बढी संख्या वयस्क अभियुक्तहरु संलग्न हुने गरेको देखिन्छ।

**५. वारदातस्थल सम्बन्धमा**

- करणी सम्बन्धी कसूरहरुको वारदातस्थल अधिकांश पीडितको आफ्नै घरकोठामा नै हुने गरेको देखिन्छ।

**६. कसूर गर्ने तौर तरिका**

- करणी सम्बन्धी कसूरहरुमा कसूर गर्ने तौर तरिका (Modus Operandi) मा पीडित उपर बल प्रयोगको माध्यमबाट हुने गरेको देखिन्छ।

**७. प्रमाण संकलन सम्बन्धमा**

१. अधिकांश मुद्दामा वारदात घटेको तीन दिन पश्चात् पीडितको स्वास्थ्य परीक्षण हुने गरेको देखिन्छ।

२. पीडितको स्वास्थ्य परीक्षणमा अधिकांश मुद्दाहरुमा पीडितको शरीरमा चोट चिन्ह रहेको देखिन्छ।

३. पीडित प्रभाव प्रतिवेदन कुनै मुद्दामा नरहेको देखिन्छ।

४. करणी सम्बन्धी कसूरमा प्राय सबै मुद्दाहरुमा अभियुक्त पक्राउ परेको देखिन्छ।

५. पक्राउ परेका मध्ये धेरै अभियुक्तहरु अनुसन्धानमा कसूरमा साबित रहेको देखिन्छ।

### ८. अभियोजन सम्बन्धमा

१. करणी सम्बन्धी कसूरमा वारदात भएको मितिले एक महिना भित्रमै अधिकांश मुद्दाको अभियोजन हुने गरेको देखिन्छ।

२. करणी सम्बन्धी मुद्दामा अभियोजन गर्दा उपयुक्त दफाको प्रयोग भएको देखिन्छ।

३. करणी सम्बन्धी मुद्दाको अभियोजनमा अधिकांश मुद्दाहरुमा निरन्तर सुनुवाइको दाबी लिने गरेको देखिन्छ।

### ९. अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र

१. अभियुक्तले प्रायः मुद्दामा अनुसन्धानको बयान अनुकूल अदालतमा बयान गरेको देखिन्छ।

२. पीडितले अदालतमा बकपत्र गर्दा अधिकांश मुद्दामा जाहेरी\कागज व्यहोरा अनुकूल रही गरेको देखिन्छ।

### १०. फैसला सम्बन्धमा

१. बढी मुद्दामा कसूर कायम भएको देखिन्छ।

२. सुरू तहबाट हुने फैसलामा धेरै मुद्दामा छ महिना भित्र फैसला हुने गरेको देखिन्छ।

### ११. पुनरावेदन

- अधिकांश मुद्दामा वादी नेपाल सरकारले पुनरावेदन गरेको देखिन्छ।

### १२. मुद्दा दोहोऱ्याउने निवेदन

- मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन नगर्ने प्रमुख आधारको रुपमा पीडितको प्रतिकूल बकपत्र रहेको देखिन्छ।

### १३. सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

१. सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अधिकांशतः कसूर पीडितको कथनलाई अन्य प्रमाण, खासगरी स्वाथ्य परीक्षण प्रतिवेदनले पुष्टि गरेको अवस्थामा र अन्य स्वतन्त्र र विश्वसनीय प्रमाण रहे भएको अवस्थामा पीडितले प्रतिकूल बकपत्र गरे पनि कसूर कायम हुने भन्ने देखिन्छ।

२. नाबालक र वौद्धिक अपाङ्गता भएकाले मञ्जुरी दिए पनि मञ्जुरी नमानिने र करणी सम्बन्धी कसूर कायम हुनलाई नाबालक पीडितको शरीरमा कुनै चोट चिन्ह हुनु आवश्यक नहुने भन्ने प्रतिपादित सिद्धान्त देखिन्छ।

३. धेरै जसो करणी सम्बन्धी कसूरमा सर्वोच्च अदालतबाट अन्तिम किनारा लाग्न वारदात मितिले ५ देखि ७ वर्षको समयावधि लाग्ने देखिन्छ।

४. सर्वोच्च अदालतबाट किनारा लागेका प्राय मुद्दामा कसूर ठहर हुने गरी फैसला भएको देखिन्छ।

## परिच्छेद छ

# अध्ययनको निष्कर्ष (Conclusion)

करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कनका लागि अध्ययन कार्यदलले विभिन्न स्रोत (प्रश्नावलीको सर्वेक्षण, तीनै तहको अदालतमा विचाराधीन मिसिलको अध्ययन र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको अध्ययन) संकलन गरी अध्ययन तथा विश्लेषण गरेको छ । यसरी तथ्यांक संकलन गर्दा देशका सबै भौगोलिक क्षेत्र, करणी सम्बन्धी कसूरका विभिन्न प्रकृतिहरु र कानून कार्यान्वयन गर्ने अधिकारीको समानुपातिक प्रतिनिधित्व हुने कुरामा विचार पुऱ्याइएको छ ।

कार्यदलले अध्ययन गरिएका मिसिल, सर्वेक्षण गरिएको प्रश्नावली र प्रतिपादित सिद्धान्तलाई विभिन्न शीर्षकमा वर्गीकरण गरी तालिकामा उल्लेख गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई कानून कार्यान्वयन गर्ने निकाय तथा अधिकारीको कार्यसम्पादनलाई मद्दत पुग्ने गरी समान शीर्षकका विषयमा तथ्यको विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषणका आधारमा पहिचान गरिएको तथ्य (Findings) समेत हरेक परिच्छेदमा उल्लेख गरिएको छ ।

नेपालको कानूनले जवरजस्ती करणी सम्बन्धी कसूरमा पीडित महिला हुने र कसूरदार पुरुष वा महिला हुने र कसूरदार पुरुष हुने व्यवस्था गरेको छ। आफ्ना नाता सम्बन्ध भित्र हुने यस्तो कार्लाई गम्भीर कसूर समेल मानेर सजायको व्यवस्था गरेजि छ। समाजले तथा परिवारले यस्ता कार्यलाई अनुचित, अनैतिक तथा गम्भीर रुपमा लिँदै परिवारीक सजगता र सुरक्षामा संवेदनशिलता अपनाउने गरेको देखिए पनि कार्यदलको अध्ययनबाट केअ असामान्य निष्कर्ष निस्किएको छ। जवरजस्ती करणीमा पीडितका नाता भित्रका व्यक्तिबाट करणी सम्बन्धी कसूर बढी भएको देखिन्छ । साथै पीडितको आफ्नै घरकोठामा नै सबैभन्दा बढी करणी सम्बन्धी कसूर हुने गरेको अध्ययनबाट देखिन्छ । पीडित आफ्नै घर कोठामा आफ्नै नाता भित्रका व्यक्ति तथा चिने जानेकै व्यक्तिबाट पनि सुरक्षित छैनन् । यद्यपि कसूरको बारेमा जाहेरी पीडितका आफन्तहरू र पीडितहरूबाट हुने गरेको देखिन्छ । यसले अनुसन्धानकर्तालाई आवश्यक जानकारी प्रदान गरी अनुसन्धान प्रक्रिया प्रारम्भ गर्न परिवारका सदस्यहरू र पीडितहरूले खेलेको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पार्दछ ।

करणी सम्बन्धी कसूरमा पीडक तथा पीडित दुबै उल्लेखनीय संख्यामा यौवनावस्थाका किशोर किशोरीहरू तथा बालबालिकाहरु संलग्न भएको तथ्यांकबाट देखिन्छ । समान उमेर समूहका वा केही निश्चित उमेर अन्तर भएका बालबालिकाहरू बीच प्रेम सम्बन्ध तथा यौन उत्सुकताका कारण आपसमा निकटता रही शारीरिक सम्बन्ध भएको समेत अध्ययनबाट देखिन्छ । यस अवस्था र परिस्थितिलाई व्यावहारिक रुपमा कानूनमा संबोधन हुन सक्ने गरी रोमियो एन्ड जुलियट सम्बन्धी कानूनी व्यवस्था गर्नु पर्ने अवस्था देखिन्छ । जसले गर्दा किशोर अवस्थामा हुने यौन उत्सुकता, सामान्य उमेर समूह बीच हुने किशोर किशोरी बीचको प्रेम सम्बन्ध र सो कारणवश करणी सम्बन्धी कसूरको विवादमा परेका बालबालिकाको संरक्षणका लागि छुट्टै व्यवस्था गर्नुपर्ने देखिन्छ । यसैगरी यौवनावस्थाका किशोर किशोरीहरू तथा बालबालिका लक्षित यौन तथा करणी सम्बन्धी कसूरका बारेमा सचेतनामूलक कार्यक्रम आवश्यक रहेको छ ।

पहिले, करणी सम्बन्धी कसूर मूलतः जोर जबरजस्तीबाट मुख्य रूपमा बल प्रयोग हुने गर्दथ्यो भने वर्तमान अवस्थामा कसूरदारले पीडितलाई प्रलोभनमा पारी, पीडितको नाजुक स्थितिको फाइदा उठाइ, अनुचित प्रभावमा पारी, अचेत अवस्थामा कसूर गर्ने जस्ता अन्य विभिन्न तौर तरिकाको (Modus operendi) समेत प्रयोग गरी करणी सम्बन्धी कसूर गर्ने गरेका

अध्ययनबाट देखिन्छ ।

करणी सम्बन्धी कसूरमा महत्वपूर्ण प्रमाणको रुपमा रहेको पीडितको स्वास्थ्य परीक्षण धेरै कसूरमा तत्कालै नभएको देखिएकाले यसको वैज्ञानिक परीक्षण एवम् सोको आधारमा गरिने अभियोजन र फैसला गर्न समस्या हुने अवस्था रहेको छ । त्यसैगरी करणी सम्बन्धी नैतिक पतनको कसूर समेत कायम हुन सक्ने र गंभीर प्रकृतिको अधिक सजाय हुने मुद्दामा पीडित दवाव प्रभावमा पर्ने र समयको अन्तरालमा विविध कारणवश अदालतमा उपस्थित हुन नआउने अवस्था हुन सक्छ । सो तथ्यलाई समेत विचार गरी कानूनमा उल्लेख भएका निरन्तर सुनुवाइ हुने मुद्दामा निरन्तर सुनुवाइको लागि पहल गर्नु पर्ने देखिन्छ । प्रतिवादीले सरकारी वकील र अदालत समक्ष भन्दा भिन्न भिन्न व्यहोराको बयान गर्ने देखिएकाले कसूरबाट बच्न अदालतमा झुट्ठा बयान गर्ने पनि गर्दछन् भन्ने वा कि त अनुसन्धानमा बयान गराउँदा अभियुक्तको इच्छा विपरित पनि बयान गराइदो रहेछ भन्ने देखिन्छ ।

प्रायः सबै मुद्दामा पीडित प्रभाव प्रतिवेदन पेश नगरिएको, कसूरदारको सम्पति बारे अनुसन्धानबाट खोजी नगरिएको र रोक्काका लागि अभियोगपत्रमा मागदाबी नलिएको देखिँदा पीडितको अधिकार सुनुच्छित गर्न तथा यस सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्न पीडित प्रभाव प्रतिवेदन पेश गराउन, कसूरदारको सम्पति बारे अनुसन्धानबाट खोजी गर्न र रोक्काका लागि अभियोगपत्रमा मागदाबी लिन सरकारी वकीलले विशेष भूमिका खेल्नुपर्ने आवश्यक देखिन्छ ।

कसूर पीडितको किटानी बकपत्र छ वा बकपत्र गर्दा मौकाको कथन भन्दा सामान्य फरक परेको, कसूरको प्रकृति अनुसार शरीरमा चोट चिन्ह नदेखिएको, तथा प्रतिवादी इन्कार रहेको जस्ता सामान्य प्राविधिक कारणले गर्दा उच्च सरकारी वकील कार्यालयबाट मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने निर्णय गरेको देखियो । उक्त सन्दर्भमा फैसलाको ठहर खण्डमा प्रमाण मूल्याङ्कनमा त्रुटि रहेकाले अधिकांश मुद्दामा प्रत्यर्थी झिकाउने आदेश गर्ने गरेको हुँदा न्याय प्रशासन ऐन, २०७५ को दफा १२को उपदफा (१) बमोजिमका आधारहरु नभएको अवस्थामा मात्र मुद्दा दोहोऱ्याई पाउने निवेदन नगर्नु उपयुक्त हुन्छ।

अधिकांश मुद्दामा कसूरको तथ्य बढाई चढाई ठूलो घटना देखाउने, नभएको नगरेको कुरामा झुट्ठा जाहेरी दिने तथा ढिलो जाहेरी पर्नाले यकिन गर्न नसकिने प्रकृतिका हुने गरेको हुँदा यस्तो मुद्दाले कसूर कायम गर्न नसकिने हुँदा अनुसन्धानको प्रारम्भिक चरणमा नै घटना बारे स्पष्ट भई सो अनुसार अनुसन्धान गर्नुपर्ने अवस्था देखिन्छ । सो अनुसार नै अभियोजन तथा पुनरावेदन गर्दा कसूर अनुरुपको उचित मागदाबी लिई अभियोजन गर्नु पर्दछ ।

## परिच्छेद सात

# सिफारिस (Recommendations)

करणी सम्बन्धी कसूरको प्रवृत्ति विश्लेषण तथा कानूनको प्रभाव मूल्याङ्कनको प्रयोजनार्थ अभियोजन गर्ने सरकारी वकील कार्यालयहरुमा हालको अवस्था पहिचान गर्नु प्रमुख उद्देश्य रहेको प्रस्तुत अध्ययनबाट वर्तमान अवस्थामा देहाय बमोजिम सुधार गर्नु पर्ने गरी सुझावहरु प्रस्तुत गरिएको छ।

- अपराधको अनुसन्धानका लागि अनुसन्धान अधिकृत खटाउँदा SOCO तालिम प्राप्त प्रहरी कर्मचारीलाई मात्र खटाउनु पर्ने।
- पीडित प्रभाव प्रतिवेदन मिसिलमा सामेल गर्न सरकारी वकीलले पहल गर्नु पर्ने।
- करणी सम्बन्धी मुद्दामा पीडित दवाव प्रभावमा पर्ने समेत तथ्यलाई समेत विचार गरी कानूनमा उल्लेख भएका निरन्तर सुनुवाइ हुने मुद्दामा निरन्तर सुनुवाइको लागि पहल गर्नु पर्ने।
- अनुसन्धान अधिकृतले पीडितको स्वास्थ्य परीक्षण समयमै गरी प्रतिवेदन प्राप्त गर्नु पर्ने।
- समान उमेर समूहका वा केही निश्चित उमेर अन्तर भएका बालबालिकाहरू बीच प्रेम सम्बन्ध तथा यौन उत्सुकताका कारण आपसमा निकटता रही शारीरिक सम्बन्ध भएको समेत देखिँदा कानूनमा संबोधन हुन सक्ने गरी रोमियो एन्ड जुलियट सम्बन्धी कानूनी व्यवस्था गर्नु पर्ने।
- करणी सम्बन्धी कसूरको हदम्याद लामो भएको हुँदा ढिलो जाहेरी पर्दा कसूर स्थापित गर्न कठिनाई हुने हुँदा हदम्याद घटाइनु पर्ने।
- मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णयको आधारमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को अवस्था रहे नरहेको उल्लेख गर्नु पर्ने।
- करणी सम्बन्धी कसूरहरु पीडितका आफन्त वा चिनेजानका व्यक्तिबाट अधिक मात्रामा हुने गरेको देखिँदा सो सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनु पर्ने।
- करणी सम्बन्धी कसूरका बारेमा विद्यालय तहका पाठ्यक्रममा समावेश गरिनु पर्ने।
- कसुरदारको सम्पति लगायत विभिन्न क्षेत्रमा गरेको लगानीहरुको समेत अनुसन्धानबाट खोजी गर्नुपर्ने र रोक्काका लागी अभियोग पत्रमा मागदाबी गर्नुपर्ने।
- पिडकबाट भराइने क्षतिपूर्ति रकमलाइ सरकारी बाँकि सरह असुल उपर गर्ने प्राबधानलाइ कानुनमा नै व्यबस्था गरी संबोधन गरीनुपर्ने।

## अनुसूची – १

# मिसिल / निर्णय अध्ययनको एकीकृत तालिका

### (क) सुरू मिसिल अध्ययनः

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. कोशी प्रदेश<br>१. झापा | १. | जबरजस्ती करणी (१) | पीडितको जाहेरी आफै १ | २०७९।१२।१५ चिया बगान | २० वर्ष माथि अरू नखुलेको | विधवा महिलालाई रातीको समयमा घर फर्किदै गर्दा बाटोबाट जबरजस्ती चिया वगानमा लगी करणी गरेको, **अनुचित प्रभाव** | २०८०।७।२२ चोट चिन्ह नदेखिएको, गर्भवती १ | २९ बर्षिय कृष्ण कर्माकार, नाता नपर्ने | विवाह गर्ने भनी सहमतिमा करणी गरेको (इन्कार) | नभएको | अपराध संहिताको दफा २१९(३)(ङ) बमोजिम सजाय, दफा २१९ (३क)(ग) बमोजिम जरिवाना, दफा २२८ बमोजिम क्षतिपूर्ति, दफा ४१ को शुल्क समेत भराई पाउन<br>मिति २०८०।८।२२ मा दर्ता | लिएको १ |
| | २. | अप्राकृतिक मैथुन (१) | बाबुको जाहेरी नातेदर १ | २०७९।५।३ जाहेरवालाको घर कोठा | ५ वर्ष नर्सरीमा पढ्ने | पीडितलाई पलङमा सुताई निजको कट्टु खोली प्रतिवादीले लिंग पीडितको गुद्वारमा प्रवेश गराएको **जोर जबरजस्ती** | मिति २०७९।५।३ anal orifice: Redness present १ | वर्ष १९ को सामहम्द अंसारी नाता नपर्ने | पीडितको गुद्वारमा मैले लिंग छिराएको (सावित) | नभएको | अपराध संहिताको दफा २२६(१) र (३)दफा २१९ (१) र (२) को कसूरमा दफा २१९(३)(क), दफा २१९ (३क)(क) बमोजिम सजाय गरी दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क समेत भराई पाउन<br>मिति २०८०।५।२३ मा दर्ता | लिएको २ |
| | ३. | हाडनातामा ज.क. (१) | आमाको जाहेरी नातेदर २ | २०८०।९।१ पीडितको आफ्नै घर कोठा | १३ वर्ष कक्षा ७ मा अध्ययनरत | आफ्नो सहोदर वहिनी पीडितको हात टाईले बाँधी प्रतिवादीले जबरजस्ती करणी गरेको **जोर जबरजस्ती** | २०८०।९।९ Hymen: old healed tear at 6, 7 and 3 oclock २ | वर्ष १७ को PP नाता सहोदर बहिनी | केही गरेको छैन (इन्कार) | नभएको | अपराध संहिताको दफा २१९ (३) (ख), दफा २१९ (३क) (ग), २२०(२) (ख) बमोजिम सजायमा बालबालिका सम्बन्धी ऐनको दफा ३६(४) बमोजिम हुन. अपराध संहिताको दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क समेत भराई पाउन २०८०।९।२९ मा दर्ता | लिएको ३ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४. | हाडनातामा ज.क. (२) | आमाको जाहेरी नातेदर ३ | २०८०।८।२७ आफनै डेरा कोठा | १३ वर्ष अन्य नखुलेको | मादक पदार्थ सेवन गरी आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको **जोर जबरजस्ती** | २०८०।९।३ Hymen: 0, 3, 9 oclock old healed tear seen ३ | वर्ष ६० को झिलझिले DX नाता छोरी | छोरीलाई करणी गरेको हुँ। (सावित) | नभएको | अपराध संहिताको दफा २१९(३)(ख), दफा २१९ (३क)(क) बमोजिम सजाय, दफा २२०(२)(क) बमोजिम थप सजाय, दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।९।२३ मा अभियोग दर्ता | लिएको ४ |
| | ५. | वैवाहिक ज.क. (१) | पीडित स्वयम्को जाहेरी आफै | २०८०।१२।४ पीडितको डेरा कोठामा | नखुलेको | मादक पदार्थ सेवन गरी जबरजस्ती पीडितको कोठामा प्रवेश गरी जबरजस्ती करणी गरेको। **जोर जबरजस्ती** | २०८०।१२।४ Hymen: parous introitus ४ | वर्ष ४१ को PR श्रीमती नाता | कसूरमा इन्कार | नभएको | अपराध संहिताको दफा २१९(४) बमोजिम सजाय हुन, मुलुकी अपराध संहिता. २०७४ को दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।१२।७ मा दर्ता | लिएको ५ |
| | ६. | जबरजस्ती करणी उद्योग (१) | पीडित स्वयम् जाहेरवाला आफै ३ | २०८०।८।१२ मेची रंगशाला नजिकै रहेको पुरानो भवनमा | नखुलेको | प्रतिवादीले कोही नभएको मौका छोपी पीडितको संवेदनशील अंग समाई कपडा च्याती खोली जबरजस्ती करणीको प्रयास गरेको **जोर जबरजस्ती** | २०८०।८।१२ चोट चिन्ह नभएको २ | वर्ष ४६ को सोमनाथ काफ्ले नाता नभएको। | कसूरमा इन्कार | नभएको | अपराध संहिताको दफा २१९(३) (ङ), दफा २१९ (३क)(ग) बमोजिम हुने सजायमा दफा ३४(३) बमोजिम सजाय, दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।९।२ मा दर्ता | लिएको ६ |
| | ७. | जबरजस्ती करणी उद्योग (२) | आमाको जाहेरी नातेदर ४ | २०८०।८।२० जाहेरवालाको भाइको पसल भित्र | वर्ष १६ एघार कक्षा | प्रतिवादीले मादक पदार्थ सेवन गरी एक्लै पसलमा बसिरहेकी पीडितलाई जबरजस्ती करणी गर्न खोजेको **जोर जबरजस्ती** | नखुलेको ३ | वर्ष ४६ को दिपक वुढाथोकी नाता नरहेको | मादक पदार्थ सेवनको सुरमा पीडितलाई लिंग देखाई खेलाएको र पीडितले हल्ला गरेपछि भागेको हुँ। (इन्कार) | नभएको | अपराध संहिताको दफा २१९(३) (घ), दफा २१९ (३क) ख) बमोजिम हुने सजायमा दफा ३४(३) बमोजिम सजाय, दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।९।१६ मा अभियोग दर्ता | लिएको ७ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ८. | बालयौन दुरूपयोग (१) | सौतेनी दिदीको जाहेरी नातेदर ५ | २०८०।२।६ मा जाहेरवालाको डेराकोठामा | वर्ष ७ अन्य नखुलेको | प्रतिवादीले पीडितलाई मोवाइल खेलाउन दिई लुगा भित्र हात छिराई पीडितको स्वेदनशील अंग स्तन समाई योनी सुम्सुम्याएको। **प्रलोभन** | नखुलेको ४ | वर्ष ६२ को बल वहादुर कुमाल नाता नरहेको। | मैले नराम्रो सोचेर होइन। नातिनी सम्झेर गाला र घाँटीमा चुम्मा गरेको हुँ। (इन्कार) | नभएको | बालबालिका सम्बन्धी ऐन ६६ (१)(२) र (३) (ङ) को कसूरमा ऐ. को दफा ७२ (३) (ख) बमोजिम सजाय, दफा ७३ बमोजिम क्षतिपूर्ति भराई पाउन। २०८०।२।२६ मा अभियोग दर्ता | नलिएको १ |
| | ९. | बालयौन दुरूपयोग (२) | आमाको जाहेरी नातेदर ६ | २०८०।३।११ जंगलको टिक घारीमा | वर्ष ८ विद्यालय अध्ययनरत | प्रतिवादीले पीडितलाई घर पुर्याइदिन्छु भनी साइकल चढाई जंगलमा लगि रु १०००।- दिन्छु तिम्रो सु गर्ने देखाउ भनेको। त्यसपछि पीडित भागेको। **प्रलोभन** | नखुलेको ५ | वर्ष ५२ को टिकाराम कामी नाता नरहेको। | कसूरमा इन्कार | नभएको | बालबालिका सम्बन्धी ऐनको दफा ६६ (३) (क) र (ङ) को कसूरमा ऐ. को दफा ७२(३) (ख) बमोजिम सजाय हुन, ऐ. को दफा ७३ बमोजिम क्षतिपूर्ति भराई पाउन। २०८०।४।२ मा अभियोग दर्ता | नलिएको २ |
| २. पाँचथर | १०. | जबरजस्ती करणी (२) | पीडितको जाहेरी आफै ४ | २०८०।८।१० गणेशमान पार्कमा २०८०।८।१८ जोरसालमा | उमेर नखुलेको वि एड अध्ययन गर्दै | प्रतिवादीले पटक पटक जबरजस्ती करणी गरेकाले गर्भ रहन गएकोमा इटहरी स्थित मेरी स्टोप्स सेन्टरमा ५ हप्ता ५ दिनको गर्भ पतन गराएको। **अनुचित प्रभाव** | Hymen: Rapture ५ | वर्ष ३० को किरण वान्तवा राई नाता नभएको | सहमतिमा करणी लिनु दिनु गरेको हो। (इन्कार) | नभएको | अपराध संहिताको दफा २१९(३)(ङ), दफा २१९ (३क) (ग) बमोजिम सजाय र दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।११।१० मा दर्ता | लिएको ८ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ११. | ज.क उद्योग (३) | पीडितको जाहेरी आफै ५ | २०८०।६।२२ बारीमा | वर्ष ४३ शैक्षिक अवस्था नखुलेको | प्रतिवादीले संवेदनशील अंग स्तनमा समाई भूईमा लडाई जबरजस्ती करणी गर्न खोजेकोमा पीडितले प्रतिकार गरी भागेको **जोर जबरजस्ती** | २०८०।६।२३ Multiple Abrasion on chest and abdominal region ६ | वर्ष ४६ को चन्द्र प्रसाद लोवा नाता नभएको | कसूरमा इन्कार | नभएको | अपराध संहिताको दफा २१९(३)(ङ) बमोजिम हुने सजायमा ऐ. को दफा ३४(३) बमोजिम सजाय हुन, ऐ. को दफा २२८ बमोजिम क्षतिपूर्ति भराई पाउन। २०८०।७।१६ मा दर्ता | लिएको ९ |
| | १२. | हाडनातामा ज.क. (३) | आमाको जाहेरी नातेदार ७ | २०७९।३।१५ काकाको घर कोठामा | १४ वर्ष कक्षा ७ मा अध्ययनरत | काकाको घरमा टि भी हेर्न गएको बेला पटक पटक करणी गरेकोमा गर्भ रहन गएको। **अनुचित प्रभाव** | २०७९।१०।१४, Hymen: Intact Pregnancy 29 weeks 6 days ७ | १३ वर्ष २१ B फुपु नाता | मैले पीडितसँग निजको सहमतिमा शारीरिक सम्पर्क गरेको हुँ (सावित) | नभएको | अपराध संहिताको दफा २१९(३)(ख), (८), दफा २१९ (३क)(ख), २२० (२) (घ), को सजायमा बालबालिका सम्बन्धी ऐनको दफा ३६(२) बमोजिम हुन। संहिताको दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।२।२९ मा दर्ता | लिएको १० |
| | १३. | हाडनातामा ज.क. (४) (संरक्षणमा रहेकी पीडित) | फुपुको जाहेरी नातेदार ८ | २०७९।५।१६ आफ्नै घरमा | १६ वर्ष ३ महिना शिक्षाको अवस्था नखुलेको | पीडित आफ्नै घरमा सुतिरहेको अवस्थामा प्रतिवादी ससुराले जबरजस्ती करणी गरेको। **नाजुक स्थिति** | २०७९।५।१७ Hymen: Rapture, Pregnant ८ | ०२-२०७९।०८० ७ बी ससुरा नाताको | मैले नशाको सुरमा उत्तेजित लिंग पीडितको योनीमा पसाउन खोजे, लिंग पस्यो पसेन यकिन भएन, ( सावित) | नभएको | अपराध संहिताको दफा २१९(३) (घ), दफा २१९ (३क) (ख), दफा २२२ (२), दफा २१९(८), २२०(२) (ख) को थप सजाय समेत, दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क समेत, २०७९।६ ।७ मा दर्ता | लिएको ११ |
| | १४. | बाल यौन दुर्व्यवहार (३) | आमाको जाहेरी नातेदार ९ | २०८०।४।२७ चन्द्रराज आङदम्वेको घर आँगन | १३ वर्ष अन्य नखुलेको | प्रतिवादीकै आँगनमा बोलाई एक्कासी पीडितको छाती र स्तन खेलाउँदा पीडित भागेको **झुक्यान** | २०८०।९।१ दायाँ हात देब्रे खुट्टामा कोतरिएको दाग ९ | वर्ष ५६ का चन्द्रराज आङदम्वे नाता नपर्ने | कसूरमा इन्कार | नभएको | बालबालिका सम्बन्धी ऐनको दफा ६६ (३) (ङ) को कसूरमा ऐ. को दफा ७२(३)(ख) बमोजिम सजाय हुन, ऐ. को दफा ६७ (२), दफा क्षतिपूर्ति भराई पाउन २०८०।९।२४ गते अभियोग दर्ता | लिएको १२ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १५. | बाल यौन दुर्व्यवहार (४) | ठूलो बुवाको जाहेरी नातेदार १० | २०८०।८।२७ चालिसे जंगलमा | १२ वर्ष अन्य नखुलेको | कण्डम निकाली पीडितलाई करणी गर्न देउ भनी स्तन समातेपछि पीडितले प्रतिवादीलाई चिमोटेर भागेकी **प्रलोभन** | २०८०।८।२९ चोट चिन्ह नरहेको ६ | वर्ष ४० का ज्ञान बहादुर योङहाङ नाता नपर्ने | कसूरमा इन्कार | नभएको | बालबालिका सम्बन्धी ऐनको दफा ६६(३)(ङ) को कसूरमा ऐ. को दफा ७२(३) (ख) बमोजिम सजया हुन, ऐ. को दफा ६७ (२), दफा ७३ बमोजिम क्षतिपूर्ति भराई पाउन २०८०।९।१९ गते अभियोग दर्ता | लिएको १३ |
| | १६. | जबरजस्ती करणी (३) | आमाको जाहेरी नातेदार ११ | २०८०।११।१५ जाहेरवालाकै घरमा | १२ वर्ष शैक्षिक अवस्था नखुलेको | पीडित सुतेको स्थानमा प्रतिवादी समेत गई सुती २ पटक जबरजस्ती करणी गरेको **अचेत अवस्था** | २०८०।११।२७ Hymen: Intact ७ | वर्ष ३० का कमल थापा नाता नखुलेको | कसूरमा इन्कार | नभएको | अपराध संहिताको दफा २१९(३)(ख), दफा २१९ (३क) (क) को सजाय र दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन, २०८०।१२।१९ मा अभियोग दर्ता | लिएको १४ |
| | १७. | जबरजस्ती करणी उद्योग ( ४) | देउरानीको जाहेरी नातेदार १२ | २०८०।१०।१२ जाहेरवालाको भान्साकोठामा | नखुलेको | बोली नआउने अपांगता भएकी पीडितलाई भान्सा कोठामा स्तन समेत समाई जबरजस्ती करणी गर्न खोजेको पीडितले प्रतिकार गरी भागेको **नाजुक स्थिति** | २०८०।१०।२२ चोट चिन्ह नरहेको ८ | वर्ष ४९ नन्द कुमार पालुङ्वा नाता नपर्ने | कसूरमा इन्कार | नभएको | अपराध संहिताको दफा २१९(३)(ङ), दफा २१९(७), २१९ (३क) (ग)बमोजिम हुने सजायमा दफा ३४(३) बमोजिम हुन, दफा २२८ बमोजिम क्षतिपूर्ति र शुल्क भराई पाउन। २०८०।११।१४ मा दर्ता | लिएको १५ |
| ३. सोलुखुम्बु | १८. | जबरजस्ती करणी र कर्तब्य ज्यान (४) | छोरीको जाहेरी नातेदार १३ | २०८०/२/११ पीडित कै घर | ५१ वर्ष शिक्षा नखुलेको | तीनजनाको समुहमा रहेका प्रतिवादिहरुले मृतकको लुगाच्याती दिई जबरजस्ती करणी गरी कर्तव्य गरी अर्धनग्न अवस्थामा छाडेको **जोर जबरजस्ती** | २०८०।२।१६ Blunt force traum to head and face, multiple cut injuries १० | ५७ वर्षका चरण कु.राइ समेत ३ जना चिनजानको एउटै गाँउको | छ्याङ खाएको समयमा करणी माग्दा नमानेकोले जबरजस्ती करणी गरी घटना बाहिर आउन नदिन कर्तव्य गरी मारेको (सावित) | नभएको | अपराध संहिताको दफा २१९ को (१) (२) र (७), दफा १७७ को (२), दफा ४१ बमोजिम सजाय दफा २१९ को (३क) को देहाय (ग), दफा २२८ र १८६ बमोजमि क्षतिपूर्ति भराईपाउने मागदाबी दर्ता मितिः २०८०।३।६ | नलिएको ३ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १९. | ज.क उद्योग र बोक्सीको आरोप (५) | पीडितको जाहेरी आफै ६ | २०८०/१०/१७ पीडित कै घर | बृद्ध उल्लेख भइ उमेर र शिक्षा नखुलेको | बोक्सी भन्ने आरोप लगाइ गालीगलौज गरी कुटपिट गर्दै जबरजस्ती सुत्ने कोठामा लगी चोलो च्याति चुँडाली जबरजस्ती करणी गर्ने प्रयास गर्दा पीडित बेहोस भएको र बुहारी आइपुगेकोले घटना हुन नपाएको। **जोर जबरजस्ती** | २०८०।१०।२१ Blunt force traum to face,chest upper back and right lower limb. ११ | बर्ड ४४ का छत्रमान तामाङ/ चिनजानको एउटै गाउँले | झारफुक गर्दा रक्सी खान दिएको, पीडित बेहोस भएकोमा शंका लागी फोटो भिडियो लिन लागेकोमा आफन्त बोलाई हातपात गरेको, कुनै कसूर नगरेको (इन्कार) | नभएको | अपराध संहिताको दफा दफा २१९ (१) (ङ) को सजायमा ३४(३) बमोजिम, २२८ र बोक्सीको आरोप कसूरमा समेत सजाय र क्षतिपूर्ति भराउन पाउन मागदाबी, दर्ता मिति – २०८०।११।१३ | नलिएको ४ |
| | २०. | ज.क उद्योग (६) | पीडितको जाहेरी आफै ७ | २०८०/०२/०८ पीडित कै घर | वर्ष ३१ कि शिक्षा नखुलेको | घरको बाहिर चावी लगाइ घर भित्र सुतेकोमा झ्यालको सिसा फुटाइ निदाएको अवस्था मा ओछ्यानमा आइ शंवेदनशील अंगमा समाती करणी गर्न खोजेको अवस्थामा गुहार माग्दा र छिमेकि आइ प्रहरी जिम्मा लगाएको **अचेत अवस्था** | २०८०।२।१२ चोट चिन्ह उल्लेख नभएको ९ | वर्ष २५ का सचिन राइ/ चिनजानको रहेको | पीडितले बोलाएकोले राति निजको घरमा पुग्दा ढोका लगाएकोले झ्यालको सिसा फुटाइ प्रवेश गरी ओछ्यानमा पुगेको र निजले गाली गलौज गरेपछी कपाल समातेर तानेको , (इन्कारी) | नभएको | अपराध संहिताको दफा २१९ को (१)(२) र ३ (ङ) बमोजिमको दफा ३४ (१)(२) को कसूरमा सोही संहिताको दफा २१९ को ३(ङ) र (३क) (ग) बमोजिम हुने सजायमा दफा ३४ (३) बमोजिम सजाय हुन र दफा २२८ बमोजमि क्षतिपूर्ति भराई पाउने मागदावी। दर्ता मिति – २०८०२।२९ | लिएको १६ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २१. | हाडनातामा ज.क. (५) | बाबुको जाहेरी नातेदार १४ | २०७९/१२/३ पीडित कै घर | वर्ष ९कि शिक्षा नखुलेको | भान्सा कोठामा पीडित र प्रतिवादी सुतेको अवस्थामा रातको ३ बजे पीडितलाई डरत्रास देखाई जबरजस्ती करणी गरेको छोरीले रुँदै उक्त कुरा बताएकी। **जोर जबरजस्ती** | २०७९।१२।८ Fimbirated hymen, yellowish white stain over right hip of labia majora. १२ | वर्ष २४ का हिमाल पीडितको मामा नाताको | छ्याङ रक्सी खाएको, पीडित भान्जी संग एउटै ओछ्यानमा सुतेकोमा रक्सी खाइ मातेकोले के के भयो थाहा भएन (सावित) | नभएको | अपराध संहिताको दफा २१९ को (३) को (क) , दफा २२०को (२)को (ग) बमोजिम सजाय हुन थप सजाय हुन र सोही संहिताको २१९ को (३क) को देहाय (ग) र दफा२२८ बमोजिम क्षतिपूर्ति भराई पाउने मागदाबी। दर्ता मिति – २०७९।१२।२२ | लिएको १७ |
| | २२. | हाडनातामा ज.क. (६) | आमाको जाहेरी १५ | २०८०/०९/२ जंगलमा | वर्ष ९ कि शिक्षा नखुलेको | पानी बनाउन जाँदा बाटोमा जंगलमा ओखर दिन्छु भनी फकाइ जबरजस्ती कपडा खोली निजको सुसु गर्ने मेरो सुसु गर्नेमा छिराइ बाहिर भित्र गरी फटाहा काम गरेको, **प्रलोभन** | २०८०।९।५ vagina: laceration at 9'oclock and 1 O'clock position present redness, hymenal rim swollen contusion present, multiple fresh injuries were noted १३ | वर्ष १४ को हिमाल ३३ काका नाता पर्ने | पीडितले भने बमोजिम कसूर स्विकार गरेको (सावित) | नभएको | अपराध संहिताको दफा दफा २१९ को (३) (क), दफा २२०को (२) को (ग) २१९ को (३क) को देहाय (क) बमोजिम सजाय, दफा २२८ बमोजिम क्षतिपूर्ति भराई पाउन मागदाबी। दर्ता मिति २०८०।९।१९ | लिएको १८ |

| प्रदेश / जिल्ला | क्र. सं | मुद्दाको नाम | जाहेरवाला र पीडितसँग नाता | वारदात मिति र स्थान | पीडितको उमेर र शिक्षा | घटनाको छोटो विवरण | स्वास्थ्य परीक्षण मिति र व्यहोरा | शंकितको नाम र उमेर/ पीडितसँग नाता | शंकितको बयानको छोटो व्यहोरा | पीडित प्रभाव प्रतिवेदन | अभियोग मागदाबी (कानूनको दफा) दर्ता मिति | निरन्तर सुनुवाइको जिकिर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २३. | जबरजस्ती करणी (५ ) | पीडित स्वयंको जाहेरी आफै ८ | २०७९/११/३० जंगलमा | वर्ष २८ कि शिक्षा नखुलेको | विवाह घरमा गइ मादक पदार्थ सेवन गरी फर्कदा पिछा गर्दै आएको र राति ११.०० बजेको समयमा जंगलमा लगाएको लुगा समेत च्याति दिइ सामूहिक जबरजस्ती करणी गरेको **नाजुक स्थिति** | २०८०।४।८ No any injuries/ parow Hymen १० | वर्ष २४ को अमर बि.क. र वर्ष २२ को बिक्रम बि.क. गाउँले | बिवाह घरमा पीडितले रक्सी मागेको विषयमा भनाभन भई धक्का दिएको रिसले जाहेरी दिएको भनी कसूरमा इन्कार रहेका। (इन्कारी) | नभएको | अपराध संहिताको दफा २१९ को (३)(ङ), (७) (३क) को (ग) बमोजिम सजाय र दफा २२८ बमोजिम क्षतिपूर्ति भराई पाउने समेत मागदाबी दर्ता मिति – २०८०।५।१९ | लिएको १९ |
| | २४. | बालयौन दुरुपयोग (५) | संरक्षकको जाहेरी नातेदार १६ | २०८०/०६/१४ स्कुलमा | वर्ष १३ कि कक्षा-४ मा पढ्दै गरेकी | स्कुलको टिचरले चौथो घण्टिमा पढाउँदै गरेको अवस्थामा एक्कासी छेउमा आइ नजीकै बसेर असहज हुने गरी सुम्सुमाउँदै काखमा राखी संवेदनशील अंग स्तनमा समाती यौन दुर्व्यवहार गरेको, **नाजुक स्थिति** | नभएको ११ | वर्ष ४५ का भक्त बस्नेत शिक्षक | निज पीडितको नजिक बसी सिकाउंदै ढाडमा धाप मारेको हो यौन दुर्व्यवहार गर्ने उद्देश्यले धाप मारेको होइन। (इन्कार) | नभएको | बालबालिका सम्बन्धी ऐनको दफा ३ (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ७२ को ३ (ख) बमोजिम सजाय हुन तथा दफा ६७ को (२) बमोजिम नैतिक पतन, साथै दफा ७३ बमोजिम क्षतिपूर्ति भराई पाउने मागदाबी दर्ता मिति – २०८०।७।१३ | लिएको २० |
| १२. | अनुसन्धानमा छुट्टै दोभाषेको प्रयोगको अवस्था | प्रहरी नै | छुट्टै | नपरेको | अन्य | | | |
| | | १ | ९ | ७ | | | | |
| १३. | अनुसन्धनमा सरकारी वकीलसँग पीडितको सम्पर्क | हुने | नहुने, नगर्ने | केहीमा हुने | अनाव-श्यक | | | |
| | | ४ | | १३ | १ | | | |
| १४. | सरकारी वकीलले अनुसन्धान अधि-कारीलाई निर्देशन दिने / नदिने | आवश्य-कता भए | कुनैमा दिने | नदिने | सबैमा दिने | | | |
| | | १६ | | | | | | |
| १५. | सजायको मागदाबी-मा छुटको प्रयोगको अवस्था (मागदाबी लिने गरे नगरेको ) | गरेको | नगरेको | अन्य | | | | |
| | | १ | १५ | १ | | | | |
| १६. | प्रतिवादीको सम्पत्ति यकिन गरी क्षति-पूर्ति दाबी लिने गरे नगरेको | गरेको | नगरेको | अन्य | | | | |
| | | १४ | २ | | | | | |
| १७. | बालयौन दुरूपयोग / दुर्व्यवहारमा कानूनको प्रयोग | सामान्य | विशेष | दुबै | अन्य | | | |
| | | १ | १० | ६ | | | | |
| १८. | सुनुवाइमा बन्द इजलासको प्रयोग | अगालत-बाटै हुने | नहुने | गर्न लगाउने | अन्य | | | |
| | | ८ | १ | ८ | | | | |

| क्र. सं. | प्रश्न | जवाफको विकल्प | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९. | कसूर पीडित र साक्षी संरक्षणमा सरकारी वकीलको भूमिका (निर्देशन दिने / नदिने) | नि. दिने | नदिने | अन्य | | | | |
| | | १४ | १ | २ | | | | |
| २०. | मुद्दाको कारवा-हीको पीडितलाई जानकारी को अवस्था (अभिलेख राख्ने / नराख्ने) | पूर्ण | आंशिक | नगरेको | | | | |
| | | ८ | ९ | | | | | |
| २१. | भोग्नु परेका चुनौति | | | | | | | |

| | |
|---|---|
| **मागदाबी लिने सन्दर्भमा आएका कानुनी र व्यवहारिक समस्या** | • आरोपी नाबालक भएको अवस्थामा पीडितलाई क्षतिपूर्तिको मागदाबी लिने अवस्थामा कानूनले स्पष्ट व्यवस्था नगरेको,<br>• पीडितको परिचयत्मक विवरण खुल्ने (जन्मदर्ता) प्राप्त गर्न समस्या,<br>• ज.क. उद्योग मुद्धामा क्षतिपूर्ति र थप दाबी लिने सम्बन्धमा दुबिधा रहेको,<br>• बालबालिका सम्बन्धी ऐन, २०७५को दफा ६६ को प्रयोग र व्यायाख्यामा समस्या,<br>• बालबालिकाबाट क्षतिपूर्ति भराउने समस्या,<br>• पीडितको परिचयत्मक विवरण खुल्ने (जन्मदर्ता) प्राप्त गर्न समस्या, +२<br>• प्रतिवादीको सम्पत्ति विवरण प्राप्त गर्न नसकिएको, +१<br>• अनुसन्धान निकायमा गोपनीयता लगायतका विषयलाई गम्भीरताका साथ लिने नगरेको,<br>• स्वास्थ्य परीक्षण गर्ने डाक्टरले पीडितको गम्भीरता बुझ्न नसकेकोले OCMC को पूर्ण कार्यान्वयनमा आउन नसकेको,<br>• लामो समयदेखि करणी भइरहेको अवस्थामा कुन मितिलाई वारदात मिति कायम गर्ने भन्ने,<br>• हदम्याद बढी भएकाले पीडितको स्वास्थ्य परीक्षण गर्दा जबरजस्ती करणीका चिन्हहरू फेला पर्न नसक्ने भएकोले पीडितको कथन बाहेकका अन्य प्रमाणहरू नहुने गरेको,<br>• शारीरिक प्रतिवेदनबाट करणी भएको संकेत नदेखिए तापनि जबरजस्ती करणीमा मुद्दा चलाउनु परेको,<br>• बाल यौन दूरुपयोग मुद्दामा बालबालिका सम्बन्धी ऐन, २०७५ र मुलुकी कार्यविधि संहिता, २०७४ मध्ये कुन अनुसार मागदाबी लिने भन्ने दुविधा रहेको।<br>• यौन दुर्व्यवहार बाल यौन दुर्व्यवहार र जबरजस्तीकरणी उद्योग छुट्याउन कठिनाइ रहेको,<br>• लामो हदम्यातका कारण प्रमाण नष्ट भइसके पनि अभियोजन गर्नुपर्ने बाध्यता रहेको,<br>• अनावश्यक मिडियाबाजी भई अभियोजन गर्न कठिनाइ रहेको,<br>• राजनीतिक दबाव बढ्दै गएको,<br>• पीडितले तथ्य परिवर्तन गर्ने गरेको। |

| | |
|---|---|
| **पीडितलाई क्षतिपूर्ति र सामाजिकीकरण गर्ने प्रभावकारी उपायहरु** | • पीडित बस्ने जिल्लामा वा पालिकामा नै पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति उपलब्ध हुने व्यवस्था हुनुपर्ने, १<br>• पालिका समेत भएर सामाजिकीकरणको लागि समिति बनाउनुपर्ने, +१<br>• अपराध पीडित संरक्षण ऐन बमोजमि सञ्चालन हुने खाताको प्रयोग सहज बनाउने।<br>• प्रतिवादी वा कानूनको विवादमा परेका बालबालिकाले क्षतिपूर्ति तिर्न सक्ने आर्थिक हैसियत नभएको अवस्थामा सरकार वा पीडित राहत कोषबाट तत्काल सहज रुपमा क्षतिपूर्ति प्राप्त गर्ने वातावरण हुनुपर्ने, +२<br>• पीडितलाई अनुसन्धानकै चरणदेखि पुनर्स्थापना, उपचार, मनोसामाजिक परामर्श, सुरक्षा, राहत र भरण पोषणको व्यवस्था राज्यबाट हुनुपर्ने। १<br>• अनुसन्धानकै क्रममा प्रतिवादीको चल/ अचल सम्पत्ति विवरण रोक्का राख्नुपर्ने,<br>• अनुसन्धान अधिकारी, अभियोजनकर्ता र अदालतले पीडितलाई विशेष प्राथमिकता दिनुपर्ने,<br>• स्थानीय निकायका पदाधिकारीहरूलाई जिम्मेवारी बोध गराउनुपर्छ,<br>• पीडितलाई अभियोग दायर गर्दा नै कसूरको गम्भीरता अनुसार अन्तरिम क्षतिपूर्ति दिलाउने तर्फ पहल गर्ने, +१<br>• कसूर पीडितले क्षतिपूर्ति पाउने ठहरी सुरु अदालतबाट भएको फैसला बमोजिम तुरुन्त क्षतिपूर्ति पाउने व्यवस्था हुनुपर्ने,<br>• पीडितलाई क्षतिपूर्ति सहज रूपमा दिने कार्यलाई प्रक्रियामुखीभन्दा परिणाम मुखी बनाउने,<br>• पीडितलाई क्षतिपूर्ति उपलब्ध गर्ने कार्यमा सरकारी वकीलले सहजीकरण गरिदिने,<br>• क्षतिपूर्ति धरौटी राख्न लगाई ठहर भई पीडितलाई दिने र सफाइ पाए प्रतिवादीहरूलाई फिर्ता दिने व्यवस्था हुनुपर्ने,<br>• सरकारले संघसंस्थाहरू खोल्ने तथा भइरहेको संघसंस्थालाई निगरानी अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्छ। |
| अभियोजन, पुर्पक्ष र पैरवी गर्दा आएका व्यवहारिक समस्याहरु | • जन्मदर्ता, नागरिकता लगायतका उमेर खुल्ने कागजात नै नबनाएका पीडितहरुको उमेर यकिन गर्न कठिनाई परेको, +१<br>• पीडितको मंजुरी बेगर अविभावकको दबावमा समेत जाहेरी परेको देखिएको,<br>• वारदातको लामो समयपछि जाहेरी दिने प्रवृत्तिले भौतिक एवं वैज्ञानिक सबुदहरु संकलन हुन नसकेको,<br>• साक्षी बकपत्र गर्न नआउने, +१<br>• परीक्षण प्रतिवेदन तथा कागजात समयमा प्राप्त नहुने, +२<br>• अदालतमा जाहेरवाला र पीडितले प्रतिकूल बयान गर्ने जसले गर्दा कसूर कायम गर्न थप कसरत गर्नु परेको, +४<br>• अन्तरिम क्षतिपूर्तिको व्यवस्था भएता पनि पिडकको आफन्तको नाउँमा भएको सम्पत्तबिाट भराउने सम्बन्धमा स्पष्ट कार्यविधी नभएको, |

| | |
|---|---|
| | • पीडितसँग सरकारी वकीलको सम्पर्क नहुँदा पीडितको नागरिकताको फोटो पुरानो भएको तथा पीडित बालबालिकाको जन्मदर्ताको विवरण मात्र हुँदा नक्कली पीडित तथा अभिभावक बकपत्र गर्ने बेला निस्कने सम्भावना रहेको,<br>• पीडितलाई उजुरी पर्ने बित्तिकै पुनर्स्थापना गृहमा राखी अभियोगपत्र सँगै बकपत्रका लागि पेश गर्नुपर्ने । पीडितको हालसालै खिचेको फोटो गोप्य खामबन्दी फाईलमा राख्नुपर्ने,<br>• बन्द इजलासलाई अदालतमा पूर्णरूपमा कार्यान्वयनमा ल्याउन नसकिएको,<br>• प्रतिवादीले पीडितलाई डरत्रास धम्की र प्रलोभनमा पार्ने गरेको,<br>• अभियोगपत्र साथ पेश गरिएको पीडितलाई तत्काल बकपत्र नगराई बारम्बार अदालत आउने गरी हाजिरमा राखिएको,<br>• मानव स्रोतको कमी,<br>• विशेषज्ञका विज्ञता तथा निष्पक्षतामा समेत प्रश्न गर्न पर्ने देखिएको,<br>• अनुसन्धान अधिकारीमा कानुनी कार्यविधिको ज्ञानको कमीले गर्दा अनुसन्धान सोचे जस्तो नहुने गरेको,<br>• सत्य तथ्य भन्दा भ्रामक तथ्य बढी आउने। |
| **सारभूत र कार्यविधी कानूनमा ल्याउनेपर्ने संसोधन, परिमार्जन ।** | • मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा )२ (को सूपष्टीकरण खण्डमा भएका शब्दावलीहरुको व्यावहारिक तवरले परिभाषित गर्नुपर्ने।<br>• उमेर नपुगेका बालबालिकाले एक आपसमा विवाह गरी आफूहरुलाई एक अकर्काको श्रीमान-श्रीमतिको रुपमा स्वीकार गरेको अवस्थामा भएको करणीलाई सजायमा लचिलो बनाउनुपर्ने, +१<br>• पीडित र प्रतिवादी दुबै नाबालक भएको अवस्थामा छुट्टै सजायको व्यवस्था हुनुपर्ने,<br>• ज.क उद्योग मुद्दाको लागि करणी सम्बन्धी कसूर परिच्छेदमा नै छुट्टै दफाको व्यवस्था गर्नुपर्ने,<br>• बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६६ को स्पष्टता र व्याख्या हुनुपर्ने,<br>• पीडित र पीडितको परिवार तथा महत्वपूर्ण साक्षीलाई संरक्षण, सुरक्षा, पुनर्स्थापना, राहत र रोजगारीको व्यवस्था हुनुपर्ने,<br>• २१९)३ (र) ३क (बमोजिमको जरिवाना र कैद सजाय केही घटाउनुपर्ने,<br>• बालिग महिला र नाबालकाबीच हुने करणी लेनदेनको विषय थप गर्नुपर्ने, +१<br>• ज.क. उद्योगमा जरिवानाको विषयलाई प्रष्ट पार्नुपर्ने,<br>• दफा २१९ को उद्योग, दफा २२४ र २२५ बीचको विद्यमान व्यव्स्था उस्तै देखिँदा कसूरको विस्तृत व्याख्या गर्नुपर्ने,<br>• करणीका लागि मञ्जुरी १८ र विवाहका लागि २० वर्ष हुनुपर्ने,<br>• दफा २२६-अप्राकृतिक मैथुनको परिभाषा प्रष्ट हुनुपर्ने,<br>• अनुसन्धानको क्रममा पीडित अदालतमा उपस्थित भइ बकपत्र गर्दा hostile हुने गरेको देखिएकोले साक्षी संरक्षणलाई थप व्यवस्थित बनाउनुपर्ने।+१ |

| | |
|---|---|
| | • समान उमेर र आपसी प्रेम सम्बन्धमा सहमति हुने करणी कार्यलाई अन्य करणीको मुद्दा भन्दा भिन्न किसिमले अभियोजन गर्नुपर्ने व्यवस्था हुनुपर्ने/ Romeo Juliet law, +२<br>• सामाजिक, संस्कृतिक अवस्थालाई विचार गरी सहमतिमा हुने करणीको उमेरमा संशोधन गर्नुपर्ने, +१<br>• हदम्याद बढी भएकाले पीडितको स्वास्थ्य परीक्षण गर्दा जबरजस्ती करणीका चिन्हहरू फेला पर्न भएकाले पीडितको कथन बाहेकका अन्य प्रमाणहरू नहुने हुँदा हदम्याद कम गर्नुपर्ने,+१<br>• पीडितको भनाइलाई मात्र आधार मानी मुद्दा चलाउने निर्णय गर्ने कठिनाइ हुने भएकोले र झुट्ठा मुद्दामा सो भनाइलाई अन्य स्वतन्त्र प्रमाणहरूले सहयोग गर्दैन भन्ने मुद्दा नचलाउने अधिकार जिल्ला न्यायधिवक्तालाई दिनुपर्ने। |

## (ग) पुनरावेदन तहमा कार्यरत सरकारी वकीलबाट प्राप्त प्रश्नावली

| क्र. सं. | प्रश्न | जवाफको विकल्प | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रश्नावली संकलन गरिएका कार्यालय संख्या | कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
| | | | ३ | २ | | ३ | १ | २ |
| २. | अभियोजन र प्रतिरक्षा कार्यमा अनुभव वर्ष र मुद्दा संख्या | १ भन्दा कम | २ वर्षसम्म | २- ५ वर्ष | ५ बढी | मुद्दा १० भित्र | १०- २० | २० – ५० |
| | | | | १ | ११ | | १ | ११ |
| ३. | अभियोजन र प्रतिरक्षा गरेका मुद्दाको प्रकृति | पूर्ण कसूर | उद्योग | हाडनाता | वैवाहिक | अप्राकृतिक | बालयौन दु. | अन्य |
| | | १० | १ | १ | १ | | | |
| ४. | अभियोजन गर्दा कानूनको उचित प्रयोग भए / नभएको | भएको | ठूलो दाबी | आंशिक त्रुटि | अन्य | | | |
| | | ९ | ३ | ४ | | | | |
| ५. | अभियोजनमा तथ्यगत त्रुटि | विना प्रमाण | ठूलो कसूर | जबरजस्ती कसूर | अन्य (सबै) | | | |
| | | ९ | २ | ४ | २ | | | |
| ६. | पक्षको गोपनीयता कायम | टिपेक्स | भएको | निर्देशन दिने | अन्य | | | |
| | | ६ | ८ | ६ | | | | |
| ७. | पीडितको बकपत्रको अवस्था | प्रतिकूल | अनुरूप | अनुपस्थित | मिसिलमा नहुने | (आंशिक) | | |
| | | १० | ३ | | | २ | | |
| ८. | मागदाबी बमोजिम ठहर र सजाय नहुने कारण | इन्कार र प्रतिकुल बकपत्र | प्रतिकुल स्वास्थ्य प्रतिवेदन | सहमतिमा भएको | अन्य (सबै) | | | |

| क्र. सं. | प्रश्न | जवाफको विकल्प | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १० | ३ | ४ | १ | | |
| ९. | पुनरावेदनमा नेपाल सरकारले लिने गरेको जिकिर | मौकाको सावितिलाई प्रमाणमा नलिएको | पीडितको प्रतिकूल बकपत्र | इन्कारीकै भरमा सफाइ दिएको | अन्य (सबै) | | |
| | | ४ | ५ | ८ | १ | | |
| १०. | पुनरावेदनमा प्रतिवादीले लिने गरेको जिकिर | साक्षीको बकपत्रलाई प्रमाणमा नलिएको | शरीरमा चोट चिन्ह नभएको | जाहेरवालाले प्रतिकूल बकपत्र गरेको | प्रहरीले आफूखुसी साविति गरेको | अन्य(सबै) | |
| | | ७ | ५ | ६ | ५ | १ | |

**११. कार्य सम्पादनमा देखिएका समस्या**

- परीक्षण प्रतिवेदन र अन्य कागजहरु समयमा प्राप्त हुन नसकेको,(+४)
- प्रतिरक्षा गर्दा दुविधा हुने देखिएको,
- साक्षी र पीडितले प्रतिकुल बकपत्र गरेका कारण कसूर भएको हो होइन भनी छुट्याउन गाह्रो भएको ,(+४)
- मुद्दाको चाप र सांख्याको आधारमा सरकारी वकीलहरू नभएका कारण एउटै सरकारी वकीलले धेरै मुद्दा बहस पैरवी गर्नुपर्ने वहस र प्रतिरक्षा प्रभावकारी हुन नसकेको, (+२)
- साक्षी बकपत्र गर्न नआउने,
- पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट कसूर पुष्टि हुने प्रमाण नहुने,
- अपराध हुँदाको परिस्थिति, पीडितको अवस्था र संवेदनशीलतालाई ग्रहण नगरेको,
- जबरजस्ती करणी मुद्दामा कानूनको मक्सद र उद्देश्यलाई मनन नगरी केही छिद्रहरूको आधारमा उन्मुक्ति दिने गरेको,
- पीडितको आर्थिक सामाजिक अवस्था कमजोर भएकोले अपराधकर्ताले सोको फाइदा लिँदै प्रलोभनमा पारी गरेको,
- विना आधार प्रमाण पनि पुनरावेदन गर्ने गरेको,
- विशेषज्ञ डाक्टरको बकपत्र गर्न कठिनाइ, (+१)
- स्थानीय निकायसँग समन्वयको अभाव,
- कसूरभन्दा बढी दाबी लिनु,
- स्वास्थ्य परीक्षण र भौतिक वस्तुको जांच रिपोर्ट प्राय मेल नखाने,
- त्यसैगरि घटनास्थल मुचुल्का पनि केवल कार्यविधि पुरा गर्ने गरि बनाइने गरेको मुचुल्कामा घटनाको यथार्थ विवरण उल्लेख गरको नपाइने।

**१२. समस्या समाधानका लागि सुझाव**

- करणी सम्बन्धी कसूरमा उजुर गर्ने **हदम्याद** धेरै बढी देखिएकोले यसलाई परिमार्जन गरी बढीमा ६ महिनासम्म राख्न उपर्युक्त देखिएको, (+१)
- यौन दुर्व्यवहार, बाल यौन दुर्व्यवहार र ज.क उद्योगको प्रकृति एकै किसिमको देखिने हुँदा ज.क उद्योगमा **स्पष्ट परिभाषा** हुनुपर्ने, (+३)
- जानी नजानी बाल विवाह गरी यौन सम्पर्क गर्नेहरुको हकमा कसूरको अवस्था परिस्थिती हेरी सम्बोधन हुनु पर्ने,
- यस्तो मुद्दा निरन्तर सुनुवाइमा राखी हेर्नु पर्ने भन्ने कानुनी व्यवस्था रहेको र विभागको परिपत्र बमोजिम अभियोगपत्र साथ पीडितलाई बकपत्रको लागि अदालतमा उपस्थिति गराउँदा अदालतले बेवास्ता गरेको देखिँदा सो कुरालाई कानून बनाई सम्बोधन गर्नुपर्ने,
- २१९(३) र (३क) बमोजिमको जरिवाना र कैद सजाय केही घटाउनुपर्ने,
- बालिक महिला र नाबालकबिच हुने करणी लेनदेनको विषय थप गर्नुपर्ने,
- ज.क. उद्योगमा जरिवानाको विषयलाई प्रष्ट पार्नुपर्ने,
- दफा २१९ को उद्योग, दफा २२४ र २२५ बीचको विद्यमान व्यवस्था उस्तै देखिँदा कसूरको विस्तृत व्याख्या गर्नुपर्ने,
- करणीका लागि मञ्जुरी १८ र विवाहका लागि २० वर्ष हुनुपर्ने **(उमेर सम्बन्धी कानून संसोधन)**, (+४)
- दफा २२६-अप्राकृतिक मैथुनको परिभाषा प्रष्ट हुनुपर्ने,
- पीडितको बकपत्र लाई जति सक्दो छिटो अदालतमा रेकर्ड गर्न व्यवस्था गर्नुपर्ने, (+१)
- जबरजस्ती करणी मुद्दा धेरैजसो असफल हुने भएकोले कन्सेन्टको स्पष्ट परिभाषा गर्नुपर्ने कस्तो अवस्थाको तथ्यमा कन्सेन्ट रहेको पुष्टि हुने भनी कानूनमा स्पष्ट व्यवस्था गरिनुपर्ने, (+१)

| क्र. सं. | प्रश्न | जवाफको विकल्प |
|---|---|---|
| | | • वश्यक अवस्थामा गरिएको करणीको सजायको मात्र घटाउनुपर्ने,<br>• झुट्टा बकपत्र गर्ने साक्षीलाई सजाय हुने व्यवस्थाले स्वतन्त्र, निष्पक्ष न्याय दिने प्रक्रियालाई प्रभावित पार्ने हुँदा सो व्यवस्था हटाइनुपर्ने,<br>• Romeo Juliet law लाई समयानुकूल स्थान दिनुपर्ने र LGBTIQ उपर भएको जबरजस्ती करणी सम्बन्धमा कानूनको संशोधन गर्नुपर्ने, |

## अनुसूची – ३

# सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अध्ययनको तालिका

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ७६६४ | मिति २०५४।०५।२९ भान्सा कोठामा **पीडित कै घर - १** | जाहेरवाला स्वयम पीडित **आफैं - १** | वर्ष २७ **२० वर्ष माथि - १** | ठगा चौधरी **नाता नपर्ने १** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. र क्षतिपूर्ति जबरजस्ती करणी १ | मिति २०६२।०९।२५ पीडितको शरीरमा संघर्षका चिन्नहरु नहुनु **८ वर्ष भित्र फैसला भएको** | उल्टी **सफाइ -१** | आरोपित कसूरमा नै साविती (confession) हुनु र सम्वद्ध तथ्यलाई सम्म स्वीकार गर्नु (Admission) पृथक कुरा हुने। तथ्यको स्वीकारोक्तीलाई नै साविती सरह निजको विरुद्ध प्रमाणमा ग्रहण गर्न नमिल्ने। **प्रमाण नलाग्ने- १** |
| २. | ७९२३ | जंगलको खोल्सीमा मिति २०६१।०७।०५ **जंगल - १** | आमा र छोरी **नाताको - १** | वर्ष ७ **१० वर्ष मुनि - १** | अर्जुन वहादुर पाण्डे उमेर २३ वर्ष **नाता नपर्ने - २** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. र क्षतिपूर्ति जबरजस्ती करणी २ | मिति २०६४।१०।०९ जाहेरवाला तथा पीडितको बकपत्र प्रतिवादीको, बयान स्वास्थ्य परीक्षण प्रतिवेदन **३ वर्ष** | सदर **कसूर कायम- १** | जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभूत गवाह हो। निजले अनुसन्धान अधिकारी तथा अदालत समक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रुपमा लिनुपर्ने। **प्रमाण लाग्ने- १** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | ८६९५ | जंगल<br>मिति<br>२०६३।०८।१५<br>**जंगल - २** | आमा छोरी<br>**नाताको - २** | ८ वर्ष<br>**१० वर्ष मुनि - २** | रामहरी लामिछाने<br>**नाता नपर्ने - ३** | जबरजस्ती करणीको महलको ३(१) नं, र क्षतिपूर्ति<br>**जबरजस्ती करणी - ३** | मिति २०६८।०३।२३ जाहेरी दरखास्त, घटनास्थल, मुचुल्का तथा शारीरिक जाँच प्रतिवेदन, अनुसन्धानको साविती बयान, पीडितको बकपत्र, ५ वर्ष | सदर<br>**कसूर कायम - २** | जाहेरी दरखास्त घटनाको सम्बन्धमा उजूरी वा प्रथम सूचना भएकोले यदि जाहेरी नैं नपरे पनि घटनाको बारेमा जानकारी हुन आएमा प्रचलित कानूनी व्यवस्था बमोजिम प्रहरीले आफै पनि अनुसन्धान गर्नसक्ने अवस्था रहेकोले केवल जाहेरी तुरुन्त नदिएको भन्ने मात्र आधारमा अपराधको गाम्भीर्यताको न्यून मूल्याङ्कन गर्न नमिल्ने।<br>म्याद/ हदम्याद - १ |
| ४. | ९०६५ | २०६५।९।२२<br>**जंगल - ३** | आमाको जाहेरी<br>**नाताको - ३** | वर्ष ११ की कमला कुमारी साउद<br>१४ वर्ष मुनि - १ | वर्ष २१ को वीर बहादुर परियार<br>**नाता नपर्ने - ४** | जबरजस्ती करणीको महलको ३(२) नं र क्षतिपूर्ति र ज्यान सम्बन्धीको १५ नं. समेत<br>**जबरजस्ती करणी - ४** | २०६९।१०।१७, कन्याजाली नच्यातिएको भए पनि पीडितको टाउको समेतमा भएको चोट, पीडित एवं मौकामा बुझिएकाको बकपत्र र प्रतिवादीको साविती<br>**४ वर्ष** | सदर<br>कसूर कायम - ३ | नाबालिकालाई करणी गरेकोमा जबरजस्ती करणीको कसूर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्व शर्तको रूपमा लिन मिल्दैन। Hymen is intact भएको अवस्थामा पनि ज.क. को कसूर स्थापित हुन सक्ने।<br>**कसूर र सजाय कायम हुने नहुने १** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | ९२२७ | मिति २०६३।०१।१६ गते चिया वगानमा<br>**सार्वजनिक स्थान १** | आमा र छोरी<br>**नाताको -४** | वर्ष १३<br>**१४ वर्ष मुनि - २** | चन्दन कामती<br>**नाता नपर्ने - ५** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. को आधारमा ऐ को ५ नं बमोजिम<br>**जबरजस्ती करणी उद्योग १** | मिति २०७१।०३।२३ प्रतिवादीको अनुसन्धानको साविती बयान पीडित तथा प्रत्यक्षदर्शीको बकपत्र<br>**८ वर्ष** | सदर<br>**कसूर कायम - ४** | **जबरजस्ती करणीको उद्योगमा जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारी करणीको प्रयास भएको हुन्छ। यसमा सङ्घर्षका चिह्न वा लक्षण देखिन पनि सक्दछ, नदेखिन पनि सक्दछ। तर यसको विपरीत आसय करणीमा सङ्घर्षका चिह्नहरू वा लक्षणहरू देखिँदैन। यसमा स्त्री जातिको कुनै पनि अङ्गमा करणीको आसयले स्पर्श, समातेको सम्म हुनुपर्ने देखिन्छ। जबरजस्ती गरेको लक्षण जबरजस्ती करणीको उद्योगमा मात्र हुन सक्ने।**<br>**कसूर र सजाय कायम हुने नहुने - २** |
| ६. | ९३३५ | मिति २०६४।०९।१७ गते होटलको कोठामा<br>**सार्वजनिक स्थान -२** | जाहेरवाला स्वयम पीडित<br>**आफै - २** | २० वर्ष भन्दा माथि<br>**२० वर्ष माथि - २** | यादव प्रसाद घिमिरे<br>**नाता नपर्ने - ६** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. र क्षतिपूर्तिको<br>**जबरजस्ती करणी - ५** | मिति २०७१।०९।०३ पीडितको अदालतको बकपत्र प्रतिवादीको अनुसन्धानको बयान वारदात हुँदाको परिस्थिति र परिवेश ७ वर्ष | उल्टी<br>**कसूर कायम - ५** | प्रतिवादीले पीडितलाई जागिरको प्रलोभन दिएको देखिन्छ। निजबाट सामान्य प्रतिरोध र गुजारिश (अनुनय विनय) गर्ने काम भएकै छ। पीडितबाट कसरी असहमति व्यक्त हुनुपर्छ, पीडितको असहमति आम समुदायले बुझ्ने गरी नै व्यक्त हुनुपर्छ भन्न मिल्दैन। पीडितबाट अनजान ठाउँमा आफू एक्लै र असुरक्षित अवस्थामा रातिमा भएको यो वारदातमा भएको त्यो हदसम्मको प्रतिक्रिया स्वाभाविक नै छ। त्यसलाई प्रमाणमा लिन नहुने कारण छैन।<br>**सहमति नमानिने -१** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | ९३४६ | २०६४।५।२६<br>प्रतिवादीको घर - १ | आमा र छोरी<br>**नाताको -५** | वर्ष १४<br>**१६ वर्ष मुनि - १** | लोक वहादुर सार्की, लक्ष्मी माया वि.क,, किशोर विश्वकर्मा र भुमा विश्वकर्मा<br>**नाता नपर्ने - ७** | मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ङ)(१) तथा जबरजस्ती करणीको महलको ३(३) नं. एवं ३क नं र क्षतिपूर्ति<br>**सामूहिक ज.क. -१** | मिति २०७१।१०।१९ पीडितको मौकाको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइरहेको<br>**७ वर्ष** | सदर<br>**कसूर कायम -६** | पीडितको उमेर १४ वर्ष रहेभएको अवस्थामा बालिकासँग भएको विवाहलाई वैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानूनसम्मत नभई जबरजस्ती करणी भएको मानिने।<br>**सहमति नमानिने - २** |
| ८. | ९६२३ | २०६७।१०।२८<br>खेतवारी – १ | **बाबुको जाहेरी**<br>**नाताको - ६** | १४ वर्ष<br>**१६ वर्ष मुनि - १** | अमर बहादुर बोगटी<br>**नाता नपर्ने - ८** | जबरजस्ती करणीको महलको ३(३) नं बमोजिम सजाय र क्षतिपूर्ति<br>**जबरजस्ती करणी** | २०७३।१।१५<br>जाहेरी, बकपत्र, प्रतिवादीको बयान समेत<br>**५ वर्ष** | सदर<br>**कसूर कायम - ७** | नाबालिकालाई करणी गरेको फछिल्लो मितिबाट हदम्याद गणना हुने, जाहेरी ढिलो पुर्‍यो भन्दैमा जबरजस्ती करणीको वारदात स्थापित नहुने भनी मान्न नमिल्ने,<br>**म्याद / हदम्याद - २** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | ९६८४ | मिति २०६७।११।२२ प्रतिवादीको घर<br>**प्रतिवादीको घर - २** | जाहेरवाला स्वयम पीडित<br>**आफैं -३** | वर्ष १४<br>**१६ वर्ष मुनि -३** | लाक्पा शेर्पा र सागर शेर्पा<br>**नाता नपर्ने - ९** | मानव वेचविखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ङ)(२) तथा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. एवं ३क नं र क्षतिपूर्तिको दाबी लिएको ।<br>**सामूहिक ज.क. - २** | मिति २०७३।०५।१६ गते पीडितको अदालतको बयान तथा बकपत्र<br>**६ वर्ष** | सदर<br>**कसूर कायम -८** | कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ ।<br>**कसूर र सजाय कायम हुने नहुने ३** |
| १०. | ९६९६ | जंगलमा मिति २०६५।०१।२९<br>**जंगल - ४** | पीडित स्वयम जाहेरवाला<br>**आफै - ४** | १४ वर्ष<br>**१६ वर्ष मुनि - ४** | जनक श्रेष्ठ<br>**नाता नपर्ने - १०** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं.क्षतिपूर्तिको दाबी<br>**जबरजस्ती करणी - ७** | मिति २०७२।११।०४ पीडितको शारीरिक परीक्षण प्रतिवेदन पीडितको अदालतको बकपत्र<br>**८ वर्ष** | सदर<br>**कसूर कायम - ९** | लामो समयदेखि जाहेरवालीलाई जबरजस्ती करणी गर्दै आई रहेको भन्ने श्रृंखलाबद्ध कसूर अपराधको कडीको रूपमा रहेको र प्रत्येक पटकको उक्त आपराधिक कार्य दण्डनीय हुन्छ । सो वारदात कानूनको हदम्याद भित्र न्यायिक प्रक्रियामा आउन सक्ने नै हुँदा पछिल्लो पटकको कसूरको मितिलाई आधार मानी मुद्दा दायर भएकोमा हदम्याद भित्रै भएको मानिने ।<br>**म्याद/ हदम्याद - ३** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | ९७६५ | मिति २०६८।०४।२८ होटलमा **सार्वजनिक स्थान - ३** | भाउजू र नन्द **नाता भित्रको -७** | २० वर्ष भन्दा बढी अपांग **२० वर्ष माथि -३** | रामेश्वर श्रेष्ठ **नाता नपर्ने -११** | जबरजस्ती करणीको महलको ३(५) नं. एवं ३क नं र क्षतिपूर्तिको दाबी लिएको। **अपांगलाई ज.क. १** | मिति २०७३।०४।२४ पीडितको बकपत्र निजको स्वास्थ्य परीक्षण प्रतिवेदन अनुसन्धानको बयान **५ वर्ष** | उल्टी **दाबी परिवर्तन - १** | जबरजस्ती करणीको महलको ३(क) नं. को कानूनी व्यवस्थामा उल्लेख भएको थप सजाय केवल जबरजस्ती करणी गर्नेलाई मात्र हुने भनी स्पष्ट रूपमा उल्लेख भएकोबाट जबरजस्ती करणीको उद्योगको मात्र कसूरमा सो ३(क) नं.अनुसार अपाङ्ग समेतलाई जबरजस्ती करणी गर्दा हुने थप सजायको आधा सजाय समेत थप गरी कैद सजाय गर्न मिल्ने नदेखिने। **कसूर र सजाय कायम हुने नहुने ४** |
| १२. | ९८६३ | जंगल मिति २०६९।१०।०६ **जंगल - ५** | आमा र छोरी **नाता भित्रको - ८** | वर्ष १२ सामूहिक **१४ वर्ष मुनि - ३** | कमल चौधरी र प्रेम चौधरी **नाता नपर्ने - १२** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. र क्षतिपूर्तिको दाबी **सामूहिक ज.क. - ३** | मिति २०७३।१२।०२ पीडितको शारीरिक परीक्षण प्रतिवेदन पीडितको अदालतको बकपत्र **४ वर्ष** | सदर **कसूर कायम - १०** | जाँच प्रतिवेदन प्राप्त भएपछि अनुसन्धानको क्रममा पीडित एउटा उमेर देखाउने अनि जाँच गर्ने मेडिकल बोर्डबाट कसूरको सम्बन्धमा पीडितले देखाएभन्दा फरक देखाएपछि सो उमेर के हो भनी यकिन गरी अनुसन्धान गर्ने पक्षले पीडतको उमेरबारे यकिन गरी अभियोग दायर गर्नुपर्ने हो। सो विशेषज्ञले उल्लेख गरेको उमेर र पीडितले उल्लेख गरेको उमेरबारे मौकामा नै थाहा पाई अनदेखा गरी त्यसतर्फ केही उल्लेख नगरी सो पत्र मिसिल संलग्न राखी अभियोगपत्र दायर गरेको अवस्थामा न्यायकर्ताले न्याय सम्पादन गर्ने कार्यमा उक्त पत्र सम्बन्धमा यकिन गर्न नपाउने भन्ने नहुने। **उमेरको निर्धारण - १** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| १३. | ९८७२ | घरमा सुतेको अवस्थामा मिति २०६५।०३।२९<br>**पीडित कै घर - २** | बाबु र छोरी<br>**नाता भित्रको - ९** | वर्ष १५<br>**१६ वर्ष मुनि - ५** | मुकुन्दे लिम्बू पीडित भान्जी नाता पर्ने<br>**नाताको - १** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. एवं हाडनातामा करणी गर्नेको महलको २(२) नं. र क्षतिपूर्ति<br>**हाडनातामा ज.क - १** | मिति २०७३।०८।१४ पीडितको अदालतको बकपत्र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन<br>**९ वर्ष भित्र** | सदर<br>**कसूर कायम ११** | हाडनातामा करणी भएको तर जबरजस्ती करणीको कसूर नभएको अवस्था र हाडनाताकी स्वास्नी मानिसको जबरजस्ती करणी भएको कसूरको अवस्था र प्रकृति नै फरक भएको हुँदा जबरजस्ती करणीको कसूरमा पीडित हाडनाताकी स्वास्नी मानिस भएमा अनुसन्धान हुँदा खेरी नै हाडनातातर्फको सजायसमेत थपी अभियोग लगाउनुपर्ने ।<br>**कसूर र सजाय कायम हुने नहुने ५** |
| १४. | ९८७९ | पीडितको आफ्नै घर कोठमा मिति २०६४।०५।२१<br>**पीडित कै घर - ३** | जाहेरवाला स्वयम पीडित<br>**आफै - ५** | २० वर्ष भन्दा माथि<br>**२० वर्ष माथि - ४** | वासुदेव साउद<br>**नाता नपर्ने - १३** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. र क्षतिपूर्तिको दाबी<br>**जबरजस्ती करणी - ८** | मिति २०७४।०४।२२ पीडितको शारीरिक परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्र पीडितको अदालतको बकपत्र<br>**१० वर्ष भित्र** | उल्टी<br>**कसूर कायम - १२** | जबरजस्ती करणीको कसूर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्त्व हुनु अनिवार्य हुन्छ । जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्था । यस्ता आधारभूत तत्त्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसूर स्थापित हुने ।<br>**कसूर र सजाय कायम हुने नहुने ६** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | १००१९ | मिति २०७२।०२।२१ विद्यालयको लाइब्रेरीमा सार्वजनिक स्थान ४ | हजुरआमा र नातिनी, काका र भतिजी, दिदी र वहिनी (पीडितहरु ३ जना रहेका) **नाताको १०** | वर्ष ६ का दुई जना र वर्ष ९ को १ जना **१० वर्ष मुनि ३** | बम वहादुर खत्री नाता नपर्ने १४ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. एवं ९क र क्षतिपूर्तिको दाबी लिएको। अप्राकृतिक मैथुन १ | मिति २०७४।११।०६ प्रतिवादीको अनुसन्धानको बयान पीडितहरुको अदालतको बकपत्र ३ वर्ष | सदर कसूर कायम १३ | पुरूषको लिङ्ग महिला एवं स्त्रीको योनीमा प्रवेश गराउने क्रियादेखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरूषको लिङ्ग खेलाउन लगाउने, लिङ्ग चुसाउने, लिङ्गलाई योनी बाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रियागर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिकाकेटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औंला छिराउनेआदि जस्ता क्रिया नै अप्राकृतिक मैथुनको कसूर गरेको मानिन जाने। पुरूष वा महिला नाबालक भनी उल्लेख नगरेबाट दुवै लिङ्गका नाबालकलाई बुझ्नुपर्ने र यस्ता नाबालक उपर गरेको अस्वाभाविक यौन क्रियाकलापलाई अप्राकृतिक मैथुनको दर्जामा राखेको पाइने। **कसूर र सजाय कायम हुने नहुने ७** |
| १६. | १००५४ | आफ्नै घर कोठामा मिति २०७१।०६।२१ **पीडितको घर ५** | आमा छोरी **नाताको ११** | वर्ष १४ **१६ वर्प मुनि ३** | चन्द्र वहादुर गुरुङ पीडित छोरी नाता पर्ने **नाताको २** | जबरजस्ती करणीको महलको ३(३) नं. एवं हाडनातामा करणी गर्नेको महलको १ नं. र क्षतिपूर्ति, **हाडनातामा ज.क. २** | मिति २०७५।०२।०२ जाहेरवाला तथा पीडितको अदालतमा गरेको विपरीत बकपत्र प्रतिवादीको अदालतको इन्कारी बयान **४ वर्ष** | सदर। सफाइ २ | अनुसन्धान अधिकारी समक्ष भएको बयान वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित हुनु आवश्यक हुन्छ। वस्तुनिष्ठ प्रमाणबाट त्यस्ता बेहोराहरू पुष्टि हुन सकेन भने त्यस्तो जाहेरी दरखास्त र अनुसन्धान अधिकारी समक्षको बयानको बेहोरालाई थप प्रमाणहरूका रोहमा पनि विश्लेषण गर्नु आवश्यक हुने। **प्रमाण नलाग्ने २** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| १७. | १०१३२ | मिति २०६६।०३।०४<br>पीडितको घर ६ | श्रीमान् र श्रीमती<br>नाताको १२ | वर्ष १५<br>**१६ वर्ष मुनि ७** | कन्थे भन्ने कर्ण वहादुर साउद<br>**नाता नपर्ने १५** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. र क्षतिपूर्तिको दाबी।<br>**जबरजस्ती करणी ९** | मिति २०७४।११।१३ पीडितको मौकाको कागज र जाहेरी दरखास्त, अनुसन्धान तथा अदालतको सावित्री बयान समेतले पीडितले अदालतमा गरेको Hostile बकपत्रलाई खण्डित गरेको। **९ वर्ष** | उल्टी<br>कसूर कायम १४ | कुनै व्यक्तिले आफू कुनै अपराधबाट पीडित भएको भनी जाहेरी दिन्छ र सोको आधारमा राज्यका जिम्मेवार निकायहरूबाट अनुसन्धान र अभियोजन भई सक्षम अदालत समक्ष मुद्दासमेत दायर भइसकेको अवस्थामा अदालतमा जाहेरी दिने व्यक्ति वा पीडितले प्रतिकूल बकपत्र गर्छ भने सोको आधारमा मात्र उक्त अपराध घटेको थिएन भनी निष्कर्षमा पुग्न नमिल्ने।<br>**प्रमाण लाग्ने २** |
| १८. | १०१६५ | मिति २०६७।१०।२६ घर कोठामा<br>**पीडितको घर ७** | बाबु र छोरी<br>**नाताको १३** | वर्ष ४<br>**१० वर्ष मुनि ४** | अशोक श्रेष्ठ<br>नाता नपर्ने १६ | जबरजस्ती करणीको महलको ३(१) नं. र क्षतिपूर्तिको दाबी लिएको।<br>**जबरजस्ती करणी १०** | मिति २०७४।०८।१२ पीडित तथा जाहेरवालाको अदालतको बकपत्र प्रत्यक्षदर्शी पीडितको दिदीको बकपत्र<br>७ वर्ष | उल्टी<br>**कसूर कायम १४** | अत्यन्त कलिलो उमेर अवस्था भएको बालिकाको हकमा जबरजस्ती करणी गर्दा वयस्क महिलासँगको सम्बन्धमा जस्तो लिङ्ग सजिलैसँग प्रवेश नहुने भएकाले त्यस्तोकलिलो उमेरका बालिकाको योनी बाहिर लिङ्ग दली/रगडी वीर्य स्खलन गरेकोलाई करणी नभई उद्योग मान्न नसकिने।<br>**कसूर र सजाय कायम हुने नहुने ८** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| १९. | १०१७२ | मिति २०६९।१२।२१ घरमा<br>**पीडितको घर ८** | बाबु र छोरी<br>**नाताको १४** | वर्ष १७<br>**१८ वर्ष मुनि १** | गोपाल राना<br>**नाता नपर्ने १७** | जबरजस्ती करणीको महलको ३(४) नं. र क्षतिपूर्तिको दाबी लिएको।<br>**जबरजस्ती करणी ११** | मिति २०७३।०५।२३ प्रतिवादीको अनुसन्धान तथा अदालतमा इन्कारी बायन पीडितको किटानी बकपत्रलाई निजको स्वास्थ्य परीक्षण प्रतिवेदनले पुष्टि नगरेको<br>४ वर्ष | सदर<br>सफाइ ३ | पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भन्दैमा जबरजस्ती करणी ठहर हुन सक्ने अवस्था हुँदैन। सो कुरा मिसिल संलग्न स्वतन्त्र सबुद प्रमाणबाट तथ्यगत रूपमा पुष्टि हुन सक्नु पर्दछ। कन्याजाली फाटेको भन्ने तथ्यले जबरजस्ती करणी गरेको तथ्य स्थापित गर्न सहयोग पुग्ने भएपनि अन्य स्वतन्त्र प्रमाणहरूबाट सो कुरा पुष्टि नभएसम्म कन्याजाली फाटेकै आधारमा जबरजस्ती करणी भएको भनी निष्कर्षमा पुगी हाल्न मनासिब नहुने।<br>**प्रमाण नलाग्ने ३** |
| २०. | १०१९८ | जंगलमा मिति २०७०।०१।१९<br>जंगल ५ | जाहेरवाला स्वयम् पीडित<br>आफैं ६ | २० वर्ष भन्दा माथि<br>२० वर्ष माथि ५ | भीम वहादुर नेपाली पीडित भाइ बुहारी नाता पर्ने<br>नाताको ३ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. एवं हाडनातामा करणी गर्नेको महलको २ नं. र क्षतिपूर्तिको दाबी।<br>**हाडनातामा ज.क. ३** | मिति २०७५।०२।०९ प्रतिवादीको अनुसन्धानको बयान पीडितको अदालतको बकपत्र।<br>६ वर्ष | सदर<br>कसूर कायम १५ | रातको समयमा जाहेरवालीको घरमा गई बन्द ढोका फोरी जबरजस्ती पीडितको घरभित्र प्रवेश गरी आफ्नै भाइबुहारी नाताकी स्वास्नी मानिस (पीडित) लाई जबरजस्ती तानी जङ्गलमा लगी क्रूर प्रकारले जबरजस्ती करणी गरेको पुष्टि हुन आएको अवस्था हुँदा निजलाई न्यूनतम सजाय मात्र नहुने।<br>**कसूर र सजाय कायम हुने नहुने ९** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| २१. | १०२९२ | मिति २०६८।१२।२४ खोला किनारमा<br><br>सार्वजनिक स्थान ५ | दुई जना जाहेरवाला रहेको जाहेरवालाहरु स्वयम पीडितहरु **आफै - ७** | वर्ष १२ र वर्ष १४<br><br>**१४ वर्ष मुनि ४** | दिपक वि.क. र राजेश वि.क.<br><br>नाता नपर्ने १७ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. एवं ३(३) नं. र क्षतिपूर्तिको दाबी। **सामूहिक ज.क. - ४** | मिति २०७५।०३।०८ पीडितको बकपत्र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ७ वर्ष | उल्टी<br><br>कसूर कायम १६ | नाबालिकाहरूको शारीरिक अवस्था अविकसित यौनाङ्ग, अपरिपक्क मानसिक अवस्था र प्रतिरोध गर्ने क्षमता नहुने र सजिलैसँग जुलुमीको अनुचित बहकाउ एवं फन्दामा पर्न सक्ने स्वभावका हुनाले नाबालिकाको सहमति एवं स्वीकृति लिएपनि करणी गरेकोमा जबरजस्ती करणी ठहर्ने।<br>**सहमति नमानिने ३** |
| २२. | १०३३२ | भान्सा कोठा मिति २०७०।०३।२९<br><br>**पीडितको घर ९** | दाजु बहिनी<br><br>**नाताको १५** | १४ देखि १६ वर्ष, सामूहिक<br><br>**१६ वर्ष मुनि ८** | साइला भन्ने मान कुमार थामी<br><br>**नाता नपर्ने १८** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. ३क नं. र क्षतिपूर्तिको दाबी<br><br>**सामूहिक ज.क. ४** | मिति २०७६।१।२२ अनुसन्धानको साविती बयान पीडितको बकपत्र ५ वर्ष | सदर<br><br>**कसूर कायम १७** | घटनाको तत्कालै जाहेरी नपरेको भन्ने आधारमा मात्र कानूनले निर्धारण गरेको हदम्यादभित्र परेको जाहेरी दर्खास्तलाई अन्यथा भन्न नमिल्ने।<br>**म्याद/ हदम्याद ४** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| २३. | १०४४३ | मिति २०७०।०१।०५ बारीमा खेत बारी २ | बाबु र छोरी<br><br>**नाताको १६** | वर्ष ४<br><br>**१० वर्ष मुनि ५** | दिपक गुरुङ नवराज वस्ती र सुमन श्रेष्ठ<br><br>**नाता नपर्ने १९** | जबरजस्ती करणीको महलको ३(१) नं. एवं ४ नं र क्षतिपूर्तिको दाबी लिएको।<br><br>**जबरजस्ती करणी १२** | मिति २०७६।०८।१८ गते पीडितको अदालतको बकपत्र निजको शारीरिक परीक्षण प्रतिवेदन पीडितको कट्टुमा भेटिएको वीर्य ६ वर्ष | उल्टी<br><br>कसूर कायम १८ | करणीको कसूरमा हुनुपर्ने अन्य कुराहरूको विद्यमानता भएपछि पीडितको योनीलाई लिङ्गले नै छोएको हो वा शरीरको अन्य अङ्गले छोयो भन्ने कुरा करणीको विधिशास्त्रीय मान्यतामा गौण विषय हुने। पीडितको योनीमा घर्षण समेत भएको कुरा योनी रातो भई सुन्निएको भन्ने बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदनबाटै पुष्टि भइरहेको अवस्था हुँदा एकान्त कोठामा लगी बालिकाको कट्टुसमेत खोली, शरीरमा चढी, यौनाङ्ग चलाई खेलाई गरी घोची कसूरदारको एकपक्षीय चाहनामा वीर्य स्खलन गराई प्रतिवादी तृप्त भई विश्राम लिएको तथ्य स्थापित भएको देखिँदाको कार्य आफैँमा करणीको कसूर हो भन्नलाई पर्याप्त हुने। **कसूर र सजाय कायम हुने नहुने १०** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| २४. | १०५२० | मिति २०७४।१०।१६ गते पीडित सुत्ने कोठामा पीडितको घर १० | आमा र छोरी नाताको १७ | **१८ वर्ष मुनि २** | हिमराज खड्का जाहेरवालाको प्रतिवादी नन्दे भाइ नात पर्ने र पीडित भतिजी नाता पर्ने **नाताको ४** | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (४) नं. र क्षतिपूर्तिको दाबी। जबरजस्ती करणी १३ | मिति २०७६।११।०७ प्रतिकूल बकपत्र, इन्कारी बयान पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले जाहेरी पुष्टि नहुनु ३ वर्ष | सदर सफाइ ४ | स्वास्थ्य परीक्षण तथा अन्य सबुद प्रमाणबाट प्रमाणित नभएको तथा पीडित र जाहेरवाली दुवै जनाले अदालतमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी प्रतिकूल बकपत्र गरेको अवस्थामा वस्तुनिष्ठ ठोस प्रमाणको अभावमा केवल किटानी जाहेरी दरखास्तको आधारमा मात्रै प्रतिवादीले आरोपित जबरजस्ती करणीको कसूर गरेका हुन् भनी विश्वास गर्न नसकिने। **प्रमाण नलाग्ने ४** |
| २५. | १०५६४ | मिति २०७४।१०।०१ नयाँ वन्दै गरेको अरु नै मानिसको घरमा **सार्वजनिक स्थान ६** | आमा र छोरी नाताको १८ | वर्ष ७ १० वर्ष मुनि ६ | विरेन्द्र कुमार तामाङ नाता नपर्ने २० | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. र क्षतिपूर्तिको दाबी। **जबरजस्ती करणी १४** | मिति २०७७।०२।१८ बकपत्र बाँझिएको, पीडितको भनाईलाई स्वास्थ्य परीक्षण प्रतिवेदनले पुष्टि नगरेको प्रतिवादीको अदालतको इन्कारी बयान, ३ वर्ष | सदर सफाइ ५ | जाहेरवाली तथा पीडितको एकआपसमा बाझिरहेको बकपत्रमा उल्लिखित कथनहरूले जाहेरी बेहोरा तथा अभियोग दाबीलाई खण्डित गरिरहेको देखिन्छ। जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी अभियोगमा पीडित तथा जाहेरवालीको यस्तो परस्पर विरोधी कथनलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन। **प्रमाण नलाग्ने ५** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| २६. | १०७०१ | मिति २०७१।०२।२९ उखुवारी **खेत बारी ३** | आमा र छोरा<br>नाता भित्रको १९ | वर्ष ८<br>१० वर्ष मुनि ७ | उपेन्द्र मुखिया विन मनोह मुखिया विन र सोनालाला मुखिया विन नाता नपर्ने २१ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. एवं ३क तथा ९क क्षतिपूर्ति सामूहिक अप्राकृतिक मैथुन २ | मिति २०७७।३।१७ पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र निजको बकपत्र **६ वर्ष** | सदर<br>कसूर कायम १९ | जबरजस्ती करणी महलको ३क नं. को कानूनी व्यवस्थामा पनि किटेर नै महिलाभन्ने शब्द उल्लेख भएको छ। विधायिकाले यो व्यवस्थामा महिला त्यसमाथि पनि अशक्त, अपाङ्ग र गर्भवती भन्ने शब्द प्रयोग गरेकाले यो व्यवस्था महिलाको सन्दर्भमा मात्र केन्द्रित भएको देखिने। अप्राकृतिक मैथुनमा ३क को थप सजाय नहुने।<br>**कसूर र सजाय कायम हुने नहुने ११** |
| २७. | १०७०७ | मिति २०७३।१०।१५ पीडितको घर कोठामा **पीडितको घर ११** | बाबु र छोरी<br>नाता भित्रको २० | वर्ष २८ बौद्धिक अपांगता<br>२० वर्ष माथि ६ | गोविन्द राजवंशी<br>नाता नपर्ने २२ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. एवं ३क नं र क्षतिपूर्ति, अपांगलाई ज.क. २ | मिति २०७८।०३।२० गते पीडितको बकपत्र ५ वर्ष | सदर<br>कसूर कायम २० | बौद्धिक अपाङ्ग व्यक्तिले आफूले गर्ने कार्य एवं सोको परिणामप्रति सजग नरहने र आफूउपर भएको कुनै आपराधिक कार्यप्रति प्रतिकार गर्ने क्षमताको अभावसमेत हुने हुँदा पीडितले आफ्नो बौद्धिक क्षमताको अभावको कारण कुनैप्रतिकार नगर्दैमा र शारीरिक जाँच प्रतिवेदनमा शरीरमा सोको कुनै चिह्नदेखिएको भन्ने उल्लेख हुँदैमा पीडितका विरूद्ध प्रतिवादीले गरेको जबरजस्ती करणीको कार्यमा पीडितको सहमति थियो भनी मान्नु नमिल्ने।<br>**सहमति नमानिने - ४** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| २८. | १०७७४ | मिति २०७६।०२।२१ जंगलमा **जंगल ६** | आमा र छोरी नाता भित्रको २१ | वर्ष ९ बोल्न नसक्ने १० वर्ष मुनि ८ | अमित कुमाल नाता नपर्ने २३ | अपराध संहिताको दफा२१९(३) (क) नं. र क्षतिपूर्ति, **अपांगलाई ज.क. ३** | मिति २०७८।१०।२३ जाहेरी, बकपत्र, शारीरिक परीक्षण प्रतिवेदन, अनुसन्धानको बयान। ३ वर्ष | सदर कसूर कायम २१ | अपराध संहिता र फौजदारी कार्यविधि संहितामा उल्लेख भएको व्यवस्था अनुसार अभियोगपत्रमा दाबी नगरिएको अवस्थामा अदालतले अनुमानको भरमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ अनुसारको सजायमा छुट दिन सक्ने वा सजाय कम गर्न सक्ने नदेखिने। **कसूर र सजाय कायम हुने नहुने १२** |
| २९. | १०८१९ | मिति २०७४।०१।०२ प्रतिवादीको घर कोठामा **प्रतिवादीको घर ३** | आमा र छोरी नाताको २२ | वर्ष ९ अपांगता १० वर्ष मुनि ९ | मंगले भन्ने थान वहादुर मल्ल नाता नपर्ने २४ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. एवं ३क नं र क्षतिपूर्तिको दाबी। अपांगतालाई ज.क. ४ | मिति २०७८।१०।२० गते पीडितको मौकाको कागज र अदालतको बकपत्र प्रतिवादीको अदालतको बयान पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ५ वर्ष | सदर कसूर कायम २२ | पीडितले बकपत्र गर्दा पीडितको अभिभावकले मौखिक रूपमा पीडित मानसिक रूपमा केही सुस्त रहेको भनेका भरमा स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेखसम्म गरेको आधारमा मात्र पीडित सुस्त मनस्थितिकी अपाङ्ग हुन् भनी प्रतिवादीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नम्बर बमोजिम थप सजाय गर्नु न्यायोचित नदेखिने। **कसूर र सजाय कायम हुने नहुने १३** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ३०. | १०८२२ | मिति २०७३।११।१३ पीडितको घर कोठामा **पीडितको घर १२** | आमा र छोरी नाता भित्रको २३ | वर्ष ६ १० वर्ष मुनि १० | राम गुलाम साह नाता नपर्ने २५ | जबरजस्ती करणीको महलको ३(१) नं. र क्षतिपूर्तिको दाबी लिएको। जबरजस्ती करणी १५ | मिति २०७७।११।२३ पीडितको बकपत्र पीडितको शारीरिक परीक्षण प्रतिवेदन ५ वर्ष | सदर कसूर कायम २३ | कुनै कसूरमा जाहेरी नै नपरे पनि अनुसन्धान गर्ने अख्तियार प्राप्त निकायले सूचनाको आधारमा स्वयं छानबिन तथा अनुसन्धान गरी प्राप्त प्रमाणहरूको आधारमा कसूरदारलाई कानूनी दायरामा ल्याउन सक्ने। हुँदा जबरजस्ती करणीको उद्योगतर्फ जाहेरी परेको भए तापनि जबरजस्ती करणीको कसूरमा अभियोग दर्ता भयो भन्ने विषय न्यायको रोहमा गौण हुने। **कसूर र सजाय कायम हुने नहुने १४** |
| ३१. | १०८६० | मिति २०७०।१२।०३ चौरीमा सार्वजनिक स्थान ७ | बाबु र छोरी नाताको २४ | १० वर्ष मुनि ११ | जगत लामा नाता नपर्ने २६ | जबरजस्ती करणीको महलको ३(१) नं. एवं ९क नं र क्षतिपूर्तिको दाबी लिएको। अप्राकृतिक मैथुन २ | मिति २०७७।०६।१६ गते पीडितको बकपत्र स्वस्थ्य परीक्षण प्रतिवेदन ६ वर्ष | सदर कसूर कायम २४ | कसूरदारको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, कसूरदार पहिचान हुननसकेको वा कसूरदार फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने। **राज्यले क्षतिपूर्ति दिने - १** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ३२. | १०८८६ | मिति २०७३।०५।१९ गते घर कोठा भित्र **पीडितको घर १३** | आमा छोरी<br>नाताको २५ | वर्ष ६<br>१० वर्ष मुनि १२ | शम्भु स्याङतान<br>नाता नपर्ने २७ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. र क्षतिपूर्तिको दाबी।<br>जबरजस्ती करणी १६ | मिति २०७७।११।११ पीडितको अदालतको बकपत्र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन<br>५ वर्ष | सदर कसूर कायम २५ | नाबालिगको शरीरमा सङ्घर्षको चिह्न नभेटिएको भन्ने आधारमा जबरजस्ती करणीको कसूर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिका माथि हुने यौनजन्य कसूरबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आईसमाजमा यस्ता घटनाले प्रश्रय पाउने। कलिलो उमेरका नाबालिगलाई गरेको करणीमा सङ्घर्षको चिह्न हुनु आवश्यक नहुने, यस्तोमा करणी गरेको देखिनु नै पर्याप्त हुने।<br>**प्रमाण लाग्ने ४** |
| ३३. | १०९०० | मिति २०७३।०७।११ मिनी मार्केटको सटर कोठा भित्र सार्वजनिक स्थान ८ | बाबु र छोरी<br>नाताको २६ | वर्ष ५<br>१० वर्ष मुनि १३ | रेशम वहादुर नेपाली<br>नाता नपर्ने २८ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. र क्षतिपूर्तिको दाबी। जबरजस्ती करणी १७ | मिति २०७८।०९।०२ गते पीडितको बकपत्र<br>६ वर्ष | सदर कसूर कायम २६ | प्रतिवादीले पीडितको शरीरमा कहीँकतै कोतरिएको छैन भनी पीडितसँग करणी भएकोभए निजको शरीरमा सङ्घर्षका चिह्न हुनुपर्ने हो भन्नेतर्फ सङ्केत गरेको अवस्थामा पीडित अवोध नाबालिगले प्रतिवादी उपर प्रतिकार गर्न सक्ने अवस्था नै नआउने हुँदा शरीरमा चिथोरिएको कोतरिएको प्रमाणको खोजी गर्नु तर्कसङ्गत नहुने **प्रमाण लाग्ने ५** |

| सि. नं. | निर्णय नं | कसूर भएको स्थान र मिति | जाहेरवाला र पीडितको नाता | पीडितको उमेर र अवस्था | प्रतिवादीको नाम, उमेर र पीडितसँग नाता | अभियोग मागदाबी (संक्षिप्त तथ्य र कानून) | सर्वोच्चको फैसला मिति र मुख्य आधार | तल्लो तहको फैसला सदर/बदर | प्रतिपादित मुख्य सिद्धान्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४. | १०९२९ | जंगलमा मिति २०७०।१०।०६ जंगल ८ | आमा र छोरी नाताको २७ | वर्ष १५ १६ वर्ष मुनि ९ | महेन्द्र श्रेष्ठ र रोजन रेग्मी नाता नपर्ने २९ | मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. एवं ४ नं र क्षतिपूर्तिको दाबी। जबरजस्ती करणी १८ | मिति २०७८।०९।२१ पीडितको मौकाको कागज र अदालतको बकपत्र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन ७ वर्ष | सदर कसूर कायम ११ | जबरजस्ती करणीको मुद्दामा पीडितको बकपत्रलाई महत्त्वपूर्ण प्रमाणकोरूपमा लिइन्छ किन कि यस्तो वारदातमा सामान्यतया चश्मदिद् गवाह कोही नहुने हुँदा जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेकै स्वयं पीडित होभने अर्को कडी पीडितको शारीरिक र योनी परीक्षणको प्रतिवेदनलाई मान्नुपर्ने हुन्छ। बकपत्र गर्दा केही सामान्य कुराहरू फरक पर्दैमा सम्पूर्ण भनाइको विश्वसनीयता नै समाप्त भइहाल्ने पनि होइन। **प्रमाण लाग्ने ६** |
| ३५. | ११०९६ | २०७४।९।१२ खेत बारी ३ | आमाको जाहेरी नातेदार २८ | वर्ष १३ की १४ वर्ष मुनि ५ | नविन चर्माकार नाता नपर्ने ३० | जबरजस्ती करणीको महलको ३(३) र ३क. बमोजिम थप सजाय गरी क्षतिपूर्ति भराउने जबरजस्ती करनी १९ | २०८०।४।२२ नाबालिका लगायत साक्षीको बकपत्र, प्रतिवादीको बयान एवं स्वास्थ्य जाँच प्रतिवेदन **६ वर्ष** | सदर कसूर कायम | राजी खुसी साथ करणी लेनादेना भई गर्भ रहेकोमा सो नाबालिका गर्भवती भएकोमा पुनः मञ्जुरीले करणी गरेकोमा थप सजाय गर्नु उपयुक्त नहुने। **कसूर र सजाय कायम हुने नहुने १५** |